# मत्तीले लेखेको सुसमाचार

### येशूको पारिवारिक इतिहास

*(लूका ३:२३-३८)*

**१** यो येशू ख्रीष्टको पारिवारिक इतिहास हो। उहाँ दाऊदका परिवारबाट आउनु भयो। दाऊद अब्राहामका परिवारका हुन्।

२ अब्राहाम इसहाकका पिता थिए।
इसहाक याकूबका पिता थिए।
याकूब यहूदा र उनका दाजु-भाइहरूका पिता थिए।
३ यहूदा पेरेज र जाराका पिता थिए
(तिनीहरूकी माता तामार थिइन्)।
पेरेज हेस्रोनका पिता थिए।
हेस्रोन आरामका पिता थिए।
४ आराम अमिनादाबका पिता थिए।
अमिनादाब नास्सोका पिता थिए।
नास्सोन सल्मोनका पिता थिए।
५ सल्मोन बोअजका पिता थिए।
(बोअजकी माता राहब थिइन्)।
बोअज ओबेदका पिता थिए।
(ओबेदकी माता रूत थिइन्)।
ओबेद यिस्सीका पिता थिए।
६ यस्सी राजा दाऊदका पिता थिए।
दाऊद शुलेमानका पिता थिए।
(शुलेमानकी माता उरियाकी पत्नी थिइन्)।
७ शुलेमान रोओबामका पिता थिए।
रोओबाम अबियाका पिता थिए।
अबिया आसाफका पिता थिए।
८ आसाफ योसाफातका पिता थिए।
योसाफात योरामका पिता थिए।
योराम ओजियाका पिता थिए।
९ ओजिया योआथामका पिता थिए।
योआथाम आहाजका पिता थिए।
आहाज एजेकियाका पिता थिए।
१० एजेकिया मनस्सेका पिता थिए।
मनस्से आमोसका पिता थिए।
आमोस योसियाका पिता थिए।
११ योसिया याकोनियस र उसका भाइहरूका पिता थिए।
(यो त्यसै समयको कुरा हो जुनबेला यहूदीहरूलाई दासका रूपमा बेबिलोनमा लगिएका थिए)।
१२ तिनीहरूलाई बेबिलोनमा लगिए पछि:
येकोनियास शालतिएलका पिता थिए,
शालतिएल जरूबाबेलका पिता थिए।
१३ जरूबाबेल अबिउदका पिता थिए।
अबिउद एलियाकिमका पिता थिए।
एलियाकिम आजोरका पिता थिए।
१४ आजोर सादोकका पिता थिए।
सादोक आखिमका पिता थिए।
आखिम एलिउदका पिता थिए।
१५ एलिउद एलियाजरका पिता थिए।
एलियाजर मत्थानका पिता थिए।
मत्थान याकूबका पिता थिए।
१६ याकूब यूसुफका पिता थिए।
यूसुफ मरियमका लोग्ने थिए
अनि मरियम येशूकी माता थिइन।
येशूलाई ख्रीष्ट* भनिन्थ्यो।

१७ यसरी अब्राहामदेखि दाऊदसम्म चौध पुस्ताहरू थिए। दाऊदको समय देखि मानिसहरूलाई बेबिलोन पुऱ्याइने बेलासम्म चौध पुस्ताहरू थिए। अनि यहूदीरूलाई बेबिलोनमा लगिएकादेखि ख्रीष्टसम्म चौध पुस्ता थिए।

---

**ख्रीष्ट** मसीह वा परमेश्वरको रूपमा चुनिएको।

## येशू ख्रीष्टको जन्म
*(लूका २:१-७)*

[१८]येशू ख्रीष्टकी आमा मरियमको मङ्गनी यूसुफसंग
भएको थियो। तर तिनीहरूको विवाह हुनु भन्दा अधिनै,
मरियमले थाहा पाइसकेकी थिइन कि तिनी गर्भवती
थिइन्। मरियम पवित्र आत्माको* शक्तिद्वारा गर्भवती
भएकी थिइन्। [१९]मरियमका लोग्ने, यूसुफ एक धार्मिक
मानिस थिए। उनी विवाह हुन अधिनै मरियमलाई
मानिसहरूका माझमा लज्जित बनाउन चाँहदैन थिए।
त्यसैले उनी गोप्य प्रकारले मरियमलाई त्याग गर्ने पक्षमा
थिए।
[२०]तर जब यूसुफले यसो गर्ने विचार लिदाँ, परमप्रभुका
एक दूत उनी कहाँ सपनामा आए। दूतले भने, "यूसुफ,
दाऊदको पुत्र,* मरियमलाई आफ्नी पत्नी स्वरूप ग्रहण
गर्न तिमीले डराउनु पर्दैन। उनको गर्भको शिशु पवित्र
आत्माबाट भएको हो। [२१]उनले एउटा पुत्रको जन्म
दिनेछिन्। तिमीले उनको नाउँ येशू* राख्नू। उनलाई
त्यस्तो नाउँ दिनु, किनभने, उहाँले नै आफ्ना मानिसहरूलाई
तिनीहरूका पापहरूबाट उद्धार गर्नुहुनेछ।"
[२२]अगमवक्ताद्वारा परमप्रभुले बोल्नु भएको वचन पूरा
होस् भनेर यी सब हुन आएका हुन्। [२३]"कन्या गर्भवती
हुनेछिन्, र एउटा पुत्र जन्माउनेछिन्, तिनीहरूले उहाँको
नाउँ इम्मानुएल राख्नेछन्।"* (इम्मानुएलको अर्थ हो
"परमेश्वर हामीसित हुनुहुन्छ।")
[२४]जब यूसुफ निद्राबाट ब्युँझे; प्रभुको दूतले तिनलाई
जे भनेका थिए त्यही गरे। यूसुफले मरियमलाई विवाह
गरे। [२५]तर यूसुफसंग मरियमको कुनै सहबास भएन,
जबसम्म उनले एउटा पुत्रको जन्म दिइनन्। अनि
यूसुफले पुत्रको नाउँ येशू राखिदिए।

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

**दाऊदको पुत्र** दाऊद परिवारको एक व्यक्ति, इस्राएलको दोस्रो राजा, ख्रीष्टपूर्व १००० बर्ष।।

**येशू** येशूको नाउँको अर्थ उद्धारक।

**"कन्या ... राख्नेछन्"** यशैया ७:१४।

## ज्योतिषीहरू येशूलाई भेटन् आउँछन्

**२** यहूदिया भन्ने ठाउँको बेथलेहेम शहरमा येशूको
जन्म भएको थियो। हेरोद* राजा भएका बेलामा
उहाँको जन्म भएको थियो। जब येशूको जन्म भयो
केही ज्योतिषीहरू पूर्वबाट यरूशलेममा आए। [२]ती
ज्योतिषीहरूले मानिसहरूलाई सोधे, "यहूदीहरूका राजा
भएर जन्मेका उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा
पूर्वमा देख्यौं। जसले उहाँ जन्मेका संकेत भयो। हामीले
पूर्वी आकाशमा उदय हुँदै गरेको तारा देख्यौं। हामी
उहाँको उपासना गर्न आएका छौं।"
[३]राजा हेरोदले यहूदीहरूका यी नयाँ राजाको बारेमा
सुने। हेरोद यस घटनाबाट बेचैन बने। अनि यरूशलेमका
सबै बासिन्दाहरूलाई पनि यो समाचारले बेचैन तुल्यायो।
[४]हेरोदले सबै मुख्य यहूदी पूजाहारीहरू र जनताका
शास्त्रीहरूको एउटा सभा बोलाए। उनले तिनीहरूलाई
सोधे, "ख्रीष्टको जन्म कहाँ हुने हो।" [५]तिनीहरूले उत्तर
दिए, "यहूदीयाको बेतलेहेम शहरमा; अगमवक्ताद्वारा
यसबारे वचनमा लेखिएको छ:

[६] 'बेथलेहेम, यहूदाको मुलुक, तिमी यहूदाका
शासकहरूका माझ महान छौ। हो, तिमीबाट
एकजना शासक आउनेछन् अनि जो मेरा
मानिस, इस्राएलको गोठाला हुने छन्।'"
*मिका ५:२*

[७]त्यसपछि हेरोदले पूर्वका ती ज्योतिषीहरूलाई सुटुक्क
बोलाए। हेरोदले तिनीहरूबाट तिनीहरूले प्रथम पटक
तारा देखेको समय ठीकसँग पत्तो गरे। [८]त्यसपछि
हेरोदले ती ज्योतिषीहरूलाई बेथलेहेममा पठाए। हेरोदले
तिनीहरूलाई भने "जाऊ अनि बालकको बारेमा ठीकसँग
पत्तो लगाऊ। जब ती बालकलाई भेट्टाउनेछौ, तब मलाई
खबर गर, र म पनि गएर तिनलाई उपासना गर्नेछु।"
[९]ज्योतिषीहरूले राजाका सबै कुरा सुने अनि गए।
जुन तारा तिनीहरूले पूर्वमा देखेका थिए, फेरि त्यही
तारा तिनीहरूले देखे। ज्योतिषीहरूले तारालाई पछ्याउन
लागे। ती साना बालक भएको ठाउँमा नपुगुञ्जेल त्यो
तारा तिनीहरूको अघि-अघि लाग्यो, र त्यहीं अड़ियो।

**हेरोद** ख्री. पू. ४० देखि ख्री. पू. ४ सम्म यहूदियाको महान शासक।

[१०]तारा देखेर ज्योतिषीहरू अत्यन्तै खुशी भए। [११]तिनीहरू बालक भएको घरमा गए त्यहाँ सानो बालकलाई आफ्नो आमा मरियमसँग देखे। तिनीहरूले शिर निहुराएर बालकलाई दण्डवत गरे अनि आराधना गरे। बालकलाई ल्याइदिएका उपहारहरू तिनीहरूले खोले अनि सुन, धूप र मूर्रका भेटी उनलाई चढ़ाए। [१२]तर परमेश्वरले तिनीहरूलाई तिनीहरूको सपनामा चेतावनी दिनुभयो। परमेश्वरले तिनीहरूलाई "हेरोदकहाँ फर्केर नजाओ" भनी चेतावनी दिनुभयो। त्यसपछि तिनीहरू अर्कै बाटो भएर आफ्नो देशमा फर्किए।

### मातापितासँग येशू मिस्रदेशमा

[१३]ज्योतिषीहरू गएपछि, परमप्रभुका एउटा दूत सपनामा यूसुफकहाँ देखा परे। दूतले भने, "उठ, साना बालक र उहाँकी आमालाई साथमा लिई मिस्रदेशमा भागिहाल। हेरोदले साना बालकलाई खोज्न लागिरहेछ। उसले साना बालकलाई मार्न चाहन्छ। मैले नभने सम्म तिमी त्यहीं बस्नू।"

[१४]अनि यूसुफ उठेर साना बालक र उनको आमालाई साथमा लिई त्यसै बखत मिस्रदेशतर्फ लागे। तिनीहरूले रातीनै घर छोड़े। [१५]हेरोदको मृत्यु नभएसम्म यूसुफ मिस्रदेशमा नै बसे। अगमवक्ताद्वारा परमेश्वरले भन्नु भएको वचन यस तरिकाले पूर्ण भयो। परमेश्वरले भन्नु भयो, "मैले आफ्नो पुत्रलाई मिस्र देशबाट बोलाएँ।"*

### बेतलेहेममा हेरोद्द्वारा ससाना बालकहरूको हत्या

[१६]ज्योतिषीहरूबाट हेरोदले धोका पाएको अनुभव गरे तिनी साहै रिसाए। अनि बेतलेहेम र त्यसका छेउछाउमा भेट्टाएका सबै स-साना बालकहरूलाई मार्ने आदेश दिए। ज्योतिषीहरूबाटै हेरोदले बालक जन्मेको समय पत्ता लगाएका थिए। त्यसबेलादेखि अहिलेसम्म दुइ वर्षको अवधि बितेको थियो। अनि हेरोदले दुइ वर्ष र त्यसदेखि मुनिका सबै बालकहरूलाई मार्न लगाएका थिए। [१७]तब यर्मिया अगमवक्ताद्वारा परमेश्वरले भन्नु भएको वचन सत्य भयो:

[१८] "रामामा एउटा स्वर सुनियो, रूवाबासी र
आलाप-विलापको, राहेलका आफ्ना शिशुहरूका
लागि विलाप थियो; शान्त बन्न तिनले अस्वीकार
गरिन् किनकि, तिनका बालकहरू अब जीवित
थिएनन्।"

*यर्मिया ३१:१५*

### यूसुफ र मरियम मिस्रदेशबाट फर्कन्छन्:

[१९]हेरोद मरेपछि, परमप्रभुका एकजना दूत सपनामा यूसुफकहाँ देखा परे। यो घटना त्यसबेला भयो जब यूसुफ मिस्रदेशमा नै थिए। [२०]स्वर्गदूतले यसो भने, "उठ, अनि साना बालक र उहाँकी आमालाई लिएर इस्राएल जाऊ। बालकलाई मार्न चाहने ती मानिस अहिले मरिसकेका छन्।"

[२१]त्यसपछि यूसुफ उठे, बालक साथै आमालाई लिएर इस्राएलतर्फ आए। [२२]तर यूसुफले यहूदियामा वर्त्तमान अर्खिलाउस राजा भएको कुरो सुने। आफ्नो बाबु हेरोदको मृत्युपछि अर्खिलाउस राजा भए। त्यसैले त्यहाँ जान यूसुफ डराए। सपनामा पनि तिनलाई चेतावनी भयो। त्यसपछि तिनले त्यो ठाउँ छाड़े अनि गालीलीको इलाकामा गए। [२३]यूसुफ नासरत भन्ने ठाउँमा पुगे अनि त्यतै बस्न लागे। यसरी अगमवक्ताद्वारा बोलिएको बचन सत्य भयो। परमेश्वरले भन्नुभयो कि "ख्रीष्टलाई नासरी* भनिने छ।"

### बप्तिस्मा दिने यूहन्नाको कार्य

*(मर्कूस १:१-८; लूका ३:१-९, १५-१७; यूहन्ना १:१९-२८)*

**३** त्यसै समयमा बप्तिस्मा दिने यूहन्ना देखापरे। अनि यहूदियाको मरूभूमिमा प्रचार गर्न थाले। [२]तिनले भने, "पश्चाताप गर, आफ्नो हृदय र रहन-सहन परिवर्त्तन गर, किनभने चाँड़ै स्वर्गको राज्य आउन लागेको छ।" [३]बप्तिस्मा दिने यूहन्ना उही हुन् जसको विषयमा यशैया अगमवक्ताद्वारा यसो भनेका छन्। यशैयाले भनेका थिए:

"मरूभूमिमा एकजना कराइरहेछन्, 'परमप्रभुको
बाटो तयार पार; उहाँको मार्गहरू सोझ्याऊ।'"

*यशैया ४०:३*

---

**"मैले … बोलाएँ"** होशे ११:१।

**नासरी** नासरी नगरको एकजना व्यक्ति, सम्भवत नाम "हाँगा" अथवा "शाखा"। हेर्नोस यशैया ११:१।

[४]यूहन्नाको लुगाफाटा ऊँटको रौंको बनिएको थियो।
तिनको कम्मरमा छालाको पेटी थियो। तिनको आहार
सलह र बनमह थियो। [५]यूहन्नाको सन्देश सुन्न मानिसहरू
एकत्र भए। यरूशलेम र सबै यहूदिया र यर्दन नदी
वरिपरि सबै भागका मानिसहरू आएका थिए। [६]आफ्ना
पाप स्वीकार गरे पछि मानिसहरू आए अनि यूहन्नाद्वारा
यर्दन नदीमा बप्तिस्मा* गरियो।
[७]धेरै फरिसीहरू* र सदुकीहरू* यूहन्नाद्वारा बप्तिस्मा
गराइनका निम्ति आए। जब यूहन्नाले तिनीहरूलाई देखे
तिनले भने, "तिमीहरू सर्पका सन्तान हौ, आउन
लागेको परमेश्वरको क्रोधबाट भाग्न कसले तिमीहरूलाई
चेतावनी दियो? [८]तिमीहरू यस्तो काम गर जसबाट
तिमीहरूको हृदय र रहन-सहन साँच्चै परिवर्त्तन भएको
बुझिनेछ। [९]अनि 'अब्राहाम नै हाम्रा पिता हुनुहुन्छ' भन्ने
कुरा आपसमा विचार नगर। म तिमीहरूलाई भन्दछु,
परमेश्वरले यी चट्टानबाट अब्राहामका लागि सन्तान
प्रदान गर्नु सक्नु हुन्छ। [१०]अनि अहिलेनै रूखहरूको*
फेदमा बञ्चरो परेको छ। असल फल नफलाउने हरेक
रूखहरू काटेर ढालिन्छ अनि आगोमा हालिन्छ।
[११]"म चाहिँ तिमीहरूले पश्चात्ताप गर्‍यौ भनी देखाउनका
निम्ति पानीद्वारा बप्तिस्मा गरिदिन्छु। तर मपछि आउने
एक म भन्दा शक्तिशाली हुनुहुन्छ, जसको सामुन्ने म
उहाँको जुत्ता खोल्ने लायकको पनि छैन, उहाँले नै
तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।
[१२]उहाँले अन्न र भूसलाई अलग पार्नु* निफन्ने
नाङ्लो आफ्नो हातमा लिनु भएको छ, उहाँले गहुँ
संग्रह गरी आफ्नो गहुँ भकारीमा जम्मा गर्नुहुनेछ। अनि
भूस जति कहिल्यै ननिभ्ने आगोमा जलाउनु हुनेछ।"

## यूहन्नाद्वारा येशूको बप्तिस्मा

*(मर्कूस १:९-११; लूका ३:२१-२२)*

[१३]त्यसै बेला येशू गालीली भएर यर्दन नदीमा आउनु
भयो। येशू यूहन्नाद्वारा बप्तिस्मा लिनुका निम्ति यूहन्नाकहाँ
आउनुभयो। [१४]तर यूहन्नाले उनी येशूलाई बप्तिस्मा दिनु
योग्यको छैन-भन्ने कोशिशगरे उनलेसोधे, "तपाँई मकहाँ
बप्तिस्मा लिन किन आउनु भयो? म आफैले तपाइँबाट
बप्तिस्मा लिनु पर्ने हो।"
[१५]येशूले भन्नुभयो, "अहिलेलाई यस्तै हुनदेऊ। हामीले
सबै कुरा गर्नुपर्छ जो सहीछन्।" त्यसपछि यूहन्ना
येशूलाई बप्तिस्मा गर्न सहमत भए।
[१६]अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि
निस्कनु भयो। स्वर्ग उहाँको निम्ति उघ्रियो अनि परमेश्वरको
आत्मालाई ढुकुरझैं आफूमाथि ओर्लंदै गरेको बस्दै
गरेको देख्नु भयो। [१७]तब स्वर्गबाट एउटा आवाज
आएको सुनियो। आवाजले भन्दथ्यो, "यिनी मेरा पुत्र
हुन् अनि यिनलाई म माया गर्दछु। म यिनीसँग अत्यन्त
आनन्दित छु।"

## येशूको निम्ति कठिन परीक्षा

*(मर्कूस १:१२-१३; लूका ४:१-१३)*

४ यसपछि आत्माले येशूलाई मरूभूमिमा लगे।
दुष्टात्माद्वारा परीक्षा गरिनका निम्ति येशूलाई त्यहाँ
लगिएको थियो। [२]चालीस दिन र चालीस रात येशूले
केही खानुभएन। यसपछि उहाँ भोकाउनु भयो। [३]शैतान
येशूकहाँ उनलाई प्रलोभित तुल्याउन आयो। दुष्टात्माले
भन्यो, "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी
ढुंगाहरू रोटी होऊन् भनी आज्ञा दिनुहोस्।"
[४]जवाफमा येशूले भन्नुभयो, "धर्मशास्त्रमा यस्तो
लेखिएको छ:

> 'मानिस रोटी खाएर मात्र बाँच्दैन, परमेश्वरको
> मुखबाट निस्केको हरेक वचनले बाँच्नेछ।'"
>
> *व्यवस्था ८:३*

[५]त्यसपछि शैतानले येशूलाई पवित्र शहरमा लग्यो।
त्यो दुष्टात्माले येशूलाई मन्दिरको गजूरमाथि राख्यो।
[६]शैतानले भन्यो, "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ
भने यहाँबाट तल हामफाल्नुहोस्। किन? किनभने
धर्मशास्त्रमा यस्तो लेखिएको छ:

---

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै व्यक्ति, चीजलाई पानीमा हलुका डुबाउनु, अथवा चोब्नु।

**फरिसीहरू** यहूदी धार्मिक सम्प्रदायकाहरू जसले जेविस आज्ञा र नीतिको पालन सही रूपमा गर्दछन्।

**सदुकीहरू** यहूदी धार्मिक गुटका प्रमुख। तिनीहरूले खाली पुरानो नियमको प्रथम पाँचवटा पुस्तकहरूलाई मात्र मानेका छन्। तिनीहरूको विश्वासमा मानिसहरू मृत्यु पछि फेरि जन्मदैनन्।

**रूखहरू** ती मानिसहरू जसले येशूलाई स्वीकारेनन्। तिनीहरू यस्ता "रूखहरू" हुन जुन काटिनेछन्।

**उहाँले … पार्नु** यूहन्ना अनुसार खराब मानिसहरूबाट येशूले असल मानिसहरू अलग पार्नु हुनेछ।

‘परमेश्वरले तपाईंको निम्ति स्वर्गदूतहरूलाई
खटाउनुहुनेछ, अनि तिनीहरूले तपाईंलाई हात-
हातमा उचाल्नेछन्, जसद्वारा, तपाईंको खुट्टाहरू
ढुंगामा बजारिनु नपुगोस्।’”

*भजनसंग्रह ९१:११-१२*

[७]येशूले उत्तर दिनुभयो, “धर्मशास्त्रमा यस्तो पनि
लेखिएको छ:

‘तिमीले प्रभु आफ्नो परमेश्वरलाई परीक्षा नगर।’”

*व्यवस्था ६:१६*

[८]त्यसपछि शैतानले येशूलाई एउटा अति अल्गो
पर्वतमा पूर्‍यायो। उसले येशूलाई संसारका सबै राज्यहरू,
त्यहाँ भएका वैभव देखायो। [९]शैतानले भन्यो, “यदि
तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने यी सबथोक
म तपाईंलाई दिनेछु।”
[१०]येशूले शैतानलाई भन्नुभयो, “म देखि टाढा जाऊ,
शैतान। धर्मशास्त्रमा यस्तो लेखिएको छ,

‘तिमीले परमप्रभु आफ्नो परमेश्वरलाई दण्डवत्
गर्नु, अनि उहाँकै मात्र सेवा गर्नु पर्छ।’”

*व्यवस्था ६:१३*

[११]त्यसपछि दुष्टात्माले येशूलाई छोड़िदियो। अनि
केही स्वर्गदूतहरू येशूकहाँ आएर उहाँलाई सेवा-टहल
गरे।

## गालिलीमा येशू आफ्नो कामको शुरुमा

*(मर्कूस १:१४-१५; लूका ४:१४-१५)*

[१२]येशूले यूहन्ना थुनामा परे भन्ने कुरा सुन्नु भयो।
त्यसपछि उहाँ गालिलीतर्फ लाग्नुभयो। [१३]येशू नासरतमा
बस्नु भएन। उहाँ गालिली झील नगरको नजिकको
कर्फनहूममा बस्नु भयो। कर्फनहूम जबूलून अनि नप्तालीका
क्षेत्रमा पर्छ। [१४]येशूले यशैया अगमवक्ताद्वारा बोलिएको
यीनै वचनलाई पूरा गर्नका निम्ति यसो गर्नु भयो,

[१५] “जबुलूनको मुलुक र नप्तालिको मुलूक, यर्दन
नदी पारि समुद्रको बाटो भएर गालिली,
अयहुदीहरूको मुलूक—
[१६] जुन मानिसहरू अन्धकारमा थिए, तिनीहरूले
एउटा ठूलो ज्योति देखे: ज्योति तिनीहरू प्रति
उदाए जो त्यस अन्धकार मूलुकमा चिहान
जस्तै ठाउँमा बाँच्न परेको थियो।”

*यशैया ९:१-२*

[१७]यसैबेलादेखि येशूले प्रचार गर्न थाल्नुभयो। उहाँले
भन्न लाग्नुभयो, “तिमीहरू पश्चत्ताप गर अनि आफ्नो
रहन-सहन परिवर्त्तन गर, किनभने, स्वर्गको राज्य नजिक
आइपुगेको छ।”

## येशू केही चेलाहरू चुन्नुहुन्छ

*(मर्कूस १:१६-२०; लूका ५:१-११)*

[१८]गालीली झीलको छेउ भएर येशू हिंड़िरहनु भएको
थियो। उहाँले दुइजना दाजुभाइलाई देख्नुभयो, शिमोन
जसलाई पत्रुस भनिन्थ्यो र तिनको भाइ अन्द्रियास। दुवै
दाजुभाइ माछावाला थिए अनि तिनीहरूले समुद्रमा जाल
हान्दै माछा मार्दै थिए। [१९]येशूले भन्नुभयो, “मेरो पछि
लाग, म तिमीहरूलाई बेग्लै प्रकारको जालहारी बनाउनेछु।
तिमीहरूले मानिसहरूलाई भेला गर्ने काम गर्नुपर्छ
माछालाई होइन।” [२०]शिमोन र अन्द्रियास दुवैले आफ्नो
जाल त्यति नै बेला छाड़िदिए र येशूको पछि लागे।
[२१]गलीली झील भएर येशू हिँड़दै जानुभयो। उहाँले
अरू दुइजना दाजुभाइलाई देख्नुभयो, याकूब र यूहन्ना
जो जब्दीका छोराहरू थिए। तिनीहरू माछा मार्न भनेर
जाल हान्नलाई तयार गर्दैथिए। येशूले ती दुइ दाजुभाइलाई
पनि बोलाउनु भयो। [२२]तिनीहरूले पनि तुरन्तै आफ्नो
डुङ्गा र तिनीहरूका बाबुलाई छोड़ेर येशूको पछि लागे।

## येशूको उपदेश र मानिसहरूको चंगाई

*(लूका ६:१७-१९)*

[२३]येशूले गालिलीका सबै ठाउँहरूमा यात्रा गर्नुभयो।
उहाँले तिनीहरूको सभाघरहरूमा सिकाउन लाग्नुभयो
अनि स्वर्गको राज्यका बारेमा सुसमाचारहरू प्रचार
गर्नुभयो। उहाँले मानिसहरूमा भएका हरेक किसिमका
रोग र शारीरिक कमजोरीहरू निको पार्नुभयो। [२४]उहाँको
कीर्ति सिरियाभरि फिँजियो, अनि मानिसहरूले शारीरिक
रूपले रोगी भएका सबै रोगीहरूलाई उहाँकहाँ ल्याउन
थाले। ती रोगी मानिसहरू कैयौ प्रकारका रोग र
कष्टले पीड़ित थिए। कतिजना मानिसहरू एकदमै नराम्रा
रोगले पीड़ित थिए भने कतिजना भूत-प्रेत र पिशाच

लागेकाहरू थिए। कतिजना छारेरोग लागेकाहरू र
कतिजना पक्षाघात भएकाहरू थिए। येशूले तिनीहरू
सबैलाई निको बनाइदिनु भयो। [२५]धेरै-धेरै मानिसहरूले
उहाँलाई पछ्याउन लागे। ती मानिसहरू गालीली,
डेकापोलिस*, यरूशलेम, यहूदिया तथा यर्दन नदी
पारिका अन्य इलाकाबाट आएकाहरू थिए।

## येशूद्धारा मानिसहरूलाई शिक्षा

*(लूका ६:२०-२३)*

**५** येशूले त्यहाँ भएका धेरै मानिसहरूलाई देख्नुभयो।
येशू डाँडामा उक्लेर बस्नुभयो। उहाँका शिष्यहरू
त्यहाँ उहाँका नजिकमा आएका थिए। [२]उहाँले तिनीहरूलाई
सिकाउनु थाल्नुभयो। उहाँले भन्नुभयो,

[३] "ती व्यक्तिहरू धन्यहुन् जसले तिनीहरू आत्मिक
रूपले दरिद्र छन् भनी बुझ्केकाछन्, स्वर्गको
राज्य तिनीहरूकै हो।
[४] धन्य शोक गर्नेहरू, परमेश्वरले तिनीहरूलाई
सान्त्वना दिनु हुनेछ।
[५] धन्य विनम्र हुनेहरू, किनभने तिनीहरूले पनि
पृथ्वीको भूमिको अंश पाउनेछन्। (परमेश्वरले
प्रण गर्नु भएकोछ।)
[६] धन्य धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू,
परमेश्वरले तिनीहरूलाई पनि तृप्त पारिदिनेछन्।
[७] धन्य दयावानहरू, जसले दया देखाउनेछन्,
तिनीहरूले दया पाउनेछन्,
[८] धन्य शुद्ध-हृदय हुनेहरू, तिनीहरूले परमेश्वरलाई
देख्नेछन्।
[९] धन्य शान्ति मेल मिलाप गराउनेहरू, परमेश्वरले
तिनीहरूलाई आफ्ना पुत्र ठान्नेछन्।
[१०] धन्य धार्मिकताका निम्ति सताइएकाहरू, स्वर्गका
राज्य तिनीहरूकै हुनेछ।

[११]"धन्य हौ तिमीहरू जव मानिसहरूले निन्दा गर्नेछन्
र चोट पुर्‍याउनेछन्। झूटो बोलेर हरेक किसिमका दुष्ट
कुरा गरेर तिमीहरूको खेदो गर्नेछन्, किनभने तिमीहरू
मेरा चेलाहरू हौ। [१२]सुखी र खुशी बन। स्वर्गमा
तिमीहरूलाई ठूलो इनाम मिल्नेछ। किनभने तिमीहरूका
अधिका अगमवक्ताहरूलाई तिनीहरूले यसरीनै व्यवहार
गरेका थिए।

## तिमीहरू नून र ज्योति जस्तै छौ

*(मर्कूस ९:५०; लूका १४:३४-३५)*

[१३]"तिमीहरू पृथ्वीका नून हौ। यदि नूनको स्वाद नै
छैन भने, फेरि नुनिलो के-ले पार्ने र? यदि नूनमा नूनको
स्वाद नै छैन भने त्यो ता-फालिन र मानिसका खुट्टाले
कुल्चनबाहेक अरू केही कामको हुँदैन।
[१४]"तिमीहरू ज्योति हौ जसले संसारलाई उज्यालो
पार्छौ। डाँड़ामा बसालिएको नगर अदृष्य रहन सक्तैन।
[१५]त्यसरीनै मानिसहरूले बत्ती बालेर पाथीमुनि राख्तैनन्।
त्यसको सट्टामा तिनीहरूले त्यसलाई सामदानमा राख्छन्।
जसद्वारा घरमा भएका सबै मानिसहरूले उज्यालो पाउनेछन्।
[१६]त्यसै गरी, अरूका निम्ति तिमीहरू पनि उज्यालो
बनिदिनु पर्छ। तिमीहरूले गरेका सुकर्महरू मानिसहरूले
देख्नेछन्। स्वर्गमा बस्नु हुने पिताको महिमा गर्नेछन्।

## येशू अनि पुरानो नियम लेखाई

[१७]"म मोशाको व्यवस्था अथवा अगमवक्ताहरूद्वारा
लेखिएको रद्द गर्न आएको भन्ने नसम्झ, रद्द गर्न
होइन, तर पूरा गर्न म आएको छु। [१८]म साँचो भन्दछु।
जबसम्म स्वर्ग र पृथ्वी बितेर जाँदैन, व्यवस्थाको हरेक
कुरा पूर्ण हुनेछ सबै कुरा पूरा नहोउञ्जेल कुनै
किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा विन्दु पनि
लुप्त हुनेछैन। [१९]हरेक व्यक्तिले प्रत्येक आदेश पालन
गर्नैपर्छ यदि त्यो आदेश सामान्य नै किन नहोस्। यदि
कुनै व्यक्तिले एउटा पनि आदेश पालन गर्न चाँहदैन
अनि अरूलाई पनि आदेश पालन नगर्नु भनी सिकाउँछ
भने स्वर्गको राज्यमा त्यो सबैभन्दा तुच्छ कहलाइनेछ।
तर जसले आदेश पालन गर्छ अनि अरूलाई पनि
आदेश पालन गर्न सिकाउँछ, त्यो नै स्वर्गको राज्यमा
ठूलो कहलाइनेछ। [२०]म भन्दछु कि धर्मशास्त्र र
फरिसीहरू* भन्दा तिमीहरूले राम्रो काम गर। यदि
तिमीहरू तिनीहरूलाई उछिन्न सफल भएनौ भने तिमीहरूले
स्वर्गको राज्यमा प्रवेश गुमाउने छौ।

---

**डेकापोलिस** दश शहर। गालिलीको खीयि इलाका एकपल्ट यसको दशवटा शहर दियो।

**फरिसीहरू** यहूदी धार्मिक सम्प्रदायकाहरू जसले यहूदि आज्ञा र नीतिको पालन सही रूपमा गर्दछन्।

## येशूद्वारा रीस बारे शिक्षा

२१"तिमीहरूले सुनेका छौ, धेरै अधिका मानिसहरूलाई
यसो भनिएको थियो, 'कसैको हत्या नगर।* जसले
हत्या गर्छ, त्यो व्यवस्थाको समक्ष उभिनु पर्नेछ।' २२तर
म तिमीहरूलाई भन्दछु, कोही अन्य व्यक्तिसित नरिसाऊ।
सबैजना प्रत्येकनै तिम्रा भाइ हुन्। यदि तिमी अरू
मानिससँग रिसाउँछौ भने, तिमी इन्साफको निम्ति खड़ा
हुनु पर्नेछ। यदि तिमीले अर्को व्यक्ति सित नराम्रा कुरा
गर्‍यौ भने तिमी यहूदीहरूको महासभाको* समक्ष
उभिनु पर्नेछ। यदि अर्को व्यक्तिलाई 'बेवकूफ' भन्छौ
भने तिमी नरकको अग्निको भीषणतामा पर्नेछौ।

२३"जब तिमीले परमेश्वरलाई भेटी चढ़ाउनेछौ त्यसबेला
तिमी अरूहरूलाई पनि सम्झ। यदि तिमीले वेदीमा भेटी
चढ़ाउँदा तिम्रो विरुद्धमा तिम्रो भाइको हृदयमा केही छ
भन्ने सम्झ्यौ भने, २४त्यही वेदीको छेउमा तिम्रो भेटी
छोड़। पहिला तिमी जाऊ अनि त्यो मानिससित मिलाप
गर। तब तिमी फर्की आएर आफ्नो भेटी बेदीमा
चढ़ाऊ।

२५"यदि तिम्रो विरोधीले तिमीलाई न्यायालयमा लँदैछ
भने उसित मिलाप गरिहाल। न्यायालय पुग्नु अघिनै
तिमीले यसो गर। यदि तिमी उसको साथी बन्न
असफल भयौ भने उसले तिमीलाई न्यायाधीशको हातमा
सुम्पिदेला, न्यायाधीशले तिमीलाई रक्षकको हातमा
सुम्पिदेलान् अनि तिमीलाई झ्यालखानामा थुनिदिनेछ।
२६अनि म तिमीलाई भन्दछु कि तिमीले ऋणको
अन्तिम पैसा नतिरुन्जेल तिमी त्यहाँबाट कुनै तरिकाले
उम्कने छैनौ।

## येशूद्वारा व्यभिचार बारे शिक्षा

२७"तिमीहरूले यसो भनेको सुनेका छौ, 'व्यभिचारको
पापबाट अलग बस।'* २८तर म तिमीहरूलाई भन्दछु,
जसले स्त्रीलाई खराब इच्छाले हेर्दछ, त्यसले अघिबाटै
उसित त्यसको हृदयमा व्यभिचार गरिसकेको हुन्छ।
२९यदि तिम्रो दाहिने आँखाले तिमीलाई बाधा पुर्‍याउँछ
भने, त्यसलाई निकालेर फालिदेऊ। किनभने तिम्रो
सम्पूर्ण शरीर नरकमा पर्नुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये
एउटा नष्ट हुनु तिम्रो निम्ति हितकारी हुन्छ। ३०यदि
तिम्रो दाहिने हातले तिमीलाई पाप गराउँछ भने त्यसलाई
काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा
जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा नष्ट हुनु तिम्रो
निम्ति हितकारी हुन्छ।

## येशूद्वारा छुटानाम बारे शिक्षा

*(मत्ती १९:९; मर्कूस १०:११-१२; लूका १६:१८)*

३१"यसलाई यसप्रकारले भनिएको छ, 'जसले आफ्नो
पत्नीलाई त्याग गर्ला, त्यसले उसलाई त्यागपत्र लेखी
देओस्।'* ३२तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नो
पत्नीलाई व्यभिचारको पापको कारण बाहेक अन्य
कारणले त्याग गर्ला, उसलाई त्यसले व्यभिचारिणी
तुल्याउँछ, र जसले त्याग गरेकोसित विवाह गर्ला,
त्यसले पनि व्यभिचार गर्नेछ।

## येशूद्वारा प्रतीज्ञा बारे शिक्षा

३३"फेरि तिमीहरूले सुनेका छौ, कि हाम्रा पुर्खाहरूलाई
यसो भनिएको थियो, 'जब तिमी शपथ खान्छौ, त्यो
प्रतिज्ञा नतोड़। परमेश्वरको निम्ति आफ्नो प्रतिज्ञा पूरा
गर।'* ३४तर म तिमीहरूलाई भन्दछु, स्वर्गको नाउँमा
कसम वा प्रतिज्ञा खाँदै नखाऊ, किनभने स्वर्ग परमेश्वरको
सिंहासन हो। ३५पृथ्वीको नाममा कसम नखाऊ, किनभने
पृथ्वी परमेश्वरको पाउदान हो। यरूशलेमको नाउँमा
कसम नखाऊ, किनभने त्यो महाराजाको नगर हो।
३६अनि आफ्नो शिरको कसम वा शपथ पनि नखाऊ,
किनभने तिमी आफ्नो शिरको एउटा केशलाई पनि सेतो
वा कालो तुल्याउन सक्तैनौ। ३७यदि तिमी 'हो' भने 'हो'
भन 'होइन' भने 'होइन' भन। औ यी भन्दा बढ़ता चाहिँ
दुष्ट-तर्फबाट भएको हो।

## येशूद्वारा बद्ला बारे शिक्षा

*(लूका ६:२९-३०)*

३८"तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो,

---

**'कसैको हत्या नगर'** प्रस्थान २०:१३; व्यवस्था ५:१७।

**महासभा** यहूदीहरूका सम्बन्धमा प्रमुख शासन गर्ने सम्मेलनलाई "महासभा" भनिन्थ्यो।

**'व्यभिचारको … बस'** प्रस्थान २०:१४; व्यवस्था ५:१८।

**'जसले आफ्नो … लेखी देओस्'** व्यवस्था २४:१।

**'जब तिमी … पूरा गर'** लेवी १९:१२; गन्ती ३०:२; व्यवस्था २३:२१।

‘आँखाको बद्‌ला आँखा, र ‘दाँतको बद्‌ला दाँत।’*
३९तर म तिमीहरूलाई भन्दछु, ‘दुष्टको सामना नगर।
यदि कसैले तिम्रो दाहिने गाला चट्काइदियो भने
त्यसलाई अर्कोतिरको पनि फर्काइदेऊ। ४०यदि कसैले
मुद्धा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई
तिम्रो खास्टो पनि दिइहाल। ४१यदि कसैले तिमीलाई
एक माइलसम्म जबरजस्त हिँड्न लाउँछ भने उसित दुइ
माइलसम्म जाऊ। ४२यदि कसैले तिमीसित केही माग्छ
भने त्यो दिइहाल। कुनै व्यक्तिले कर्जा लिन चाहेमा पनि
केही दिन अस्वीकार नगर।

## सबैलाई प्रेम गर

*(लूका ६:२७-२८; ३२:३६)*

४३“तिमीहरूले यसो भनिएको सुनेका छौ, ‘तिम्रो
छिमेकीलाई प्रेम गर र तिम्रो शत्रुलाई घृणा गर।’*
४४तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम
गर, तिमीहरूलाई खेदो गर्नेहरूको निम्ति प्रार्थना गर।
४५यदि तिमीले यसो गर्‍यौ भने तिमी स्वर्गको पिताका
साँचो पुत्र हुनेछौ। किनभने उहाँले दुष्ट र असल दुवैका
निम्ति घाम लगाइदिनुहुन्छ। अनि न्यायीहरू एवं अन्यायीहरू
दुवैका मानिसहरूको निम्ति वृष्टि पठाइदिनुहुन्छ। ४६यदि
तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने
तिमीहरूले कुनै इनाम पाउने छैनौ। महसूल उठाउनेहरूले
पनि त्यसै गर्लान्। ४७अनि यदि तिमीहरू आफ्ना
साथीभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरू
मानिसहरूसँग असल ठहर्नेछैनौ। परमेश्वर नमान्ने मानिसहरू
पनि आफ्ना साथीभाइहरूसँग असल नै हुन्छन्।
४८यसैकारणले तिमीहरू सिद्ध होऊ, जसरी तिमीहरूका
स्वर्गका पिता सिद्ध हुनुहुन्छ।

## येशूद्धारा दान बारे शिक्षा

६ “होशियार बस, जब तिमीहरू राम्रो काम गर्छौ,
अरू मानिसहरूका उपस्थितिमा त्यस्ता देरवावटका
निम्ति काम नगर। यदि त्यसो गर्‍यौ भने स्वर्गमा भएका
तिम्रा पिताबाट तिमीहरूलाई केही इनाम मिल्नेछैन।
२“जब तिमी दरिद्रिहरूलाई सहायता दिँदछौ त्यसको
विज्ञापन नगर। कपटीहरूले जस्तो कार्य नगर। तिनीहरूले
अरूले देखुन भनेर तिनीहरू दरिद्रिलाई सहायता गर्न
अघिबाटै आफ्ना तुरही बजाउँछन्। तिनीहरूले सभाघरहरू
र गल्लीहरूमा यसो गर्छन्। मानिसहरूबाट प्रशंसा पाउनलाई
तिनीहरू यसो गर्दछन्। म तिमीहरूलाई साँचो भन्छु, यो
नै ती सबै इनामहरू हुन जो तिनीहरूले पाउने छन्।
३तर जब तिमी दरिद्रिका निम्ति दान-पुण्य गर्दछौ, एकदमै
गुप्ती रुपले गर। कसैले केही नजानोस् कि तिमी के
गर्न लागिरहेछौ। ४तिम्रो दान-पुण्य गुप्त रूपमा होस्।
गुप्त रुपमा गरेका तिम्रो दान-पुण्य तिम्रा पिताले अवश्यै
देख्नेछन्। तब तिम्रा पिताले, जसले गुप्तरूपमा के
गरिएको देखेकाछन् उहाँले तिमीलाई इनाम दिनुहुनेछ।

## येशूद्धारा प्रार्थना बारे शिक्षा

*(लूका ११:२-४)*

५“जब तिमी प्रार्थना गर्दछौ, तब कपटीहरूले जस्तो
प्रार्थना नगर। कपटीहरू सभाघरहरूमा र गल्लीहरूमा
उभिएर अरूले देखून् भनी प्रार्थना गर्दछन्। म तिमीहरूलाई
साँचो भन्दछु, तिनीहरूले यी सबै इनाम पाउनेछन्।
तिनीहरूले इनाम पाइसकेका छन्। ६जब तिमी प्रार्थना
गर्दछौ, तिमी आफ्नो भित्री कोठामा पसी ढोका बन्द
गर। अनि त्यसपछि तिमी आफ्ना पितालाई प्रार्थना गर।
जो गुप्त ठाउँमा हुनुहुन्छ। गुप्तरूपमा गरेका सबै कुरा
तिम्रा पिताले देख्नु हुनेछ, अनि तिमीलाई उहाँले इनाम
दिनुहुनेछ।
७“अनि जब तिमी प्रार्थना गर्दछौ, तब परमेश्वरलाई
नजान्ने अरु मानिसहरूले जस्तो व्यवहार नगर। तिनीहरू
अर्थ विहीनका कुरा गर्छन्। तिमीले त्यसप्रकारले प्रार्थना
गर्नु हुँदैन। तिनीहरूले सोँचेका हुन्छन् कि परमेश्वरले
तिनीहरूका कुरा सुन्नुहुनेछ किनभने तिनीहरू अनेक
कुराहरू भन्छन्। ८त्यस्ता मानिसहरू जस्तो नहोऊ।
तिमीहरूले पितासंग माग्न अघिनै तिमीहरूलाई कुन-कुन
कुराको खाँचो छ, सो तिमीहरूका पिताले जान्नुहुन्छ।
९यसैले जतिबेला तिमी प्रार्थना गर्दछौ, त्यसबेला यसरी
प्रार्थना गर:

‘हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, हामी प्रार्थना
गर्दछौं कि तपाईंको नाउँ सँधै पवित्र रहोस्।’
१० हामी प्रार्थना गर्दछौं, तपाईंको राज्य आवोस्
अनि तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा
पूरा होस्।

---

**‘आँखाको … दाँत’** प्रस्थान २१:२४; लेवी २४:२०।

**‘तिम्रो … घृणा गर’** लेवी १९:१८।

११ आज हामीलाई प्रत्येक दिन चाहिने भोजन
दिनोस।
१२ हाम्रा अपराधहरू क्षमा गरिदिनुहोस्। जसरी
हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका
छौं।
१३ हामीलाई प्रलोभनमा पर्न नदिनुहोस् तर हामीलाई
दुष्टबाट बँचाउनु होस्।*

१४यदि, तिमीहरूले तिनीहरूको कसूर क्षमा ग-यौ भने
तिमीहरूका स्वर्गमा बस्नुहुने पिताले पनि तिमीहरूलाई
क्षमा गर्नुहुनेछ। १५यदि तिमीहरूले मानिसहरूका कसूर
क्षमा गरेनौ भने तिमीहरूका स्वर्गमा बस्नुहुने पिताले
पनि तिमीहरूका कसूर क्षमा गर्नु हुनेछैन।

## येशूद्वारा उपवास बारे शिक्षा

१६“जब तिमीहरू उपवास बस्तछौ, तब कपटीहरू
जस्ता उदास अनुहार नबनाऊ। कपटीहरूले जस्तो आचरण
नगर। मानिसहरूलाई उपवास बसेको देखाउनलाई तिनीहरू
आफ्नो अनुहारलाई अनौठो देखिने तुल्याउँछन्। म
तिमीहरूलाई साँचो भन्दछु, ती कपटीहरूले पाउने सबै
इनाम यही हो। तिनीहरूले इनाम पाइसकेका छन्।
१७यसर्थ जब तिमीहरू उपवास बस्छौ, आफूलाई सुन्दर
पारेर बस। आफ्नो अनुहार धोऊ। १८तब मानिसहरूले
तिमीहरू उपवास बसिरहेका छौ भन्ने कुरा जान्ने छैनन्।
तर तिमीहरूले देख्न नसकेका पिताले देख्नुहुनेछ। गुप्तमा
भएका तिम्रा पिताले सबै कुराहरू देख्नुहुनेछ। अनि
उहाँले नै इनाम दिनु हुनेछ।

## धन-सम्पत्ति भन्दा परमेश्वर महान हुन्

*(लूका १२:३३-३४; ११:३४-३६; १६:१३)*

१६“आफ्नो निम्ति पृथ्वीमा सम्पत्ति नथुपार। खिया र
किराहरूले सम्पत्ति ध्वंस पारिदिनेछ। अनि चोरहरूले
पनि तिम्रो घर फोरेर त्यहाँको सम्पत्ति चोर्छन्। २०तर
आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार। स्वर्गमा भएको
धन-सम्पत्ति खिया र किराहरूले नष्ट पार्ने होइन। चोरले
पनि त्यहाँ पसेर चोर्न सक्तैन। २१कारण जहाँ तिम्रो
सम्पत्ति हुन्छ, त्यहीं तिम्रो मन पनि हुनेछ।

२२“तिम्रो शरीरको ज्योति आँखा हो। यदि तिम्रा
आँखाहरू ठिक छन् भने, तिम्रा सारा शरीर उज्यालो
रहने छ। २३तर यदि तिम्रा आँखा खराब छन् भने तिम्रा
सारा शरीर अँध्यारो हुनेछ। यदि तिम्रो उज्यालो चाहिँ
अँध्यारो भयो भने, त्यो अँध्यारो घनघोर हुनेछ।

२४“कसैले पनि दुई मालिकको चाकरी एकै समयमा
गर्न सक्तैन। यदि उसले एउटालाई घृणा र अर्कोलाई
प्रेम गर्नेछ। अथवा त्यो एउटासित झुक्नेछ, र अर्कोलाई
तुच्छ ठान्नेछ। यसैले एउटै समयमा एकैसाथमा तिमीहरूले
परमेश्वर र धनको चाकरी गर्न सक्तैनौ।

## परमेश्वरको राज्यमा पहिले आऊ

*(लूका १२:२२-३४)*

२५“यसैले म तिमीहरूलाई भन्दछु, बाँच्नलाई के
खानु पर्ने भन्ने बिषयमा तिमीहरू चिन्तित हुनु हुँदैन।
तिमीलाई शरीरको निम्ति चाहिने बस्त्रका निम्ति तिमीहरू
फिक्री नगर। खानेकुरा भन्दा जीवन धेरै मूल्यवान छ।
अनि लुगाफाटा भन्दा शरीर धेरै मूल्यवान छ। २६चरा-
चुरुङ्गीलाई हेर, तिनीहरूले नता कहिले बीउनै छर्छन्, न
अन्नको फसल काट्छन्। न भकारीहरूमा बटुल्छन्। तर
तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनु हुन्छ।
अनि तिमीहरूलाई थाहा छ कि ती चराचरुङ्गीहरू भन्दा
तिमीहरू बहुमूल्य छौ। २७फिक्री मात्र गरेर कसैले
जीवनमा केही घड़ी बढ़ाउन सक्छ?

२८“अनि लुगाफाटाको निम्ति तिमीहरू किन फिक्री
गर्छौ? बँगैचाको फूलहरू प्रति विचार गर, ती कसरी
बढ्दछन्। तिनीहरू न त आफ्नो लागि परिश्रम गर्दछन्,
न त बस्त्रका निम्ति धागो कात्दछन्। २६तैपनि म
तिमीहरूलाई भन्दछु, महान अनि धनी राजा सुलेमान
पनि यी फूलहरू मध्ये एउटा जत्ति पनि सिँगारिएका
थिएनन्। ३०परमेश्वरले यसै प्रकारले जमीनमा झारपात
उमारेर सजाउँनु हुन्छ। जसलाई आज देखिन्छ भोलि
आगोमा फयाँकिनेछ अनि जलाइनेछन्। यसैले परमेश्वरले
नै तिमीहरूलाई अझ राम्ररी लुगाफाटा पहिराइदिनु
हुनेछैन र? यति अल्पविश्वास नराख! ३१यसर्थ फिक्री
नगर अनि नभन, ‘हामी के खाऔंला? वा हामी ‘के
लगाउँला? ३२परमेश्वरमा विश्वास नगर्नेहरू यी सबै
कुराहरू पाउने इच्छा गर्दछन्। यसैले फिक्री नगर,

---

**पद १३** केही ग्रीक प्रतिलिपिहरूमा पद १३ थपिएको छ: “सदा सर्वदाको निम्ति राज्यको लागि शक्ति अनि गौरव तिम्रो हो। आमिन।”

किनभने स्वर्गमा बस्नुहुने पिताले तिमीहरूलाई यी सबै थोकको आवश्यक छ भनी जान्नुहुन्छ। ३३तिमीहरू अरू थोक भन्दा परमेश्वरको राज्य अनि परमेश्वरका धार्मिकताको विषयमा इच्छा गर। तब उहाँले तिमीहरूलाई तिमीहरूले चाहेका यी जम्मै कुराहरू दिनुहुने छ, ३४जसद्वारा भोलिको निम्ति तिमीहरूले त्यत्ति फिक्री गर्नु पर्ने छैन। प्रत्येक दिनको आ-आफ्नै समस्या हुन्छ। भोलिको दिनको पनि आफ्नै समस्याहरू छ।

## येशूद्वारा निसाफ बारे शिक्षा

*(लूका ६:३७-३८; ४१-४२)*

७ "अरू प्रति निसाफ नगर, जस्तो कि परमेश्वरद्वारा तिमीहरूको निसाफ गरिइने छैन तिमीहरूको निसाफ गर्नु हुने छैन। २जुन नियम उपयोग गरी तिनीहरू अरूको निसाफ गर्दछौ, उसै गरी तिमीहरू पनि निसाफ गरिनेछौ। अनि जुन उपाय प्रयोग गरी अरूलाई तिमीहरू क्षमा गर्नेछौ त्यही उपाय उपयोग गरी तिमीहरूलाई क्षमा प्रदान गरिने छ। ३किन? तिमी आफ्नो भाइको आँखामा भएको सानो कसिङ्गर देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको ठूलो काठको चोइटा भने देख्तैनौ। ४अथवा कसरी तिमी तिम्रो भाइलाई भन्नसक्छौ, 'मलाई तिम्रो आँखाबाट कसिङ्गर निकाल्नदेऊ,' जब तिम्रो आफ्नै आँखामा त्यो काठको ठूलो चोइटा रहेको छ? ५तिमी कपटी हौ। पहिले तिम्रो आफ्नै आँखामा भएको त्यो ठूलो काठको चोइटा निकाल त्यसपछि मात्र तिमीले आफ्नो भाइको आँखामा भएको कसिङ्गर देख्न समर्थ हुने छौ।

६"कुकुरहरूलाई पवित्र चीजहरू नदेऊ। तिनीहरूले तिमीलाई झम्टने छन् अनि टुक्रा टुक्रा पारी च्यात्नेछन्। आफ्ना मोतीहरू सुँगुरका अगाड़ि नफाल। तिनीहरूले केवल ती कुल्चने छन्।

## जे चाहन्छौ परमेश्वरलाई माग

*(लूका ११:९-१३)*

७"माग, तब परमेश्वरले तिमीहरूलाई दिनुहुनेछ। खोजी गर तब तिमीहरूले पाउनेछौ। ढक्ढकाऊ, तब ढोका तिमीहरूको लागि उघ्रनेछ। ८साँचो हो, जसले माग्दछ त्यसले पाउँदछ। जसले खोज्दछ उसले भेट्टाउँदछ। अनि जसले ढकढकाउँछ उसको निम्ति ढोका खुलिनेछ।

९"तिमीहरूको छोरो होला? यदि तिमीहरूको छोरोले रोटी मागे, के तिमीहरू उसलाई ढुंगा दिन्छौ? अहँ! १०अथवा, जब तिम्रो छोरोले माछा माग्छ के तिमी उसलाई साँप दिन्छौ? अहँ! ११तिमी परमेश्वर झैं होइनौ-तिमी दुष्ट हौ। तर तिमी जान्दछौ कसरी आफ्ना नानीहरूलाई राम्रो चीजहरू दिनु। यसकारण निश्चय स्वर्गका तिम्रा पिताले तिनीहरूले मागेको चीजहरू अझ राम्ररी दिनुहुनेछ।

## प्रमुख नियम

१२"अरू मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर। यो नै मोशाको नियमको अर्थ हो अनि अगमवक्ताहरूको उपदेश हो।

## स्वर्ग र नर्कको बाटो

*(लूका १३:२४)*

१३"साँघुरो फाटकबाट भित्र पस, जसले स्वर्ग तिर पुऱ्याउँछ। नर्कमा जाने बाटो एकदमै सजिलो छ। अनि फाटक पनि फराकिलो छ। धेरै मानिसहरू यहीबाट पस्दछन्। १४जीवनको बाटोमा लाने फाटक सानो छ। अनि बाटो अति कठिन छ। केवल अल्प मानिसहरूले मात्र त्यो बाटो भेट्टाउँछन्।

## अरूहरू जे गर्दछन् त्यो हेर्नु

*(लूका ६:४३-४४; १३:२५-२७)*

१५"झूँठा अगमवक्ताहरूबाट होशियार बस। तिनीहरू भेड़ाँका भेषमा तिमीहरूकहाँ आउँछन्। तर भित्र तिनीहरू खतरनाक ब्वाँसोहरू झैं हुन्छन्। १६तिनीहरूले गरेका कामहरूबाट तिनीहरूलाई चिन्न सकिन्छ। जसरी मानिसले काँड़ाका बोटबाट अङ्गूर पाउन सक्दैन अथवा काँड़ादार पोथ्राबाट नेभारा पाउन सकिँदैन। त्यसरी नै नराम्रा मानिसहरूबाट राम्राकामहरू हुँदैनन्। १७त्यसरी नै, प्रत्येक असल रूखले राम्रो फल फलाउँछ। अनि नराम्रो रूखले नराम्रै फल फलाउँछ। १८एउटा असल रूखले कहल्यै पनि खराब फल फलाउँदैन अनि नराम्रो रूखले कहिल्यै असल फल फलाउँदैन।" १९असल फल दिन नसक्ने प्रत्येक रूख काटेर ढालिन्छ र आगोमा हालिन्छ। २०यसकारण तिनीहरूका कर्मबाट तिमीहरूले झूँठा अगमवक्ताहरूलाई चिन्नेछौ।

२१"हरेक मानिस, जो मलाई प्रभु, भन्छन्, स्वर्गको राज्यमा पस्न पाउनेछैन, तर जसले मेरा परमप्रभुको इच्छा पालन गर्दछ त्यसले स्वर्गको राज्यमा प्रवेश गर्न पाउँदछ। २२अन्तिम दिनमा धेरैले मलाई भन्नेछन्, 'तपाईं नै हाम्रा परमप्रभु हुनुहुन्छ। हामीले तपाईंकै नाउँमा भविष्यवाणी बोल्यौ; अनि तपाईंकै नाउँमा हामीले ती दुष्टहरूलाई निकाली पठायौं अनि अनेक अनौठा चमत्कारहरू गर्‍यौ।' २३तब म तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु, 'मबाट टाढ़ो जाऊ तिमीहरूले पापपूर्ण कामहरू गरेकाछौ। तिमीहरूलाई मैले कहिल्यै चिनेको छैन।"

## बुद्धिमान र मूर्खमानिसहरू

*(लूका ६:४७-४९)*

२४"हरेक व्यक्ति जो मैले भनेका यी कुराहरू सुन्छ अनि पालन गर्छ उनै बुद्धिमान हो। बुद्धिमान मानिसले आफ्नो घर चट्टानमा निर्माण गरेको छ। २५त्यहाँ घनघोर पानी पर्‍यो अनि बाढ़ी आयो। तुफानी हुरीले त्यो घरलाई हान्यो। तर पनि त्यो घर ढलेन। किनकि त्यो घर चट्टानमाथि निर्माण गरिएको थियो। २६तर प्रत्येक व्यक्ति जसले मेरा कुरा सुन्छ तर मेरो अनुसरण गर्दैन, त्यो एउटा मूर्ख मानिस जस्तै हो। उसले आफ्नो घर बालुवामाथि बनायो। २७अति बृष्टिको कारणले बाढ़ी आयो, आँधीले घरलाई हान्यो अनि त्यो ठूलो आवाज सहित ढल्यो।" २८येशूले यी कुराको उपदेश गरिसक्नु भएपछि उहाँका उपदेशले मानिसहरू छक्क परे। २९किनकि येशूले तिनीहरूका कानुनको शास्त्रीहरूले झैं सिकाउनु भएन। तर अख्तियार भएका व्यक्तिले जस्तो सिकाउनु भयो।

## येशुद्वारा कुष्टरोगीलाई निको पार्नुभयो

*(मर्कूस १:४०-४५; लूका ५:१२-१६)*

८ येशू डाँड़ाबाट ओर्लनुभयो। अनेकौं मानिसहरूले उहाँलाई पछ्याए। २त्यसैबेला एउटा कुष्टरोगी उहाँ छेउ आइपुग्यो। येशूको अघि आफ्नो शिर निहुराँउदै त्यसले भन्यो, "परमप्रभु तपाँइको इच्छा भए मलाई जाति पार्न सक्नुहुन्छ।"

३येशूले त्यो मानिसलाई छुनु भयो। उहाँले भन्नुभयो, "म तिमीलाई जाति गर्न चाहन्छु। तिमी जाति भइजाऊ।" अनि तुरून्तै उसको कुष्ट रोग जाति भइहाल्यो। ४तब येशूले त्यस मानिसलाई भन्नुभयो, "हेर कि यसबारे तिमीले कसैलाई नभन्नू। तर आफै जाऊ अनि पूजाहारीलाई देखाऊ र प्रमाणको लागि मोशाको आज्ञानुसार, तिनीहरूका समक्ष भेटी चढ़ाऊ। जसले गर्दा मानिसहरूले तिमीलाई जाति भएको देख्न सक्ने छन्।"

## येशूले अधिकारीको नोकरलाई जाति पार्नुभयो

*(लूका ७:१-१०; यूहन्ना ४:४३-५४)*

५येशू कफर्नहुममा पुग्नुभयो। जब उहाँले नगरमा प्रवेश गर्नुभयो, एकजना सेनाका अधिकारी उनी कहाँ आए अनि उहाँको सहयोगको निम्ति याचना गरे। ६अधिकारीले भने, "प्रभु! मेरो नोकर पक्षवातले थलिएर मेरो घरमा पलङ्गमा लडिरहेको छ। उसले आफ्नो शरीर घुमाउनु-फिराउनुसम्म सकेको छैन अनि उग्र व्यथाले पीड़ित छ।"

७येशूले ती अधिकारीलाई भन्नुभयो, "म त्यहाँ जानेछु अनि तिनलाई निको पारिदिनेछु।"

८अधिकारीले जवाफ दियो, "परमप्रभु! तपाईं मेरो घरमा पस्न हुने त्यति योग्यको म छैन। तर तपाईंले एक वचन भनि दिनुहोस् अनि मेरो नोकर निको भइहालोस्। ९म केही अरू कसैको अधिनमा छु। अनि मेरो अधिनमा अरू सैनिकहरू छन्। यदि मैले कुनै एकजना सिपाहीलाई भनें, 'जाऊ' अनि उ जान्छ। अनि अर्को एक सिपाहीलाई मैले भनें, 'आऊ', अनि उ आँउछ। यदि मैले मेरो नोकरलाई भनें, "यो गर" अनि उसले त्यो गर्छ। मलाई थाहा छ तपाईंलाई पनि यस्तो गर्ने शक्ति छ।"

१०जब येशूले यी सबै कुराहरू भनेको सुन्नुभयो, उहाँ आश्चर्यचकित हुनुभयो। उहाँले आफ्नो साथमा भएका ती सबै मानिसहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, इस्राएलमा पनि मैले कुनै व्यक्ति यस्तो दृढ़ विश्वासी भएको पाइन। ११धेरै मानिसहरू पूर्व र पश्चिमबाट आई पुग्ने छन् अनि तिनीहरू स्वर्गको राज्यमा अब्रहाम, इसहाक र याकूब सँग भोजन गर्नका निम्ति मेचमा बस्नेछन्। १२तर मानिसहरू जसको राज्य हुनुपर्ने थियो तिनीहरू अन्धकार भित्र अफालिइनेछन्। अनि त्यो ठाउँमा मानिसहरू व्यथाले रूवाबासी र दाहा किट्नेछन्।"

१३तब येशूले त्यस अधिकारीलाई भन्नुभयो, "तिम्रो घरमा जाऊ। तिमीले विश्वास गरे जस्तै तिम्रो नोकर

निको भइसकेको हुनेछ।" अनि ठीक त्यसैबेला उसको
नोकर निको भयो।

### येशूद्वारा धेरै मानिसहरू निको पारिएका

*(मर्कूस १:२९-३४; लूका ४:३८-४१)*

[१४]येशू पत्रुसको घरमा जानुभयो। त्यहाँ येशूले पत्रुसको
सासू कड़ा ज्वरोले थलिएर पलङ्मा लड़िरहेको पाउनु
भयो। [१५]जसै येशूले तिनको हात छुनु भयो तिनी निको
भइन्। अनि तिनी उठिन् र उहाँको सेवा गरिन्।
[१६]त्यसै साँझ मानिसहरूले भूत लागेका धेरै जनालाई
लिएर येशूकहाँ आए। येशूले भूतहरूलाई खेद्नु भयो।
जो-जो विमारी परेका थिए ती सबै ठीक भए। [१७]यशैया
अगमवक्ताले भनेका सबै कुरा येशूले पूरा गर्नुभयो:

"उहाँले हाम्रा यातनाहरू हटाइदिनु भयो, अनि
हाम्रा रोगहरू उहाँले बोक्नु भयो"

*यशैया ५३:४*

### येशूका चेलाहरू

*(लूका ९:५७-६२)*

[१८]येशूले देख्नुभयो उहाँलाई धेरै मानिसहरूले घेरेका
थिए। अनि आफ्ना चेलाहरूलाई झीलको अर्को तिर
जानु भन्नु भयो। [१९]त्यसबेला एकजना शास्त्रीहरू उहाँकहाँ
आए अनि भने, "हे गुरूज्यू। तपाईँ जता जता जानुहुन्छ,
म तपाईंको पछि पछि लाग्नेछु।"
[२०]येशूले तिनलाई भन्नुभयो, "स्यालहरूका बस्ने
प्वाल हुन्छ, चराचुरूङ्गीको बस्ने गुँड़ हुन्छ। तर मानिसको
पुत्रको लागि ता शिर अढ़ाउने ठाउँ सम्म छैन।"
[२१]अर्को एकजना मान्छे, जो येशूको चेलाहरूमध्ये
एकजना थियो तिनले येशूलाई भने, "हे परमप्रभु,
पहिला गएर मलाई मेरा बाबुलाई गाड्न दिनुहोस्।
त्यसपछि म तपाईंलाई पछ्याउनेछु।"
[२२]तर येशूले ती मानिसलाई भन्नुभयो, "मेरो पछि
लाग, मरेका मानिसहरूले तिनीहरूको आफ्नो मुर्दाहरूलाई
आफै गाड़ुन।"

### येशूद्वारा आँधीको रोकावट

*(मर्कूस ४:३५-४१; लूका ८:२२-२५)*

[२३]येशू एउटा डुङ्गामा चढ्नुभयो अनि उहाँका चेलाहरू
पनि पछि लागे। [२४]जब डुङ्गाले किनार छाड्यो, त्यसैबेला
झीलमा अचानक एक भयङ्कर आँधी शुरू भयो।
छालहरूले डुङ्गालाई प्राय: छोप्यो। तर येशू सुतिरहनु
भएको थियो। [२५]चेलाहरू गए अनि ब्युँझाए अनि
तिनीहरूले भने, "हे परमप्रभु, हामीलाई बँचाउनुहोस्
हामी डुब्न लागिरहेछौं।"
[२६]येशूले भन्नुभयो, "तिमीहरू किन डराउँछौ?
तिमीहरूसित त्यत्ति विश्वास छैन।" तब येशू उठ्नुभयो
अनि आँधी र छालहरूलाई आज्ञा गर्नु भयो। आँधी
थामियो, अनि झीलमा पुरा शान्ति हुनगयो।
[२७]सबै मानिसहरू छक्क परे। तिनीहरू भन्नलागे,
"उहाँ कस्तो मानिस हुनुहुन्छ? किनभने हावा अनि
समुद्रले पनि उहाँको आज्ञा मान्दो रहेछ।"

### भूत लागेको दुइजना मानिसहरूलाई चंगाई पार्नु भयो

*(मर्कूस ५:१-२०; लूका ८:२६-३९)*

[२८]गदरिनीहरूको मुलुकको एउटा झीलको अर्कोतर्फ
येशू आइपुग्नु भयो। त्यहाँ दुइजना मानिस येशूकहाँ
आए। तिनीहरूलाई भूत लागेको थियो। तिनीहरू
चिहानगुफामा बस्दथे। तिनीहरू अत्यन्तै डरलाग्दो थिए।
यसले गर्दा मानिसहरू त्यो बाटो भएर हिँड़ने आँट गर्दैन
थिए। [२९]ती दुइजना येशू कहाँ आए अनि चिच्याउन
लागे, "हामीबाट तिमी के चाहन्छौ, परमेश्वरको-पुत्र?
के ठीक समयको अघिबाटै हामीलाई दण्ड दिन तिमी
यहाँ आएका हौ?"
[३०]छेवैको क्षेत्रमा सुँगुरहरूको एक बथान चरिरहेको
थियो। [३१]भूतहरूले येशूलाई बिन्ती गर्न लागे, "यदि
तपाईंले यी मानिसहरूबाट हामीलाई धपाउन चाहनुहुन्छ
भने, दया गरी हामीलाई ती सुँगुरको बथानमा पस्न
दिनुहोस्।"
[३२]येशूले तिनीहरूलाई भन्नुभयो, "जाऊ!" तब ती
भूतहरूले मानिसहरूलाई छाड़े र सुँगुरहरूमा पसे। त्यसपछि
ती सम्पूर्ण बथानहरू डाँड़ाको भिरालो धारबाट झील
तिर ओह्रलिए। ती सबै झीलमा डुबे। [३३]ती रखवालाहरू
भागे र शहरतिर गए अनि सबैलाई सुँगुरहरू अनि
भूतहरू चढ़ेका मानिसहरू बारेको कथा सुनाउन थाले।
[३४]तब नगरका सबै मानिसहरू येशूलाई हेर्न गए। जब
मानिसहरूले येशूलाई देखे, तिनीहरूले तिनीहरूको मुलुक
छाड़न भनी निवेदन गरे।

## येशूले पक्षवातको रोगीलाई निको पार्नुभयो
*(मर्कूस २:१-१२; लूका ५:१७-२६)*

९ येशू एउटा डुङ्गामा चढ्नुभयो अनि झील पार
गर्नुभयो अनि आफ्नो शहरमा पुग्नुभयो। २केही
मानिसहरू एकजना पक्षवात रोगीलाई आफूहरूसित लिएर
येशू भएकहाँ पुगे। त्यो मानिस ओछ्यानमै लड्रिरहेको
थियो। येशूले देख्नु भयो कि तिनीहरूमा औधी विश्वास
छ। अनि उहाँले त्यो पक्षवातको रोगीलाई भन्नुभयो,
“सुखी होऊ, जवान मान्छे तिम्रो पापहरू क्षमा गरिएको
छ।”
३केही शास्त्रीहरूले यी कुराहरू सुने। तिनीहरूले
आफू माझ त्यस कुराको वहस गरे, “यो मानिस
परमेश्वरले जस्तै कुरा गर्छ उसले परमेश्वरकै निन्दाको
कुरा गरे जस्तो छ।”
४तिनीहरूले यस्तै सोँचिरहेका होलान् भनेर येशूले
जान्नु भयो अनि उहाँले भन्नु भयो, “किन तिमीहरू
यस्तो दुष्ट विचारहरू आफ्नो मनमा राख्छौ? ५-६यो
पक्षवातरोगीलाई कुन भन्नु सजिलो छ: ‘तिम्रा पापहरू
क्षमा गरिए’ अथवा ‘उठ’ र ‘हिँड’ भन्नु। म तिमीहरूलाई
यो देखाउने छु कि यस धरतीमा मानिसको पुत्रलाई पाप
क्षमा गर्ने शक्ति प्राप्त छ। तब येशूले पक्षवातका
रोगीलाई भन्नुभयो, “उठ तिम्रो बिछ्यौना बोक र घर
जाऊ।” ७अनि त्यो मान्छे उठ्यो र घरतिर लाग्यो।
८मानिसहरू यो देखी छक्क परे। मानिसहरूलाई यस्तो
शक्ति प्रदान गरेकोमा तिनीहरूले परमेश्वरको प्रशंसा
गरे।

## येशूद्वारा मत्तीलाई बोलावट
*(मर्कूस २:१३-१७; लूका ५:२७-३२)*

९जब येशू गइरहनु भएको थियो, उहाँले एकजना
मत्ती नाम गरेको मान्छेलाई भेट्नुभयो। मत्ती महसूल
उठाउने अड्डामा बसिरहेका थिए। येशूले भन्नुभयो,
“मसित आऊ।” त्यसपछि मत्ती जुरूक्क उठे अनि येशूको
पछि लागे।
१०येशू बेलुकीको भोजन मत्तीकै घरमा खाँदै हुनु
हुनुहुन्थ्यो। धेरै महसूल उठाउनेहरू र पापीहरू आएका
थिए अनि येशू र उहाँका चेलाहरूसँगै भोजन गर्दै थिए।
११येशूले ती मानिसहरूसँग खाना खाइरहेका फरिसीहरूले
देखे। फरिसीहरूले येशूका चेलाहरूलाई सोधे, “किन
तिमीहरूका गुरूले महसूल उठाउने र पापीहरूसँग बसेर
खाना खानु भएको?”
१२फरिसीहरूले भन्दै गरेको कुरा येशूले सुन्नुभयो।
अनि उहाँले भन्नुभयो, “खास मानिसहरूलाई वैद्यको
आवश्यकता पर्दैन। जो रोगी छन् उसैलाई वैद्यको
आवश्यकता पर्दछ। १३म तिमीहरूलाई एउटा कुरा
भन्नेछु। जाऊ अनि सिक, यसको अर्थ के हो: ‘म
पशुको बलिदान चाहन्नँ। म मानिसहरूमा दया चाहन्छु।’*
म यहाँ धार्मिक मानिसहरूलाई भेट्न आएको होइन। म
यहाँ पापीहरूलाई भेट्न आएको हुँ।”

## येशू अरू यहूदीहरू जस्ता हुनुहुन्न
*(मर्कूस २:१८-२२; लूका ५:३३-३९)*

१४त्यसपछि यूहन्नाका चेलाहरू येशूकहाँ आए।
तिनीहरूले येशूलाई भने, “हामी अनि फरिसीहरू धेरै
जसो उपवास बस्तछौं। तर तपाईंका चेलाहरू किन
उपवास बस्तैनन्?”
१५येशूले भन्नुभयो, “विवाहका बेलामा जो दुलहासँग
हुन्छन्, दुःखी हुन सक्तैनन्। तर त्यस्तो समय आउँछ
जब तिनीहरूबाट दुलहालाई अलग लगिन्छ। तब तिनीहरू
दुःखी बन्छन्। अनि तिनीहरू उपवास लिन्छन्।
१६“कसैले पुरानो वस्त्रमा भएको प्वालमा नखुम्चिएको
लुगाको टुक्रा टाल्दैन। यदि कसैले त्यसो गरे त्यो टालो
पुरानो लुगाबाट च्यातिन्छ र त्यो प्वाल झन नराम्रो
हुन्छ। १७कसैले पनि नयाँ दाखरसलाई दाखरसको पुरानो
थैलाहरूमा हाल्दैन। किनभने दाखरसको पुरानो थैलाहरू
फुटनेछन्, दाखरस पोखिनेछ अनि थैलाहरू नष्ट हुनेछन्।
तर मानिसहरूले नयाँ थैलाहरूमा नयाँ दाखरस हाल्दछन्।
अनि दाखरस र थैलाहरू दुबै सुरक्षित रहन्छन्।”

## येशूद्वारा मृत युवतीले जीवन फिर्ता पाउँछिन् अनि रोगी स्त्री आरोग्य प्राप्त गर्छिन्
*(मर्कूस ५:२१-४३; लूका ८:४०-५६)*

१८येशू यी कुराहरू भनिरहनु हुँदैथियो, त्यसैबेला
महासभाका एकजना प्रमुख उहाँकहाँ आए। येशूको
अधि शिर झुकाए, अनि भने, “मेरो छोरी भर्खरै
स्वर्गबास भई, कृपया आउनुहवस् अनि तपाईंको हात

---

**‘म पशुको … दया चाहन्छु’** होशे ६:६।

त्यसमाथि राखिदिनुहोस् अनि त्यसले आफ्नो जीवन फिर्ता
पाउनेछ।"
[१९]तुरुन्तै येशू उठ्नु भयो अनि तिनीसित जानुभयो।
उहाँका चेलाहरू पनि पछि लागे। [२०]बाह्र बर्षदेखि रगत
बहने रोगले ग्रस्त एक स्त्री त्यहाँ थिईन। येशूको
पछिल्तिर आएर उसले उहाँको बस्त्रलाई छोइन्। [२१]त्यो
स्त्रीले सोँच्दै थिइन, "यदि मैले उहाँको कोट छोएँ मात्र
भने पनि म ठीक भइजानेछु।" [२२]येशू पछिल्तिर फर्किनु
भयो अनि उसलाई देख्नु भयो अनि भन्नु भयो, "प्यारी
छोरी खुशी होऊ। तिम्रो विश्वासले तिमीलाई निको
पारेको छ।" त्यतिनै बेला त्यो स्त्री ठीक भइन्।
[२३]येशू यहूदी शासकसँग हिँड़दै हुनुहुन्थ्यो। उहाँ
तिनको घरमा पुग्नुभयो। उहाँले मानिसहरूलाई शोक
संगीत बजाइरहेको देख्नुभयो। उहाँले धेरै मानिसहरूलाई
त्यहाँ रोइरहेको देख्नुभयो (किनभने युवती मरेको थिई)।
[२४]येशूले भन्नुभयो, "पर जाऊ। यो युवती मरेकी छैन।
उ केवल निदाइरहेकी छे।" यो देखेर मानिसहरूले
उहाँको हाँसो गरे। [२५]जब मानिसहरूलाई घरबाट बाहिर
पठाइए, तब येशू युवतीको कोठामा प्रवेश गर्नुभयो।
उहाँले युवतीको हात समात्नु भयो अनि त्यो युवती
उठी। [२६]तब यस कुराको खबर सारा मुलुक भरि
फिँजियो।

## येशूद्वारा धेरै मानिसहरू निको भएका

[२७]जब येशू त्यो स्थानबाट गइरहनु भएको थियो,
दुइजना अन्धो मानिसले उहाँलाई पछ्याए। ती अन्धाहरूले
ठूलो स्वरले भन्न लागे, "हे दाउदका पुत्र, कृपया
हामीलाई सहायता गर्नुहवस्।"
[२८]जब येशू घरभित्र पस्नुभयो, ती अन्धा मानिसहरू
उहाँकहाँ आए। उहाँले ती अन्धाहरूलाई भन्नुभयो, "के
म तिमीहरूलाई फेरि देख्नसक्ने बनाउँछु भनेर तिमीहरूलाई
विश्वास लाग्छ?" अन्धा मानिसहरूले उत्तर दिए, "हो,
परमप्रभु, हामीलाई विश्वास लाग्छ।"
[२९]त्यसपछि येशूले तिनीहरूका आँखाहरू छुनु भयो
अनि भन्नुभयो, "मैले तिमीहरूलाई देख्नसक्ने बनाउनु
सक्छु भन्ने विश्वास तिमीहरूसित छ। यस्तै हुन देऊ।"
[३०]त्यसपछि तिनीहरूले तुरुन्तै देख्न सके। येशूले तिनीहरूलाई
कड़ा चेतावनी दिनु भयो, उहाँले भन्नु भयो, "यो कसैले
थाहा पाउनु हुँदैन।" [३१]तर ती अन्धा मानिसहरू बाहिर
गए अनि येशूको खबर त्यस क्षेत्रमा चारैतिर फिँजाए।
[३२]जब ती दुइ मानिस जान लागेका थिए, केही
मानिसहरूले अर्को एकजनालाई येशूकहाँ ल्याए। उसलाई
भूत लागेको हुनाले त्यो व्यक्तिले बोल्ने शक्ति गुमाएको
थियो। [३३]येशूले त्यस मानिसबाट भूत भगाइदिनुभयो।
त्यसपछि त्यो मान्छे बोल्न थाल्यो। मानिसहरू छक्क परे
अनि भन्नलागे, "इस्राएलमा यसप्रकारको घटना पहिले
कहिल्यै घटेको देखिएको थिएन।"
[३४]तर फरिसीहरूले भने, "भूतहरूको नेता एउटै छ
जसले उहाँलाई भूत धपाउने शक्ति दिएको छ।"

## येशू मानिसहरूको लागि दुःख मान्नु हुन्छ

[३५]येशूले सारा शहर र गाउँहरू हुँदै यात्रा गर्नुभयो।
तिनीहरूका महासभाहरूमा शिक्षा दिनु भयो अनि राज्यको
बारेमा सुसमाचारहरू प्रचार गर्नु भयो।। येशूले सबै
प्रकारका रोग र बिमारीहरू निको पार्नुभयो। [३६]उहाँले
भीड़ देख्नुभयो अनि उनीहरूको निम्ति दयावान बन्नुभयो।
किनभने तिनीहरू असहाय अनि चिन्तित थिए। तिनीहरू
गोठालो नभएका भेड़ाँहरू जस्तै थिए। [३७]येशूले आफ्ना
चेलाहरूलाई भन्नुभयो, "फसल काट्न धेरै छन् तर
फसल काट्ने कर्मीहरू कम्ती छन्। [३८]प्रभु फसलका
मालिक हुनुहुन्छ। उहाँलाई प्रार्थना गर जसद्वारा उहाँले
आफ्ना फसल संग्रह गर्न अधिक कर्मीहरू पठाउनु
हुनेछ।"

## येशू प्रचारका निम्ति आफ्ना प्रेरितहरूलाई पठाउनु हुन्छ

*(मर्कूस ३:१३-१९; ६:७-१३; लूका ६:१२-१६; ९:१-६)*

**१०** येशूले उहाँका बाह्र चेलाहरूलाई बोलाउनु भयो।
उहाँले तिनीहरूलाई दुष्टात्माहरूलाई धपाउने
सामर्थ्य दिनुभयो। उहाँले हरेक प्रकारको रोग र विमारहरू
निवारण गर्न सक्ने सामर्थ्य तिनीहरूलाई दिनुभयो। [२]ती
बाह्र प्रेरितहरूको* नाउँ यस प्रकार छ: शिमोन जसलाई
पत्रुस पनि भनिन्छ अनि उसको भाइ आन्द्रियास,
याकूब, जब्दीको छोरो याकूब; अनि उसको भाइ
यूहन्ना; [३]फिलिप र बारथोलोमाइ; थोमास र मत्ती, कर
उठाउने; याकूब, अल्फयसको छोरो; र थेदियस; [४]शिमोन
कनानी* र इस्करयोतको यहूदा, जसले येशूलाई
विश्वासघात गरेको थियो।

---

**प्रेरितहरू** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिसहरू।

**कनानी** कनानीहरू एक यहूदी राजनैतिक दलकाहरू थिए।

५येशूले यी बाह्रजना प्रेरितहरूलाई आज्ञा दिनुभयो।
त्यसपछि उहाँले तिनीहरूलाई राज्यको विषयमा प्रचार
गर्न भनी पठाउनुभयो। येशूले भन्नुभयो, “अयहूदीहरूकहाँ
नजाऊ। अनि त्यो कुनै पनि शहरमा नजाऊ जहाँ
समारिहरू बस्छन्। ६बरू इस्राएली मानिसहरूकहाँ जाऊ।
तिनीहरू हराएका भेड़ाँहरू झैं छन्। ७जब तिमीहरू
जान्छौ, घोषणा गर: ‘स्वर्गको राज्य आउनै लागेको छ।’
८रोगीहरूलाई निको पार, मरेकाहरूलाई जीवनमा ल्याऊ।
कुष्ट रोगीहरूको उपचार गर। मानिसहरूबाट भूत
धपाऊ। म तिमीहरूलाई सित्तैंमा यी शक्तिहरू दिन्छु।
यसर्थ सित्तैंमा तिनीहरूलाई सघाऊ। ९तिमी आफ्ना
साथमा पैसा सुन, चाँदी र तावाँहरू नलैजाऊ। १०झोला
समेत नबोक यात्राका निम्ति लाउने फाल्टो लुगाफाटा
वा जुत्ता नलैजाऊ। हिड्नँलाई लौरो समेत नबोक। एक
कर्मीलाई उसले चाहेका सबै चीजहरूको बन्दोबस्त
हुनुपर्छ।

११“जब तिमीहरू कुनै नगर वा शहरतिर जान्छौ
त्यहाँ कुनै न कुनै योग्य व्यक्तिलाई भेट अनि त्यो स्थान
न छाड़े सम्म उसको घरमा बस। १२तिमी घरभित्र पस्न
साथै त्यसलाई भन, ‘तपाईंलाई शान्ति होओस्।’ १३घरभित्र
भएका मानिसहरूले तिमीहरूलाई स्वागत जनाए भने
तिनीहरू तिम्रो शान्तिको कामना ग्रहण गर्न योग्यका
छन्। यदि तिनीहरूले स्वागत नजनाए तिमीहरूको शान्तिको
कामना फिर्त्ता लेऊ किनभने तिनीहरू तिमीहरूको शान्ति
कामनाका योग्य छैनन्। १४यदि कुनै घर वा शहरले
तिमीहरूलाई स्वागत नगरे अथवा तिमीहरूको कुरा
नसुने, त्यो ठाउँ छोड़दा गोड़ाको धुलोसम्म टक्टकाउनु।
१५तिमीहरूलाई म साँचो भन्दछु। न्यायको दिनमा तिनीहरू
प्रतिको व्यवहार सोदोम र गमोरा नगरहरू प्रतिको भन्दा
नराम्रो हुनेछ।

## येशूद्वारा समस्याहरू बारे चेतावनी

*(मर्कूस १३:९-१३; लूका २१:१२-१७)*

१६“सुन! म तिमीहरूलाई ब्वाँसोका बीचमा भेंड़ा झै
पठाउँछु। यसकारण सर्प झैं चनाखो बन। अनि ढुकुर
झैं निर्दोष बन। १७सबै मानिसहरूदेखि सतर्क बन।
तिनीहरूले तिमीहरूलाई गिरफ्तार गर्नेछन् अनि अदालतमा
पठाइदिनेछन्। तिनीहरूले आफ्नो सभाघरहरूमा लगेर
कोर्रा लाउनेछन्। १८तिनीहरूले तिमीहरूलाई राज्यपाल
अनि राजाहरूकोमा अघि लानेछन्। मेरो कारणले गर्दा
तिनीहरूले यसो गर्नेछन्। तिमीहरू ती हाकिम अनि
राजाहरू अनि अ-यहूदीहरूको समक्ष मेरो बारेमा भन्नेछौ।
१९जब तिमीहरू गिरफ्तार हुनेछौ, के बोल्नु पर्ने र
कसरी बोल्नु पर्ने भन्ने बारे चिन्तित नबन। त्यसबेला
तिमीहरूले भन्नु पर्ने कुराहरू तिमीहरूलाई बताइनेछ।
२०वास्तवमा तिमीहरू बोल्दैनौ परमपिताको आत्मा तिमी
मार्फत बोल्नुहुनेछ।

२१“दाजु भाइहरू आफ्नै दाजु-भाइहरूको विरुद्ध
हुनेछन् अनि तिनीहरूलाई मार्न लाउने छन्। बाबुहरूले
आफ्नै छोराहरूलाई मार्न लाउनेछन्। छोराछोरीहरू
आमाबाबुहरूको विरूद्ध उठ्नेछन्, र तिनीहरूलाई मार्ने
व्यवस्था गर्नेछन्। २२सबै मानिसहरूले तिमीहरूलाई
घृणा गर्नेछन् किनभने तिमीहरूले मलाई पछ्याउन लागेको
हुनेछौ। तर जसले आखिरसम्म सहन्छ उसको उद्धार
हुनेछ। २३जब एउटा शहरबाट तिमीहरू खेदिनेछौ तब
अर्को शहरमा जाऊ। म तिमीहरूसित साँचो भन्दछु।
तिमीहरू मानिसको पुत्र आउनको अघिबाट नै इस्राएलको
सबै शहरहरू भएर जान समर्थ हुने छैनौ।

२४“कुनैपनि चेला यस्तो हुँदैन जो गुरू भन्दा श्रेष्ट
होस्। कुनै पनि दास यस्तो हुँदैन जो मालिकभन्दा श्रेष्ठ
होस्। २५एउटा चेलाको निम्ति आफ्ना गुरू जस्तै बन्नु
पर्याप्त छ। एक दासको निम्ति आफ्ना मालिक जस्तै
बन्नु पर्याप्त छ। यदि घरका ठूलाबड़ालाई नै बीलजीबुल
अथवा शैतान भनिन्छ भने, परिवारका अरू सदस्यहरूलाई
त्यो भन्दा नराम्रो कहलाइने छ।

## परमेश्वरसंग डराऊ मानिसहरूसंग होइन

*(लूका १२:२-७)*

२६“यसकारण ती मानिसहरूदेखि डराउने काम छैन।
छोपिएका प्रत्येक कुरा उघारिइनेछ। गुप्त रहेका प्रत्येक
कुरालाई प्रकट गरिइनेछ। २७यी सबै कुराहरू म
तिमीहरूलाई अँध्यारोमा भन्छु तर तिमीहरूले यो कुरा
उज्यालोमा भन्नु पर्छ। यी कुराहरू म तिमीहरूका
कानमा कानेखुशी गर्नेछु तर तिमीहरूले यी सबै कुराहरू
सबैलाई खुल्लम खुल्ला भन्नु पर्दछ। २८मानिसहरूदेखि
भय प्राप्त नगर। तिनीहरूले खालि तिम्रो शरीर मार्नेछन्।
तिनीहरूले आत्मालाई मार्न सक्ने छैनन्। तिमीहरू उनी
एकसित डराउनु पर्नेछ जसले तिम्रो शरीर र आत्मालाई
नै नर्कमा लैजान्छ। उहाँले शरीर र आत्मालाई नरकमा

पठाउनु सक्न हुन्छ। २९चराहरू बेच्नुपर्दा दुइटा चराको
दाम एक पैसा मात्र तिर्नु पर्नेछ। तर तिम्रा पिताको
इच्छा बिना एउटै चरापनि मर्न सक्तैन। ३०तिम्रा टाउँकामा
कतिवटा केशहरू छन् ती समेत परमेश्वरले जान्नुहुन्छ।
३१यसकारण डर नमान। तिमीहरू ती चराहरूभन्दा धेरै
उत्कृष्ट छौ।

### विश्वास बारेमा बहस

*(लूका १२:८-९)*

३२"जब कुनै एक व्यक्ति अरू मानिसहरूको सम्मुख
हुन्छ अनि भन्छ कि ममाथि उसको विश्वास छ तब म
पनि स्वर्गको पिता अघि भन्नेछु त्यो मानिस मेरै हो
भनी। ३३तर जब कुनै व्यक्ति अरूको सम्मुख उभिएर
उसको ममाथि म विश्वास छैन भनेर भन्छ भने त्यो
मानिस मेरो आफ्नो होइन भनेर म भन्नेछु। मेरा स्वर्गको
पिता अघि पनि म यसै भन्नेछु।

### येशूलाई पछ्याउनाले दु:ख लिन सक्नेछ

*(लूका १२:५१-५३; १४:२६-२७)*

३४"यस्तो पनि नसम्झ कि म पृथ्वीमा शान्ति
ल्याउन आएको हुँ। म पृथ्वीमा शान्ति ल्याउनलाई
आएको होइन। तर म तरवार ल्याउनुलाई आएको हुँ।
३५-३६म यो उद्देश्यले आएको हुँ।

> 'कुनै व्यक्तिको परिवारको इच्छा पत्रमा नाउँ भएका आफ्नै मान्छे उसको निम्ति शत्रु बन्द छ। एउटा छोरो बाबुको विरूद्ध हुन्छ, एउटी छोरी उसकी आमाको विरूद्ध हुन्छे, एउटी बुहारी उसकी सासूको विरूद्ध हुन्छे।'
>
> *मिका ७:६*

३७"जसले मलाईभन्दा आफ्ना बाबु-आमालाई धेरै
माया गर्छ उ मलाई अनुसरण गर्न योग्यको हुँदैन।
जसले मलाईभन्दा धेरै माया आफ्नो छोरा-छोरीलाई गर्छ,
उ मलाई अनुसरण गर्न योग्यको हुँदैन। ३८यदि कुनै
व्यक्तिले उसले मलाई अनुसरण गरेको बेला उसलाई
दिएको क्रूस स्वीकार गर्दैन भने उ मलाई अनुसरण गर्ने
योग्य को हुँदैन। ३९जसले आफ्नो जीवनलाई भेटछ
त्यसलाई गुमाउनेछ। तर जसले आफ्नो जीवन मेरो
निम्ति गुमाउँछ उसले यसलाई प्राप्त गर्नेछ।

### जसले तिमीलाई ग्रहण गर्छन्, परमेश्वरले आशिष दिनुहुन्छ

*(मर्कूस ९:४१)*

४०तिमीहरूलाई जसले ग्रहण गर्छ मलाई पनि ग्रहण
गर्दछ। अनि जसले मलाई ग्रहण गर्छ मलाई पठाउने
परमेश्वरलाई पनि ग्रहण गर्दछ। ४१जसले अगमवक्तालाई
भेटछ अनि उनको स्वागत गर्छ उसले अगमवक्ताको
इनाम पाउँछ। त्यसरी नै जसले एक असल मानिसलाई
ग्रहण गर्दछ, किनभने उनीएक असल मानिसहुन् उसले
असल व्यक्तिको इनाम पाउँछ। ४२यदि कसैले यी
सानाहरू मध्ये, जो मेरा चेलाहुन्, कसैलाई सहायता
गर्ला उसले आफ्नो इनाम पाउनेछ। त्यस व्यक्तिले एक
कचौरा चिसोपानी मात्र दिएता पनि इनाम पाउने छ।"

### येशू र बप्तिस्मा दिने यूहन्ना

*(लूका ७:१८-३५)*

**११** आफ्ना बाह्रै चेलाहरूलाई शिक्षा दिँदै येशूले
आफ्ना कुराहरू शेष गर्नुभयो। त्यसपछि उहाँ
गालिलीका शहरहरू तिर प्रचार गर्न अनि शिक्षा दिन
जानुभयो।

२बप्तिस्मा दिने यूहन्ना कैदमा थिए। ख्रीष्टले गरेका
सबै कुराहरू उनले सुने। अनि यूहन्नाले आफ्ना चेलाहरूलाई
येशूकहाँ पठाए। ३यूहन्नाका चेलाहरूले येशूलाई सोधे,
"यूहन्नाले आउँदैछ भन्नुभएको मानिस तपाईं नै हुनुहुन्छ,
कि अरू कुनै मानिसलाई हामीले पर्खनु पर्ने हो?"
४येशूले भन्नुभयो, "यूहन्नाकहाँ जाऊ तिमीहरूले
सुनेका अनि देखेकाबारे वर्णनगर। ५अन्धोहरूले दृष्टि
फेरि पाउँछन्; लङ्गडो मानिस हिड्ँनसक्ने हुन्छन्; कुष्ट
रोगीहरू जाति हुन्छन्; बैह्रोहरू सुन्नसक्ने हुन्छन्; मरेकाहरू
जागी उठ्छन्; अनि गरीव मानिसहरू सुसमाचारहरू
सुन्छन्। ६यदि कुनै व्यक्तिले मलाई ग्रहण गरे तिनी धन्य
हुन्छन्।"

७जब यूहन्नाका चेलाहरू आफ्ना मार्गमा जाँदैथिए,
येशूले ती मानिसहरूलाई यूहन्नाको बारेमा भन्न लाग्नु
भयो। उहाँले भन्नुभयो, "तिमीहरू मरूभूमिमा के हेर्न
निस्क्यौ? के बतासले हल्लाइराखेको निगालोलाई?
८वास्तवमा केको निम्ति तिमीहरू मरूभूमिमा गयौ?
राम्रो वस्त्र पहिरने मानिसलाई हेर्न? ती मानिसहरूलाई
राम्रा-राम्रा वस्त्र पहिरिनेहरू जो राजमहलहरूमा बस्छन्।
९यदि यसो होइन भने के हेर्नलाई तिमीहरू बाहिर

निस्केका हौ? कुनै एक अगमवक्ता? हो, म भन्दछु, यूहन्ना नै एक अगमवक्ताभन्दा महान हुन्। १०यूहन्ना नै एकहुन् जसको विषयमा धर्मशास्त्रमा लेखिएको छ:

> 'सुन! म आफ्नो दुतलाई तिमीहरूको अघि पठाउँछु। उसले तिमीहरूकोलागि बाटो तयार गरिदिनेछ।' *मलाकी ३:१*

११म तिमीहरूलाई साँचो भन्दछु: वप्तिस्मा दिने 'यूहन्ना पृथ्वीमा जन्मेका कुनै पनि मानिसभन्दा महान छन्। तरैपनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यूहन्नाभन्दा ठूलो हो। १२बप्तिस्मा दिने यूहन्नाको समयदेखि यसो अहिलेसम्म स्वर्गको राज्य बलजफत अघि बढ्दैछ। बलको प्रयोग गर्ने मानिसहरू स्वर्गराज्यलाई आफ्नो स्वामीत्वमा ल्याउने प्रयास गरिरहेका छन्। १३सबै अगमवक्ताहरू र मोशाको व्यवस्थाले यूहन्नासम्मनै अगमवाणी गरेका छन्। तिनीहरूले पछिहुने ती घटनाहरू प्रति भविष्यवाणी गरेका छन्। १४यदि अगमवक्ता र व्यवस्थाले भनेका कुरामा तिनीहरू विश्वास गर्छौ भने, यूहन्नानै एलिया हो भनेर पनि तिमीहरूले विश्वास गर्नेछौ। व्यवस्था र अगमवक्ताहरूले उनी आउनेछन् भनेर भनेका छन्। १५प्रत्येक मानिस जसले सुन्नुसक्छ, सुन्नु पर्छ।

१६"आजका मानिसहरूको बारेमा मैले के भन्ने? तिनीहरू के जस्ता छन्? आजका मानिसहरू बजारमा खेल्ने ससाना केटाकेटीहरू जस्ता छन्। एक दल का केटाकेटीहरूले अर्का दलकाहरूलाई बोलाउँछन्,

> १७ 'तिमीहरूको निम्ति हामीहरूले संगीत बजायौ,
> तर तिमीहरू नाचेनौ; हामीहरूले दु:खका गीत
> गायौं, तर तिमीहरू दु:खी भएनौ।'

१८मानिसहरू त्यस्तै छन् भनेर मैले किन भनें? किनभने जब यूहन्ना आए उनले अरूले जस्तै खाएनन् अनि दाखमद्य पिएनन। अनि मानिसहरूले भनेछन्, 'उसलाई भूत लागेको छ।' १९मानिसका पुत्र अरू मानिसहरूले जस्तै खाँदै पिउँदै आए। मानिसहरूले भने 'उसलाई हेर, उसले अति धेरै खान्छ अनि एक पियक्कड़ हो। उ कर उठाउनेहरू र पापीहरूको मित्र हो।' तर बुद्धि चाहिँ उसले के गर्छ उसले गरेको कामबाट सिद्ध हुन्छ।"

## येशू विश्वास नगर्नेहरूलाई सतर्क गराउनु हुन्छ

*(लूका १०:१३-१५)*

२०येशूले ती नगरहरूलाई आलोचना गर्न लाग्नु भयो जहाँ उहाँले उहाँका धेरै जस्ता चमत्कारहरू गर्नु भएको थियो। येशूले ती नगरहरूका बासिन्दाहरूलाई आलोचना गर्नु भयो किनभने तिनीहरू आफ्ना जीवन पथ परिवर्त्तन गर्न राजी थिएनन। २१येशूले भन्नुभयो, "ए कोराजिन! तँलाई धिक्कार छ! ए बेथसैदा!* तँलाई धिक्कार छ। मैले तिमीहरूलाई धेरै चमत्कारहरू गरिदिएँ। यदि यस्तै चमत्कारहरू टायर र सदोममा* गरिएको भए त्यहाँका मानिसहरूले धेरै समय अघि नै भाङ्राको बस्त्रलाएर र खरानी धसेर पश्चताप गरिसक्ने थिए। २२तर म भन्दछु, न्यायको दिनमा टायर र सदोमकोभन्दा तिमीहरूको हालत खराब हुनेछ। २३तँ कफर्नहुम, के तँ स्वर्गसम्म उचालिने छस् र? अहँ तँलाई तल मृत्युको स्थान सम्म झारिनेछ। तँमाथि मैले धेरै आश्चर्यमय कामहरू गरेको छु। यदि त्यस्तै चमत्कारहरू सदोममा भएको भए, त्यहाँका मानिसहरूले सबै पापहरू गर्न छोड़िसकेका हुनेथिए अनि त्यो नगर आजसम्म रहनेथियो। २४तर म तिमीलाई भन्छु कि न्यायको दिनमा सदोमको भन्दा तिम्रो हालत अरू नराम्रो हुनेछ।"

## येशू आफ्नु मानिसहरूलाई विश्राम प्रदान गर्नुहुन्छ

*(लूका १०:२१-२२)*

२५त्यसपछि येशूले भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु। म तपाईंको प्रशंसा गर्दछु किनकि तपाईंले यी कुराहरू बुद्धिमान र समझदार मानिसहरूबाट लुकाउनुभयो। तर तपाईंले यी तिनीहरूप्रति प्रकट गरिदिनु भयो जो ससाना बालकहरू झैं छन्। २६मेरा पिता, तपाईंले यस्तो गर्नु भयो, जो वास्तवमै तपाईंले गर्न चाहनु भएको थियो।

२७"मेरा पिताले मलाई सबै व्यवस्था गरिदिनु भएको छ। पिताले बाहेक अरू कसैले पुत्रलाई चिन्दैन। पुत्रले बाहेक अरू कसैले पितालाई चिन्दैन। अनि पुत्रले जुन

---

**कोराजिन, बेथसैदा** गालिली पोखरी छेउका शहरहरू जहाँ येशूले मानिसहरूलाई प्रचार गर्नु भयो।

**टायर र सदोम** लेबनानका शहरहरू जहाँ खराब मानिसहरू वास गर्थे।

मानिसहरू प्रति पितालाई प्रकट गर्ने इच्छा गर्छ तिनीहरूले
मात्र पितालाई चिन्ने छन्।
२८"मकहाँ आऊ। "जो थकित औ कष्टले दविएकाहरू
हो! म तिमीहरूलाई आत्माको निम्ति विश्राम दिनेछु।
२९मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक। म
विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो
आत्मामा विश्राम पाउनेछौ। ३०हो, मेरो कामकुरो ग्रहण
गर्नु सजिलो छ। तिमीहरूलाई दिइने भार हल्का छ।"

## यहूदीहरूद्धारा येशूको चर्चा

*(मर्कूस २:२३-२८; लूका ६:१-५)*

**१२** त्यो समय, येशू शबाथको दिनमा अन्नका
खेतहरूबाट जानुहुँदै थियो, येशूका चेलाहरू
पनि उहाँसँगै थिए। तिनीहरू भोकाएका थिए। ती
चेलाहरू अन्नका बाला टिप्न र खान लागे। २फरिसिहरूले
यो देखे। तिनीहरूले येशूलाई भने, "हेर्नुहोस्! तपाईंको
चेलाहरू शबाथको दिन गर्नु निषेध गरिएका कुरा
गर्दैछन्।"
३उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, तिनी र
तिनीसँगका व्यक्तिहरू भोकाउँदा के गरेथे, के तिमीहरूले
पढ़ेका छैनौ? ४दाऊद परमेश्वरको घरमा गए। दाऊद र
तिनका साथीहरूले परमेश्वरलाई चढाइएको रोटी खाए।
दाऊद र तिनका साथीहरूले यसरी रोटी खानु नियमको
विरूद्ध थियो। केवल पूजाहारीहरूलाई खाने अनुमति
थियो। ५अनि तिमीहरूले मोशाको व्यवस्थामा यो पनि
निश्चयनै पढ़ेको हुनुपर्छ कि कसरी प्रत्येक शबाथको
दिनमा पूजारीहरूले मन्दिरमा शबाथ वा विश्राम नियम
भङ्ग पार्दछन्। तरै पनि पूजाहारीहरूलाई त्यस दोषको
निम्ति दोषी ठानिन्दैन। ६म तिमीहरूलाई भन्दछु, 'यहाँ
मन्दिरभन्दा ठूलो' केही छ। ७धर्मशास्त्रमा भनिएको छ,
'म पशु-बलीको इच्छा गर्दिनँ। म मानिसहरूमा दया
चाहन्छु।'* वास्तवमा तिमीहरू ती शब्दहरूको अर्थ के
हो त्यो पनि जान्दैनौं। यदि ती शब्दहरूका अर्थ
तिमीहरूले बुझ्यौ भने ती निर्दोषहरूलाई तिमीहरूले दोष
लाउने थियौ।
८"मानिसको पुत्र शबाथ दिनको पनि परमप्रभु हो।"

## येशूले डुँडोहात निको पार्नु भयो

*(मर्कूस ३:१-६; लूका ६:६-११)*

९येशू त्यहाँबाट हिँड्नु भयो अनि तिनीहरूको सभाघरमा
जानुभयो। १०उहाँले सभाघरमा एउटा सुकेर चाउरिएको
हात भएको मानिसलाई देख्नु भयो। केही यहूदीहरू
येशूलाई दोष लगाउनलाई निहुँ खोजिरहेका थिए। अनि
तिनीहरूले उहाँलाई सोधे, "के विश्रामको दिनमा कसैलाई
निको पार्नु न्यायोचित छ?"
११उहाँले भन्नुभयो, "यदि तिमीहरूमध्ये कसैको
एउटा भेड़ाँ छ, र त्यो शबाथको दिनमा एउटा खाल्डामा
खस्यो भने के उसले त्यसलाई आफ्नो हातले समातेर
बाहिर तान्दैन? १२अनि एउटा मान्छे भेँड़ाभन्दा अधिक
श्रेष्ठ हुन्छ। त्यसर्थ शबाथको दिनमा भलो गर्नु कानूनले
दिन्छ।"
१३तब उहाँले त्यस डुँडेहात भएको मानिसलाई भन्नुभयो,
"मलाई तिम्रो हात हेर्न देऊ।" त्यसले येशू भएतिर हात
पसा-यो। अनि उसको हात, त्यो अर्को हात जस्तै निको
भयो। १४तर फरिसीहरू बाहिर गए अनि येशूलाई
मार्नका निम्ति योजना बनाए।

## येशू परमेश्वरले चुनेका सेवक थिए

१५फरिसीहरूले के गर्न लागिरहेका थिए सो येशूलाई
थाहा भयो। अनि उहाँले त्यो ठाउँ छोड़नुभयो। धेरै
मानिसहरूले उहाँलाई पछ्याउन लागे। उहाँले सबै
रोगीहरूलाई निको पारी दिनु भयो। १६उहाँले मानिसहरूलाई
चेतावनी दिनुभयो कि उहाँ को हुनुहुन्थ्यो भनी अरूलाई
नभन्नु। १७येशूले यी कुराहरू यशैया अगमवक्ताले
भनेका कुराहरू पूर्ण गर्नका निम्ति गर्नु भयो।

१८ "यहाँ मेरो सेवक छ; मैले उसलाई चुनेको हुँ।
म उसलाई प्रेम गर्छु अनि म उसित खुशी छु।
म मेरो आत्मा उसमा हालि दिनेछु। अनि
उसले नै अन्य राष्ट्रहरू प्रति न्यायको घोषणा
गर्नेछ।
१९ उसले झगड़ा गर्नेछैन न त चिच्याउने नै छ।
उसको स्वर कसैले पनि गल्लीहरूमा सुन्ने
छैन।
२० उसले बाङ्गि सकेको निगालो भाँच्ने छैन।
उसले जलिरहेको दीयो पनि निभाउने छैन जो

---

**'म … चाहन्छु'** होशे ६:६।

निभ्दै जाँदैछ। उसले यी सब गरिरहनेछ जबसम्म
साँचो न्यायले विजय प्राप्त गर्दैन।
२१ सबै राष्ट्रहरूले उमाथिनै आशा गर्नेछ।"
*यशैया ४२:१-४*

### परमेश्वरद्धारा येशूको शक्ति

*(मर्कूस ३:२०-३०; लूका ११:१४-२३; १२:१०)*

२२त्यसपछि केही मानिसहरूले एकजना मानिसलाई
येशूकहाँ ल्याए। उ अन्धो थियो अनि बोल्न सक्दैनथ्यो
किनकि, उसलाई भूत लागेको थियो। उहाँले त्यसलाई
निको पार्नुभयो अनि त्यस मानिसले बोल्न अनि देख्न
सक्यो। २३सबै मानिसहरू चकित भए। तिनीहरूले भने,
"निश्चयनै यी मानिस नै दाऊदका पुत्र हुन् जसलाई
परमेश्वरले हामीकहाँ पठाउने प्रतिज्ञा गर्नु भएको थियो?"
२४फरिसीहरूले मानिसहरूले यसो भनेका सुने।
तिनीहरूले भने, "येशूले मानिसहरूबाट भूत भगाउनका
निम्ति बिल्जीबुलको शक्तिको प्रयोग गर्दछन्। बिल्जीबुल
भूतहरूको नायके हो।"
२५येशूले फरिसीहरूले सोचेका कुरा थाहा पाउनुभयो।
अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "आपसमा झगड़ा
गर्ने कुनै पनि राज्य ध्वंस हुनेछ अनि हरेक नगर जो
विभाजन भएको छ त्यो जीवित रहने छैन। त्यसरीनै
विभाजन भएको कुनै परिवार सफल हुँदैन। २६यदि
शैतानले दृष्टान्तमा खेदछ भने त्यो विभाजित हुन्छ अनि
आफैविरुद्धमा जुझ्छ। तब कसरी उसको राज्य टिक्न
वा चल्न सक्छ? २७तिमीहरूले भन्दैछौ कि मैले
शैतानको शक्तिद्वारा भूतहरू भगाउँदैछु। यदि यो सत्य हो
भने, तिम्रा मानिसहरूले भूत भगाउन कुन शक्तिको
प्रयोग गर्दैछन्। यसकारण तिमीहरूका आफ्नै मानिसहरूले
तिमीहरूको भूल खुट्याउनेछन्। २८तर म परमेश्वरका
आत्माको शक्तिद्वारा भूतहरू भगाउँछु। यसबाट यो थाहा
हुन्छ कि परमेश्वरको राज्य अघिनै तिमीहरूमा आइसकेको
छ।
२९"यदि कुनै व्यक्तिले कुनै एक बलवान व्यक्तिको
घरमा लूटपाट गर्न चाहन्छ भने, सर्वप्रथम उसले त्यो
बलवान व्यक्तिलाई साङ्गलोले बाँधेर राख्नुपर्छ। त्यसपछि
मात्र त्यो व्यक्तिले घर लुट्न सक्दछ।
३०"जो व्यक्ति मसित छैन, त्यो मेरो विरूद्धमा छ।
त्यो, जो मसित काम गर्दैन मेरो विरूद्धमा काम
गरिरहेको हुन्छ। ३१यसैले म तिमीहरूलाई भन्दछु,
तिनीहरूले गरेका हरेक पापका निम्ति मानिसहरूलाई
क्षमा प्रदान गरिन सकिन्छ। अनि तिनीहरूले भनेका सबै
नराम्रा शब्दहरूको निम्ति मानिसहरूलाई क्षमा प्रदान गर्न
सकिन्छ। तर यदि कसैले पवित्र आत्माको विरूद्धमा
कुरा गर्छ भने उसलाई क्षमा गरिनेछैन। ३२यदि कसैले
मानिसका पुत्रका विरूद्धमा कुरा गरे उसलाई क्षमा
हुनेछ। यदि कसैले पवित्र आत्माको विरूद्धमा-कुरा गरे
क्षमा हुनेछैन। त्यस मानिसलाई न ता अहिले क्षमा
दिइन्छ न ता भविष्यमानै।

### तिमीहरूको कर्मले बताउँछ, तिमीहरूको हौ

*(लूका ६:४३-४५)*

३३"यदि तिमीहरू असल फल चाहन्छौ भने तिमीहरूले
बृक्षलाईनै असल तुल्याउनु पर्छ। यदि तिमीहरूको बृक्ष
नै नराम्रो छ भने त्यसको फल पनि असल नराम्रो
हुनेछ। किनकि त्यसको फलबाटनै बोट चिन्न सकिन्छ।
३४ए साँपहरू, तिमीहरू दुष्ट मतिका छौ। तिमीहरूबाट
कसरी असल कुराहरू आउनसक्छ। हृदयमा जे कुरा
थुपारिएको छ त्यही कुराहरूनै मुखले बोल्दछ। ३५असल
व्यक्तिले असलै कुराहरू हृदयमा थुपारेको हुन्छ। यसैले
हृदयमा थुपारेको जस्तो राम्रै कुराहरू उसले बोल्दछ।
तर एउटा दुष्ट व्यक्तिले हृदयमा दुष्ट कुराहरूनै राखेको
हुन्छ अनि बात गरेको बेला हृदयमा भएका दुष्ट
कुराहरू नै उसले बोल्दछ। ३६यसर्थ म तिमीहरूलाई
भन्दछु प्रत्येक मानिसले आफूले बोलेका हरेक लापरवाही
कुराहरूको विवरण न्यायको दिनमा दिनुपर्नेछ। ३७तिमीलाई
तिम्रा आफ्नै कुराहरूद्वारा न्याय गरिनेछ। तिम्रा कतिपय
कुराहरूले तिमीलाई सही तुल्याउँछ अनि तिम्रा कतिपय
कुराहरूले तिमीहरूलाई दोषी ठहराउनेछ।"

### प्रमाणकालागि येशूसँग यहूदीहरू सोध्छन्

*(मर्कूस ८:११-१२; लूका ११:२९-३२)*

३८तब व्यवस्थाका केही शास्त्रीहरू र फरिसीहरूले
येशूलाई जवाफ दिए। तिनीहरूले भने, "गुरूज्यू हामी
तपाईंबाट एउटा आश्चर्यको चिन्ह चाहन्छौं।"
३९येशूले उत्तर दिनु भयो, "दुष्ट र अविश्वासी
मानिसहरूले प्रमाणकालागि चमत्कार खोज्दैछन्। तर
त्यस्ता मानिसहरूलाई प्रमाणकालागि कुनै चमत्कार देखाइने
छैन। केवल अगमवक्ता योनाको चिन्ह मात्र दिइने छ।
४०तीन दिन र तीन रात सम्म योना एउटा ठूलो माछाको

पेटमा थियो। त्यसरी नै तीन दिन र तीन रात सम्म मानिसको पुत्र पृथ्वीको कोख भित्र रहनेछ। [41]अनि न्यायको दिनमा तिनीहरू दोषीछन् भनी देखाउनका निम्ति निनवेका मानिसहरू यस पुस्ताको साथ खड़ा हुनेछ। किनभने योनाले तिनीहरूलाई उपदेश दिएका थिए, अनि तिनीहरूले आफ्नो जीवननै बदलेका थिए। अनि अझ यहाँ एक व्यक्ति छ त्यो योना अगमवक्ता भन्दा महान छ। [42]न्यायको दिनमा दक्षिणकी महारानी यस पुस्ताको साथ खड़ा हुनेछिन अनि उनैले तिनीहरूलाई दोषी भनी प्रमाण गर्ने छिन्। किनभने सुलेमानका ज्ञानहरू सुन्न महारानीले धेरै-टाढ़ासम्मको यात्रा गरेकी थिइन्। अनि अझ यहाँ एक व्यक्ति छ त्यो सुलेमानभन्दा महान छ।

### अशुद्ध आत्माले भरिएका आजका मानिसहरू

*(लूका ११:२४-२६)*

[43]"जब एक दुष्ट आत्मा मानिसबाट निस्केर जान्छ, त्यो ओबानो ठाउँतिर विश्राम खोज्दै हिडछ तर त्यसले भेट्टाउन सक्तैन। [44]तब आत्माले भन्छ, 'म आफ्नै अघिको घरमा फर्किजानेछु, जसलाई मैले छाड़े।' त्यो फर्केर आउँछ अनि अझ रित्तो घर भेट्छ सफा अनि सुग्घर पारेको भेट्टाउँछ। [45]त्यसपछि त्यो दुष्टात्मा जान्छ, र त्यो भन्दा बढ़ता दुष्ट आत्मा अरू सातवटा दुष्टात्माहरू ल्याउँछ। तब सबै दुष्टात्माहरू त्यस व्यक्ति भित्र पसेर त्यहाँ बास गर्छन् अनि त्यस मानिसले अघि पाएको अवस्था भन्दा नराम्रो हुन्छ। अनि त्यही अवस्था त्यो दुष्ट पुस्तामाथि पनि हुन्छ।"

### येशूका चेलाहरूनै आफ्नो परिवार

*(मर्कूस ३:३१-३५; लूका ८:१९-२१)*

[46]जब येशू मानिसहरूसित अझ बातचीत गर्दै हुनुहुन्थ्यो उहाँका आमा र भाइहरू बाहिर उभिरहेका थिए। तिनीहरू येशूसँग बात गर्न चाहन्थे। [47]कुनै एकजनाले भने, "तपाईंकी आमा र भाइहरू बाहिर उभिरहेका छन्, अनि तिनीहरू तपाईंसँग बात गर्न चाहन्छन्।"

[48]येशूले त्यो व्यक्तिलाई जो उहाँसित बोल्दै भन्नुभयो, "मेरा आमा को हुन्? मेरा भाइहरू को हुन्?" [49]आफ्ना चेलाहरूलाई संकेत गर्दै उहाँले भन्नुभयो, "हेर। यी नै मेरा आमा र भाइहरू हुन्। [50]जसले मेरा स्वर्गको पिताले चाहनु भए झैं गर्दछ उनीहरूनै मेरा भाई, बहिनी र आमा हुन्।"

### येशू बीउ र बीउ छर्नेको बिषयमा कथा भन्नुहुन्छ

*(मर्कूस ४:१-९; लूका ८:४-८)*

**१३** ठीक त्यही दिन येशू बाहिर गएर झीलको छेउमा बस्नु भयो। [2]उहाँ अनेकौं मानिसहरूद्वारा घेरिएका थिए। अनि एउटा डुङ्गामा चढ़नु भयो। जब सबै मानिसहरू किनारमा बसेका थिए। [3]कथाहरूको उपयोग गरेर उहाँले मानिसहरूलाई धेरै शिक्षा दिनुभयो। येशूले बताउनुभयो, "केही खेतीवाला बीउ रोप्नलाई निस्के। [4]जब तिनी बीउ रोप्दै थिए, केही बीउहरू बाटोमा छरिए। चराहरू आएर ती बीउहरू खाए। [5]केही बीउहरू चट्टानमय खेतमा झरे। तर त्यो जमीन त्यत्ति गहिरो थिएन। ती बीउहरू चाँड़ै उम्रनथाले, किनभने जमीन त्यत्ति गहिरो थिएन। [6]तर जब घाम लाग्नथाल्यो, ती विरूवाहरू प्रचण्डघामले सुकेर गए किनभने तिनीहरूका जराहरू थिएनन्। कतिपय बीउहरू काँड़ाघारीमा खसे। जब काँड़ाहरू बढ़दै गए तिनीहरूले ती विरूवाहरूलाई उम्रन दिएनन्। [7]कतिपय बीउहरू मलिलो माटोमा खसेका थिए। [8]अनि ती बीउहरू उम्रिए अनि फसल उत्पन्न गरे। कतिपय बोटहरूले सय, कतिपयले साठी, अनि कतिपयले तीस गुणा गरेर फल दिए। [9]उ जसले सुन्न सक्छ मेरो कुरासुन।"

### येशूले उपदेश गर्दा किन कथा भन्नु भयो

*(मर्कूस ४:१०-१२; लूका ८:९-१०)*

[10]चेलाहरू आए अनि येशूलाई सोधे, "जब तपाईंले उपदेश गर्नुहुन्छ तपाईंले किन कथाहरू प्रयोग गर्नुहुन्छ?"

[11]येशूले जवाबदिनु भयो, "स्वर्गको राज्यको सत्य-रहस्यहरूको बारेमा तिमीहरूले मात्र बुझ्नसक्छौ। तर अरूहरूले ती जान्नसक्तैनन्। [12]जसले बुझ्न सक्तछ उसलाई अरू बुझाइनेछ अनि उसले चाहे भन्दा धेरै बुझ्न पाउनेछ। तर जसले बुझ्न सक्तैन उसले जति बुझेकोछ त्यो पनि उसकोबाट हटाउने छ। [13]यसैले, ती मानिसहरूलाई उपदेश गर्दा म कथाहरू प्रयोग गर्छु। तिनीहरू हेर्दछन्, तर तिनीहरू देख्दैनन्। तिनीहरू सुन्छन् तर तिनीहरूले सुनेकाहुँदैनन् अनि तिनीहरू बुझ्दैनन्। [14]यसरी यशैयाले जुन भविष्यवाणी गरे त्यो तिनीहरूमा पूर्ण भयो।

‘तिमीहरू सुन्न त सुन्छौ तर बुझ्दैनौं। तिमीहरू
हेर्न त हेर्छौ तर कहिले देख्दैनौ।
[१५] हो, यी मानिसहरूको हृदय कठोर भएको छ।
कान भएर पनि यिनीहरू सुन्न अस्वीकार गर्छन्
यद्यपि तिनीहरूको आखाँछ तिनीहरू हेर्दैनन्।
यस्तो भएको छ त्यसकारण तिनीहरूले आफ्ना
आँखाले देख्दैनन्। आफ्नाकान द्वारा सुन्दैनन्
अनि मन द्वारा बुझ्दैनन्। यो यस्तै भएको छ
कि निको हुनका निम्ति तिनीहरू म कहाँ
आउँदैनन।’

*यशैया ६:९-१०*

[१६]तर तिमीहरू धन्य छौ किनभने तिम्रो आँखाहरूले
देख्न सक्छन्, अनि तिम्रा कानहरूले सुन्न सक्छन्। [१७]म
तिमीहरूलाई साँचो भन्दछु। धेरै अगमवक्ताहरू र धार्मिक
मानिसहरू अहिले तिमीहरूले देखेका कुराहरू हेर्न
चाहन्थे। तर तिनीहरूले ती कुराहरू देख्न सकेनन्। अनि
धेरै अगमवक्ताहरू र धार्मिक मानिसहरू अहिले तिमीहरूले
सुनेका कुराहरू सुन्न चाहन्थे। तर तिनीहरूले ती
कुराहरू सुन्न सकेनन्।

## येशूद्वारा बिउहरूको व्याख्या

*(मर्कूस ४:१३-२०; लूका ८:११-१५)*

[१८]“अब कृषकको बारेमा कथा सुन। [१९]बाटोमा
छरिएको बीउ के हो? त्यो बीउ एक मानिस हो जसले
राज्यको बारेमा उपदेश केही सुन्छ तर बुझ्दैन। दुष्ट
आउँछ अनि उसको मनमा रोपिएको कुराहरू लैजान्छ।
[२०]अनि चट्टानमय भूमिमा खसेको बीउहरू चाहिँ के
हुन्? ती बीउहरू त्यो मानिस जस्तै हुन् जसले उपदेश
सुन्छ अनि आनन्दसित तुरुन्तै ग्रहण गर्दछ। [२१]तर त्यो
मानिसले त्यो सन्देशलाई गहनरूपले उसको जीवनमा
पस्न दिँदैन। त्यो उपदेशलाई त्यसले थोरै बेरसम्म मात्र
उसको जीवनमा राख्छ। उपदेशको कारणले जब उसले
कष्ट र सतावट सामना गर्नुपर्छ त्यसले तत्काल आफ्नो
विश्वास गुमाउँछ। [२२]अनि काँढ़ाहरूमा छरिएको बीउहरू
चाहिँ के हुन्? ती बीउहरू ती मानिसहरू जस्तै हुन्
जसले उपदेश सुन्दछन् तर जीवनको बारे फिक्री गर्छन्
अनि पैसाको प्रेमले निस्सासिन्छ। यसले गर्दा उपदेशले
फलफलाउन सक्तैन। [२३]तर मलिलो जमीनमा झरेका
बीउहरू चाहिँ के हुन्? ती बीउहरू ती मानिसहरू जस्तै
हुन् जसले उपदेश सुन्छ अनि त्यसलाई बुझ्छ। त्यो
बिरूवा उम्रन्छन् अनि कहिले काँही सयगुणा ज्यादा,
कहिले साठी गुणा ज्यादा, अनि कहिले तीसगुणा
अधिक फल दिन्छ।”

## गुहँ र सामाको कथा

[२४]त्यसपछि येशूले तिनीहरूलाई सिकाउन अर्को
कथा सुनाउनु भयो। उहाँले भन्नुभयो, “स्वर्गको राज्य
मानिस जस्तो हो जसले आफ्नो खेतमा असल बीउ
छरयो, [२५]त्यो रात सबै मानिसहरू निदाइरहेका थिए।
त्यो मानिसको शत्रु आयो अनि गहुँको बीच-बीचमा
सामा छर्‍यो अनि गयो। [२६]केही समयपछि गहुँ पल्हायो
अनि टुप्पाको गठनहुन थाल्यो। त्यही समय सामा पनि
बढ़न थाल्यो, [२७]अनि चाकरहरू आए अनि मालिकलाई
सोधे, ‘हजूरले आफ्नो खेतमा असल बीऊ रोप्नु भएको
होइन? तब सामाको बोट चाहिँ कहाँबाट आयो?’
[२८]“त्यो मानिसले उत्तर दियो, ‘केही शत्रुले त्यो
छरेको थियो।’
“चाकरहरूले सोधे, ‘त के हामी गएर ती सामा
उखालेको तपाईं चाहनु हुन्छ?’
[२९]“त्यो मानिसले उत्तर दियो, ‘अहँ, किनभने जब
तिमीहरूले सामा उखाल्छौ तब तिमीहरूले सामासित गहुँ
समेत उखाल्न सक्छौ। [३०]फसलको समयसम्म सामा र
गहुँ दुवैलाई सँगसँगै उम्रन देऊ। फसल कटाइको
बेलामा म खेतालाहरूलाई भन्नेछु, “पहिले सामा बटुलेर
तिनीहरूलाई जलाउनुको निम्ति बिटा-बिटा बाँध। त्यसपछि
गहुँ बटुल र मेरो भण्डारमा हाल।’”

## येशू अरू धेरै कथाहरू भन्नुहुन्छ

*(मर्कूस ४:३०-३४; लूका १३:१८-२१)*

[३१]तब येशूले मानिसहरूलाई अर्को कथा भन्न लाग्नु
भयो। “स्वर्गको राज्य एउटा रायोको बीउ जस्तो हो।
एकजना मानिसले त्यसलाई लियो अनि आफ्नो खेतमा
रोप्यो। [३२]त्यो बीउ अरू बीउहरूमध्ये सबैभन्दा सानो
बीउ हो। तर जब यो उम्रन्छ, तब यो त्यो बगौंचाको
सबभन्दा ठूलो पोथ्रा हुन सक्छ। त्यो रूख जस्तै उम्रन
सक्छ हाँगाहरू यति ठूला उम्रन सक्छन् कि चराहरूले
आफ्ना निम्ति गुँड बनाउन सक्छन्।”
[३३]येशूले अर्को कथा भन्नुभयो, “स्वर्गको राज्य
खमीर जस्तो छ जसलाई एक स्त्रीले लगेर रोटी बनाउन

एउटा ठूलो भाँड़ामा पिठोसित मिसाइन्। त्यो खमीरै
पीठोको सबै डल्लालाई खमीरी बनायो।"
३४येशूले मानिसहरूलाई यी सबैकुराहरू भन्नलाई
कथाहरू उपयोग गर्नु भयो। वास्तवमा उहाँले तिनीहरूलाई
कथाहरूको उपयोग नगरी कहिले केही भन्नु भएन।
३५अगमवक्ताद्वारा भनिएका कुराहरूलाई पूर्णगर्न यस्तो
भयो,

"म कथामा बोल्छु, म संसारको सृष्टि भएको
समय देखि गुप्त राखिएका कुराहरू भन्नेछु।"
*भजनसंग्रह ७८:२*

### येशूले कथाहरूको अर्थ व्याख्या गर्नु हुन्छ

३६त्यसपछि सबै मानिसहरूलाई त्यहीं छाड़ेर येशू
घरतिर लाग्नुभयो। उनका चेलाहरू उहाँकहाँ गए अनि
भने, "कृपया हामीलाई खेतको सामाको कथाको अर्थ
व्याख्या गरिदिनु हवस।" ३७येशूले उत्तर दिनुभयो, "खेतमा
असल बीउ छर्ने व्यक्ति मानिसको पुत्र हो। ३८संसार नै
खेत हो। असल बीउहरू राज्यमा प्रभुकै मानिसहरू हुन्।
सामा दुष्टका नानीहरू हुन्। ३९नराम्रो बीउहरू छर्ने
शत्रुको नानीहरू हो। फसलकाटने समय चाहिँ संसारको
अन्त हो। अनि फसलकाट्नेहरू प्रभुका दूतहरू हुन्।
४०"सामाहरू बटुले पछि ती आगोमा जलाइन्छ,
संसारको अन्तमा पनि त्यस्तै हुन्छ। ४१मानिसको पुत्रले
आफ्ना दूतहरू पठाउनेछन्, अनि तिनीहरूले ती सबैलाई
भेला गर्नेछन् जसले पाप गर्छन् अनि ती जसले दुष्टता
गर्छन् अनि दूतहरूले उनीहरूलाई राज्यदेखि बाहिर
निकालि दिने छन्। ४२स्वर्गदूतहरूले तिनीहरूलाई ज्वलन्त
भट्टीमा फालिदिनेछन्। त्यहाँ मानिसहरू रूवाबासी गर्दै
अनि दाँतकिट्दै रहनेछन्। ४३तब धार्मिकहरू घाम जस्तै
चम्कने छन्। तिनीहरू आफ्ना पिताको राज्यमा हुनेछन्।
ए मानिसहरू जसले सुन्छौ मलाई सुन्नु पर्छ।

### सम्पती र मोतीको कथा

४४"स्वर्गको राज्य खेतमा लुकाइएको सम्पत्ति जस्तै
हो। कुनै एक दिन एउटा मान्छेले त्यो पायो, उखूबै
खुशी भयो। उसले त्यसलाई फेरि खेतमा लुकायो। तब
उ गयो अनि आफुसंग भएको सबै चिजहरू बेच्यो
अनि त्यो खेत किन्यो।
४५"फेरि, स्वर्गको राज्य एक बिक्रेता जस्तै हो
जसले असल मोतीहरू खोज्छ। ४६एकदिन त्यो बिक्रेताले
एउटा बहुमूल्य मोती फेला पारयो। त्यो बिक्रेता गयो
अनि आफूसँग भएको सबै बेचेर त्यो मोती किन्यो।

### माछामार्ने जालको कथा

४७"स्वर्गको राज्य समुद्रमा फिँजाएको माछामार्ने जाल
जस्तै हो। त्यो जालमा विभिन्न किसिमका माछाहरू
पर्‍यो। ४८त्यो जालभरि माछा थियो। तब जालहारीले
त्यो जाललाई किनारमा तान्यो, भूईंमा बसेर तिनीहरूले
राम्रो किसिमका माछाहरू छुट्याउन अनि आफ्नो टोकरीमा
हाल्न थाले। अनि तिनीहरूले नराम्रा किसिमका माछाहरू
फयाँकिदिए। ४९संसारको अन्तमा पनि यस्तै हुनेछ।
स्वर्गदूतहरू आइपुग्ने छन् अनि राम्रा मानिसहरूबाट
नराम्रा मानिसहरूलाई अलग गर्नेछन्। ५०स्वर्गदूतहरूले
तिनीहरूलाई जल्दो भट्टीमा फालिदिनेछन्। ती मानिसहरू
पीढ़ाले रूनेछन् अनि दाँतकिटनेछन्।"
५१तब येशूले आफ्ना शिष्यहरूलाई सोध्नुभयो, "के
यी सबै कुराहरू तिमीहरूले बुझ्यौ?"
तिनीहरूले उत्तर दिए, "ज्यू, हामीले बुझ्यौं।"
५२तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "प्रत्येक
कानूनका शिक्षक जसले स्वर्ग राज्यको बारेमा सिक्छन्
तिनी एउटा घरको मालिक जस्तै हुन्। उसले आफ्नो
घरमा पुराना र नयाँ चीजहरू जोगाड़ गरेका छन्। अनि
उसले ती पुराना र नयाँ चीजहरू बाहिर झिक्तछन्।"

### येशू आफ्नो शहर जानुहुन्छ

*(मर्कूस ६:१-६; लूका ४:१६-३०)*

५३आफ्नो शिक्षा-प्रचारको कथा भनी सकेर येशूले
त्यो स्थान छाड़नु भयो। ५४येशू जहाँ हुर्कनु भएको थियो
त्यहाँ पुग्नुभयो। येशूले सभाघरमा तिनीहरूलाई तिनीहरूको
शिक्षा दिनुभयो। मानिसहरू उहाँप्रति अचम्भित भए।
अनि सोधे, "चमत्कारहरू गर्ने यस्तो बुद्धि र शक्ति
उहाँले कहाँबाट प्राप्त गर्नु भयो? ५५उहाँ उनै सिकमीको
पुत्र हुन्। अनि उहाँकी माता मरियम हुनुहुन्छ। याकूब,
यूसुफ, शिमोन र यहूदा उहाँका भाइहरू हुन्। ५६अनि
उहाँका सबै बहिनीहरू अहिले हामीसँग छन्। यसर्थ,
उहाँले यी कुराहरू गर्ने यत्रो बुद्धि र शक्ति कहाँबाट
प्राप्त गर्नुभयो?" ५७यसर्थ मानिसहरूले येशूलाई स्वीकार
गर्न सकेनन्।
तर येशूले तिनीहरूलाई भन्नुभयो, "अरू मानिसहरूले
अगमवक्तालाई आदर गर्छन्। तर आफ्नो शहरमा अनि

उहाँको आफ्नै घरमा भएका मानिसहरूले अगमवक्तालाई
त्यसरी मानिसहरूले उनको सम्मान गर्दैनन्।"
५८त्यस स्थानका मानिसहरूले येशूलाई विश्वास
नगरेका हुनाले उहाँले त्यहाँ त्यति धेरै चमत्कारहरू गर्नु
भएन।

### हेरोद येशूका बारेमा सुन्छन्

*(मर्कूस ६:१४-२९; लूका ९:७-९)*

**१४** त्यस समयमा हेरोद, गालिलीका शासकले
मानिसहरूबाट येशूका बारेमा खबर सुनेका थिए।
२हेरोदले आफ्ना नोकरहरूलाई भने, "यो व्यक्ति साँच्चै
बप्तिस्मा गर्ने यूहन्ना हुन। उनी मृत्युबाट बौरी उठेका
छन्। यसैले उनले यत्रो चमत्कारहरू गर्न सक्छन्।"

### कसरी बप्तिस्मा दिने यूहन्ना मारिए

३यसअघि हेरोदले यूहन्नालाई कैद गरेका थिए।
हेरोदले यूहन्नालाई सांग्लोले बाँधिर कैदमा पारेका थिए
हेरोदियासको कारणले। हेरोदले यूहन्नालाई पक्रेका थिए।
हेरोदियास, हेरोदको दाजु फिलिपकी स्वास्नी थिइन्।
४हेरोदले यूहन्नालाई पक्रेका थिए किनभने यूहन्नाले
हेरोदलाई भनेका थिए, "तिमीलाई हेरोदियास राख्ने
अनुमति छैन।" ५यसैकारणले हेरोदले यूहन्नालाई मार्न
चाहन्थे। तर मानिसहरूदेखि उसलाई डर थियो। मानिसहरूमा
यूहन्ना एकजना अगमवक्ता थिए भन्ने विश्वास थियो।
६हेरोदको जन्म दिनमा, हेरोदियासकी छोरीले हेरोद
अनि तिनका अतिथिहरूका निम्ति नृत्य गरी। हेरोद खूबै
खुशी भए। ७अनि उसले चाहेको कुनैपनि चीज उसलाईदिने
वचनको हेरोदले शपथलिए। ८केचाहिँ माग्नु पर्ने हो
हेरोदियासले आफ्नी छोरीलाई भनिन्। यसर्थ उसले
हेरोदलाई माँगिन, "कृपया बप्तिस्मा दिने यूहन्नाको
टाउको मलाई यहाँ एउटा थालमा दिनुहोस्।" ९राजा
हेरोद खूबै दु:खी भए। तर छोरीले जे चाहन्छे त्यो
उसलाई दिने बचनको शपथ लिएंका थिए। अनि
हेरोदसँगै खाने मेचमा बसेका मानिसहरूले पनि यो
(शपथ) सुने। उसले आफ्नी छोरीले चाहेको कुरा
ल्याउने आदेश दिए। १०यसर्थ उनले केही मानिसहरूलाई
पठाए अनि तिनीहरूले कैदमा परेका यूहन्नाको टाउको
काटे। ११तिनीहरूले यूहन्नाको टाउको एउटा थालमा
ल्याए अनि केटीलाई दिइयो। छोरीले सो टाउको आफ्नी
आमा हेरोदियास कहाँ लगी। १२यूहन्नाका चेलाहरू
आए अनि तिनको देह लगेर गाड़े। अनि तिनीहरू
येशूकहाँ गए अनि भएका घटनाहरू वर्णन गरे।

### पाँचहजारभन्दा अधिक मानिसहरूलाई भोजन प्रवन्ध

*(मर्कूस ६:३०-४४; लूका ९:१०-१७; यूहन्ना ६:१-१४)*

१३जब येशूले यूहन्नाका प्रति भएका घटनाहरू
सुन्नुभयो, उहाँ एउटा नाउमा चढ़ेर त्यो स्थानमा प्रस्थान
गर्नुभयो। जहाँ एकजना मानिस पनि बसेका थिएनन्। तर
मानिसहरूले येशू गइसक्नु भएको कुरा थाहा पाए।
येशूको पछि लाग्न स्थलपथ भएर तिनीहरूले आफ्ना
शहर छाडे। १४जब येशू नाउबाट उत्रनु भयो, त्यहाँ
उहाँले मानिसहरूको भीड़ देख्नुभयो। उहाँ तिनीहरूप्रति
अत्यन्त दु:खी हुनुभयो, अनि तिनीहरूमा विरामी
परेकाहरूलाई निरोग तुल्याइदिनु भयो।
१५त्यसै अपरान्ह चेलाहरू येशूकहाँ पुगे अनि भन्नलागे,
"यहाँ कुनै मानिस बस्दैनन्। अनि अब धेरै ढिलो भयो।
तिनीहरूलाई पठाइदिनुहोस् जसमा कि तिनीहरू आफै
गएर आफ्ना निम्ति आहारहरू किन्न सकून्।"
१६येशूले भन्नुभयो, "मानिसहरू जानु पर्दैन। तिमी
स्वयं तिनीहरूलाई खानका निम्ति केही देऊ।"
१७चेलाहरूले भने, "तर हामीहरूसित सब जम्मा
पाँचवटा रोटी र दुइवटा माछा मात्र छन्।"
१८येशूले भन्नुभयो, "ती रोटी र माछाहरू मेरोमा
ल्याऊ।" १९त्यसपछि येशूले सबै मानिसहरूलाई घाँसमा
बस्नु भन्नु भयो। उहाँले पाँचवटा रोटी र दुइवटा माछा
लिनुभयो। उहाँले आकाशतर्फ हेर्नुभयो अनि परमेश्वरलाई
धन्यवाद दिनुभयो। त्यसपछि उहाँले रोटीहरू टुक्राउनुभयो।
उहाँले चेलाहरूलाई ती रोटी दिनुभयो, अनि चेलाहरूले
मानिसहरूमाभ्र ती वितरण गरे। २०सबैले खाए अनि
सन्तुष्ट भए। सबै मानिसहरूले खाना खाइसके, पछि
चेलाहरूले उब्रिएका टुक्राहरू बटुलेर बाह्रवटा टोकरीहरूमा
भरे। २१त्यहाँ प्राय: पाँच हजार मान्छेहरू थिए, स्त्री एवं
नानीहरूको गिन्ती नगरी। खाना खानेहरूमा आइमाई र
नानीहरू पनि थिए।

### येशू पानी माथि हिड़नु भयो

*(मर्कूस ६:४५-५२; यूहन्ना ६:१५-२१)*

२२तब येशूले चेलाहरूलाई डुङ्गामा चढ़न अनि
भ्रीलको अर्को तर्फ जान लगाउनु भयो। अनि येशूले

भन्नु भयो कि उहाँ केही पछि आउनु हुनेछ। मानिसहरूलाई घर पठाउनका निम्ति येशू त्यहाँ बस्नुभयो। २३मानिसहरूलाई बिदा गरिसकेपछि, येशू एक्लै प्रार्थना गर्नलाई डाँड़ामा चढ़नुभयो। अबेर समय सम्म उहाँ एक्लै त्यहाँ बस्नुभयो। २४यसबेलासम्म डुङ्गा धेरै पारि पुगिसकेको थियो। वायु विपरित भएकोले छालहरूले गर्दा डुङ्गालाई कठिन परिरहेथ्यो।

२५बिहानको तीन अनि छ बजे माझ, येशूका चेलाहरू डुङ्गामा नै थिए। येशू पानीमाथि हिड़ँदै तिनीहरू भएतिर जानुभयो। २६उहाँलाई पानीमा हिड्दै गरेको देखेर चेलाहरू डराउन लागेका थिए। "यो भूत हो।" तिनीहरू डरले चिच्याए। २७तर येशूले तत्कालै भन्नुभयो, "साहसी होऊ यो म हुँ! डराउनु पर्दैन्।"

२८पत्रुसले भने, "प्रभु, यदि यो वास्तवमा तपाईं नै हुनुहुन्छ भने, मलाई पानीमाथि हिडेर तपाईंकहाँ आउन भन्नुहवस्।"

२९येशूले भन्नुभयो, "आऊ पत्रुस।"

त्यसपछि पत्रुसले डुङ्गा छोड़े अनि पानी भएर हिँड़ी येशूभएकहाँ गए। ३०पानीमाथि हिँड़दा पत्रुसले कड़ा बतास र छालहरू आएको देखे। अनि भयभीत भए। उनी भयभीत थिए अनि पानीमा डुब्नलागे। उनी चिच्याए, "प्रभु, मलाई बचाउनुहोस्।"

३१त्यसपछि येशूले पत्रुसको हात समात्नु भयो। उहाँले भन्नुभयो, "तिमीमा थोरै विश्वास छ, किन तिमीले शंका गऱ्यौ?"

३२जब पत्रुस र येशू दुवै डुङ्गामा चढ़े आँधी थामियो। ३३अनि डुङ्गामा भएका चेलाहरूले येशूलाई पूजे अनि भन्न लागे, "साँच्चै तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ।"

## येशूले धेरै बिमारी मानिसहरूलाई निको गर्नुहुन्छ

*(मर्कूस ६:५३-५६)*

३४जब तिनीहरूले तलाउ पार गरे, त्यसपछि तिनीहरू गनेसरेतको किनारमा पुगे। ३५त्यस स्थानका निवासीहरूले येशूलाई देखे। उहाँ वास्तवमा को हुन् भनेर तिनीहरूले जान्न पाए। तिनीहरूले त्यस क्षेत्रका वरिपरिका सवै मानिसहरूलाई येशूको आगमन बारेमा भने। मानिसहरूले धेरै रोगीहरूलाई येशूकहाँ पुऱ्याए। ३६तिनीहरूले उहाँको कोटको किनारा मात्र पनि छुनलाई अनुमति माँगे ताकि तिनीहरूको बिमार जाति होस्।

## परमेश्वरका कानून अनि मानिसका नियम

*(मर्कूस ७:१-२३)*

**१५** त्यसपछि केही फरिसीहरू र शास्त्रीहरू येशूकहाँ आए। तिनीहरू यरूशलेमबाट आएका थिए अनि भन्न लागे, २"तपाईंका चेलाहरूले किन हाम्रा पुर्खाहरूले बनाएका नियमहरू भङ्ग गर्दछन्?. खानभन्दा अघि तिनीहरू हात धुँदैनन्।"

३येशूले तिनीहरूलाई उत्तर दिनुभयो, "तिमीहरू पनि किन तिमीहरूका दस्तुरको निम्ति परमेश्वरको आज्ञा भङ्ग गर्दछौ? ४परमेश्वरले भन्नु भएको छ, 'आफ्ना बाबु र आमाको आदर गर।'* फेरि उहाँले भन्नु भएको छ, 'जसले आफ्ना बाबु अनि आमालाई अपमान गर्छ त्यसलाई मार्नुपर्छ।'* ५तर तिमीहरू ती मानिसहरूलाई सिकाउँछौ कि उसले आफ्ना बाबु वा आमालाई यो भन्न सक्छ, 'मसित तिमीलाईमदत मा उपयोग गर्ने केही छ, तर म तिमीलाई मदतगर्न त्यसको उपयोग गर्नेछैन किनभने म यो परमेश्वरलाई प्रदान गर्नेछु।' ६तिमीहरू त्यस व्यक्तिलाई आफ्नो पिताको आदर नगर्नु भन्छौ। यसरी तिमीहरू आफ्नो नियमका निम्ति परमेश्वरको आदेश एकातिर सार्छौ। ७तिमीहरू कपटीहरू हौ। यशैयाले तिमीहरूको बारेमा सही बोले। यशैयाले भने,

८ 'यी मानिसहरू मलाई आदर गरे भनी भन्छन्
तर तिनीहरूको आफ्नो हृदय मदेखि टाढ़ाछ।
९ तिनीहरूले मलाई अर्पण गरेको पूजा व्यर्थ छ।
तिनीहरूले ती कुराहरू सिकाउँछन् जो केवल
मानव निर्मित नियमहरू हुन्।'"

यशैया २९:१३

१०येशूले मानिसहरूलाई आफुकहाँ बोलाउनु भयो। उहाँले भन्नुभयो, "म तिमीहरूलाई केही भन्छु। सुन अनि यसलाई बुझ। ११जे जतिकुरा मुखभित्र पस्तछ, त्यसले मानिसहरूलाई अशुद्ध गराँउदैन। तर जे मुखबाट बाहिर निस्कन्छ, त्यसैले मानिसहरूलाई अशुद्ध तुल्याउँछ।"

१२तब चेलाहरू येशूकहाँ आए अनि उहाँलाई भने, "के तपाईंलाई थाहा भयो कि तपाईंले भन्नुभएको कुराबाट फरिसीहरू रिसाए भनेर?"

---

**'आफ्ना … गर'** प्रस्थान २०:१२; व्यवस्था ५:१६।

**'जसले … मार्नुपर्छ'** प्रस्थान २१:१७।

१३येशूले भन्नुभयो, “स्वर्गको मेरा पिताले नरोपेको प्रत्येक बोट नै उखेलिनेछ। १४फरिसीहरूलाई छाड़ि देऊं। तिनीहरू मानिसहरूलाई अगुवाई त गर्छन्, तर तिनीहरूको अगुवाई एउटा अन्धाले अर्को अन्धालाई डोऱ्याएको जस्तो हुन्छ। अनि जब एक अन्धाले अर्को अन्धालाई डोऱ्याउँछ तब दुवै खाल्डामा पर्नेछन्।”

१५पत्रुसले भने, “अघि तपाँईंले मानिसहरूलाई भन्नु भएको कुराको हामीलाई व्याखा गर्न हवस्।”

१६येशूले सोध्नुभयो, “के तिमीहरूलाई पनि यसलाई बुझ्नमा अझ कठिन परिरहेको छ? १७तिमीहरू जान्दैनौ कि मुखबाट खाएको खानेकुरा पेटमा पुग्दछ। अनि त्यसपछि शरीरदेखि बाहिर जान्छ। अनि नालामा जान्छ। १८मुखबाट जे निस्कन्छ वास्तवमा त्यसको उत्पत्ति हृदयमा हुन्छ अनि त्यसैले मानिसलाई अशुद्ध तुल्याउछ। १९किनभने हृदयबाट यस्ता नराम्रा कुराहरू आँउछ दुष्ट विचार, हत्या, व्यभिचार, यौन अनैतिकता, चोरी, कसम खाएर ढाँट्नु, निन्दा। २०यी कुराहरूले मानिसलाई अशुद्ध तुल्याउँछ। तर हात नधोई खानाले मानिसलाई अशुद्ध तुल्याउँदैन।”

## येशूबाट अयहूदी स्त्रीहरूलाई मद्दत

*(मर्कूस ७:२४-३०)*

२१येशू त्यो ठाउँ छोड़ेर जानु भयो अनि टायर र सिडोनका क्षेत्रतिर जानुभयो। २२त्यस क्षेत्रकी कुनै एउटी कनानी स्त्री येशूकहाँ आई। तिनी चिच्याईन, “परमप्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरो छोरीलाई भूतले सताएको छ अनि ऊ साह्रै यातनामा छे।”

२३तर येशूले त्यस स्त्रीलाई जवाब दिनु एउटा शब्द पनि भन्नु भएन। अनि चेलाहरू उहाँकहाँ आएर विन्ती गर्न लागे, “कृपया यो स्त्रीलाई पठाइदिनु हवस्, यसले हाम्रो पिछा गर्दै कराइरहेकी छे।”

२४येशूले भन्नुभयो, “इस्राएलका हराएको भेड़ाको निम्ति मात्र जानु भनी परमेश्वरले मलाई पठाउनु भएको हो।”

२५त्यो स्त्री फेरि येशूकहाँ आई। येशूको अघि नतमस्तक हुँदै त्यसले भनी, “प्रभु, मलाई सहायता गर्नुहोस्।”

२६उहाँले उत्तर दिनु भयो, “नानीहरूको रोटी लिएर कुकुरलाई दिनु असल होइन?”

२७त्यो स्त्रीले भनी, “हो प्रभु, तर कुकुरहरूले आफ्नो मालिकको टेबलबाट झरेको रोटीको टुक्रा खान्छन्।”

२८तब येशूले भन्नुभयो, “हे नारी। तिमीमा ठूलो विश्वास रहेछ। तिमी जे चाहान्छौ म गर्नेछु।” अनि त्यसको छोरी त्यसैबेला निको भइहाली।

## येशूले अनेक रोगहरू जाति गर्नु भयो

२९त्यसपछि येशूले त्यो ठाउँ छोड्नुभयो अनि गालीली पोखरीको किनारमा जानुभयो। येशू डाँड़ामा चढ़नु भयो अनि त्यहाँ बस्नुभयो।

३०धेरै, मानिसहरू येशूकहाँ आए। ती मानिसहरूले थुप्रै रोगीहरूलाई लिएर आए अनि येशूको अघि राखिदिए। लङ्गड़ो, अन्धो, डुँडो अनि बैह्रोमानिसहरू भीड़द्वारा ल्याइएका थिए। येशूले यी सबैलाई निको पारिदिनु भयो। ३१व्यक्तिहरू जो लाटा थिए बोल्न समर्थ भए। डुँड़ा बलिया भए। जो लङ्गड़ो थिए, हिड़्न सके अनि मानिसहरू छक्क परे कारण कुँजोहरू बलवान भए। हिड़्नै नसक्नेहरू हिड़्न भए। अन्धोहरूले देख्न सकेको थाहापाएर मानिसहरू आश्चर्य चकित भए। यी सबै देखेर तिनीहरूले इस्राएलका परमेश्वरलाई धन्यवाद चढ़ाए।

## चार हजारभन्दा अधिक मानिसहरूलाई येशूले खुवाउनु भएको

*(मर्कूस ८:१-१०)*

३२येशूले आफ्ना चेलाहरूलाई बोलाउनु भयो अनि भन्नुभयो, “यी मानिसहरूप्रति म अति दुःखी छु। अहिले तिनीहरू मसँग तीनदिनसम्म छन्, अनि तिनीहरूको खानेकुरा छैन। म तिनीहरूलाई रित्तो पेट पठाउन सक्दिनँ। घर जाने बाटोमा तिनीहरू मुर्च्छा पर्न सक्छन्।”

३३चेलाहरूले येशूलाई सोधे, “यी मानिसहरूलाई खुवाउन यति विघ्न भोजन हामी कहाँ पाउन सक्छौं? कुनै पनि शहरदेखि हामी धेरै टाड़ामा छौ।”

३४येशूले उत्तर दिनु भयो, “तिमीहरूसित कतिवटा रोटी छन्?”

चेलाहरूले उत्तर दिए, “हामीसित सातवटा रोटी र केही ससाना माछा छन्।”

३५येशूले सबैलाई भूँईमा बस्नु भन्नुभयो। ३६येशूले सातवटा रोटी र माछा लिनुभयो। अनि आहारकोलागि परमेश्वरलाई धन्यवाद दिनुभयो। उहाँले त्यसलाई भाँचेर

चेलाहरूलाई दिनुभयो। तिनीहरूले मानिसहरूलाई बाँड़िदिए।
[37]सबै मानिसले खाना खाए अनि तृप्त भए। चेलाहरूले
उब्रेका आहार बटुले अनि सातवटा टोकरीभरि उठाए।
[38]प्राय: चार हजार मानिसहरू थिए। जसले खाना
खाए। त्यसमा स्त्री र बालकहरू पनि थिए। [39]जब
तिनीहरूले खाए येशूले तिनीहरूलाई घर जानु भन्नुभयो।
उहाँ एउटा डुङ्गामा चढ़ेर मग्दानको क्षेत्रमा जानुभयो।

### यहूदी नेताहरूद्वारा येशूको परीक्षा

*(मर्कूस ८:११-१३; लूका १२:५४-५६)*

**१६** फरिसीहरू र सदुकीहरू येशूकहाँ आए। तिनीहरू
येशूको परीक्षा लिन चाहन्थे। अनि तिनीहरूले
येशूलाई परमेश्वरबाट आएको हो भन्ने प्रमाणको निम्ति
चमत्कार देखाउने विन्ति गरे।

[2]येशूले भन्नुभयो, "जब तिमीहरूले सूर्यास्त भएको
देख्छौ, तिमीहरू भन्छौ, आकाश रातो छ, मौसम राम्रो
हुनेछ।" [3]अनि बिहान तिमीहरू भन्छौ। आकाश
अन्धकार र रातो छ, यसकारण आज आँधी चल्ने छ।
यी मौसमका संकेतहरू हुन्। जब तिमीहरू ती आकाशमा
देख्छौ तिमीहरू त्यसको संकेत बुझ्छौ। एवंरीतले, अहिले
के भइरहेछ त्यो तिमीहरूले बुझ्नु पर्छ। यी पनि
संकेतहरू हुन्। तर यी संकेतहरूको अर्थ तिमीहरू
बुझ्दैनौ। [4]दुष्ट अनि पापी मानिसहरूले चिन्हको निम्ति
चमत्कार खोज्छन्। तर तिनीहरूलाई योनाको चिन्ह*
बाहेक अरू चिन्ह देखाइनेछैन।" त्यसपछि अन्यत्र कतै
जानका निम्ति उहाँले त्यो स्थान छाड़्नु भयो।

### येशूद्वारा यहूदी नेताहरूका विरूद्ध चेतावनी

*(मर्कूस ८:१४-२१)*

[5]येशू अनि उहाँका चेलाहरू गालिली पोखरीको
अर्को तिर जानुभयो। तर चेलाहरूले रोटी लैजान भुले।
[6]येशूले तिनीहरूलाई भन्नुभयो, "आफैलाई बचाउ।
फरिसीहरू र सदुकीहरूको खमीर चालबाट स्वयंलाई
जोगाऊ।"

[7]चेलाहरूले यो भनाइको अर्थ बहस गर्न थाले।
तिनीहरूले भने, "उहाँले यसो भन्नु भयो किनभने
हामीहरूले रोटी ल्याएनौ?"

[8]येशूले चेलाहरूका धारणा बुझ्नुभयो। अनि उहाँले
तिनीहरूलाई भन्नुभयो, "किन रोटीको विषयमा तिमीहरू
कुरा गर्न लागिरहेछौ? तिमीहरूसित फ्यातुलो विश्वासछ।
[9]तिमीहरूले अझै नबुझेको? पाँचवटा रोटी जो पाँचहजार
मानिसहरू खुवाइएको कुरा अनि तिमीहरूले कतिवटा
टोकरी बटुल्यौ तिमीहरूलाई याद भएन? [10]अनि त्यसरीनै
चार हजार मानिसहरूले सातवटा रोटी खाएको कुरा
अनि कति टोकरी तिमीहरूले बटुल्यौ, तिमीहरूलाई
थाहा छैन? [11]यसर्थ तिमीहरू किन बुझ्दैनौ कि म
रोटीको विषयमा बात गरिरहेछु भनी? म तिमीहरूलाई
फरिसीहरू र सदुकीहरूको खमीरको विरुद्ध सावधान
हुनु भन्दैछु।"

[12]तब उहाँले रोटीको खमीरदेखि होइन, तर फरिसीहरू
र सदुकीहरूको शिक्षा देखि तिनीहरू होशियार बस्नु
भन्नु भएको रहेछ भनी बुझे।

### पत्रुस भन्छन् येशूनै ख्रीष्ट हुन्

*(मर्कूस ८:२७-३०; लूका ९:१८-२१)*

[13]जब येशू सिजरिया फिलिप्पीका इलाकामा पुग्नुभयो।
उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो, "म मानिसको
पुत्र हुँ। म त्यो हुँ भनी तिनीहरू कसलाई भन्छन्?"

[14]चेलाहरूले उत्तर दिए, "कसैले तपाईंलाई बप्तिस्मा
दिने यूहन्ना भनेर भन्दछन्। कसैले तपाईंलाई एलिया हुन
भन्दछन्। अनि कसैले तपाईंलाई यर्मिया अथवा कुनै
अगमवक्ताहरूमा एकजना ठान्छन्।"

[15]तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो,
"तिमीहरूको विषयमा चाहिँ? तिमीहरू मलाई को भनि
भन्छौ?"

[16]शिमोन पत्रुसले जवाफ दिए, "तपाँईं ख्रीष्ट हुनुहुन्छ,
जीवित परमेश्वरको पुत्र।"

[17]येशूले भन्नुभयो, "तिमी धन्य हौ, हे योनाको
छोरो शिमोन। कुनै पनि मानव जातिले तिमीलाई यो
सिकाएको होइन। स्वर्गमा भएका मेरा पिताले तिमीलाई
प्रकाश गरिदिनु भएको हो। [18]यसैले म भन्दछु, तिमी
पत्रुस हौ। अनि म मेरो मण्डली यो चट्टानमाथि
बनाउनेछु। मेरो मण्डलीलाई हराउन मृत्युको शक्तिहरू
समर्थ हुनेछैन। [19]म स्वर्गको-राज्यको साँचोहरू (चाबी)
तिमीहरूलाई दिनेछु। जब तिमी यो पृथ्वीमा न्यायकालागि
बोल्नेछौ तब त्यो न्याय परमेश्वरको न्याय हुनेछ। जब

---

**योनाको चिन्ह** योना ठूलो माछाको पेटभित्र तीन दिन भए जस्तै येशू चिहान भित्र तीन दिन रहनु हो। (योना १-२)

तिमीले यो पृथ्वीमा कसैलाई क्षमा दिनेछौ तब त्यो क्षमा
परमेश्वरको क्षमा हुनेछ।" २०त्यसपछि येशूले उहाँका
चेलाहरूलाई कसैलाई पनि उहाँ नै ख्रीष्ट हो भनेर
नभन्नु भनी चेतावनी दिनुभयो।

### येशू भन्नुहुन्छ उहाँ मर्नु पर्छ

*(मर्कूस ८:३१-९:१; लूका ९:२२-२७)*

२१त्यसै बेलादेखि यसो येशूले आफ्ना चेलाहरूलाई
यो स्पष्ट्याउन शुरू गर्नुभयो कि उहाँ यरूशलेम
जानुपर्नेछ। अनि यहूदीहरूका अग्रज प्रमुखहरू, मुख्य
पूजाहारीहरू अनि कानूनका शास्त्रीहरूले उहाँलाई धेरै
यातनामा पार्नेछन्। अनि येशूले आफ्ना चेलाहरूलाई
भन्नुभयो कि उहाँलाई मारिनु नै पर्नेछ। उहाँ तेस्रो
दिनमा मृत्युबाट बौरी उठनु हुनेछ।
२२पत्रुसले येशूलाई एकलै एकातिर लगेर टिका
पिप्पणी गर्न लागे। पत्रुसले भने, "परमेश्वरले तपाईंलाई
यस्ता कुराबाट बचाउँनु हुनेछ, हे परमप्रभु तपाँई माथि
यस्तो कुरो आई पर्नेछैन।"
२३तब येशूले पत्रुसतिर फर्केर भन्नुभयो, "तिमी म
देखि टाढ़ो जाऊ, शैतान! तिमीले मलाई मदत गरिरहेका
छैनौ। परमेश्वरले सोच्नु भएको जस्तो तिमीले सोच्दैनौ।
तिमी मानिसहरूले सोचे जस्तै सोंच्छौ।"
२४त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो,
"यदि कसैले मलाई पछ्याउन चाहान्छ भने उसले
आफूलाई चाहिएको चीजहरू प्रति अहँ भन्नु पर्छ।
उसलाई प्रदान गरिएको क्रूस उसले स्वीकार गर्नै पर्छ
अनि त्यसपछि मलाई उसले पछ्याउनु पर्छ। २५जसले
आफ्नो जीवन बचाउन चाहन्छ उसले यसलाई गुमाउछ
अनि जसले मेरो निम्ति जीवन गुमाउँछ उसले यसलाई
रक्षागर्छ। २६कुनै व्यक्तिलाई के उत्तम वा लाभहुन्छ यदि
उसले सम्पूर्ण संसार प्राप्त गर्छ तर आफ्नै जीवन
गुमाउँछ? आफ्नो जीवन फिर्ता प्राप्त गर्नलाई कुनै
व्यक्तिले के दिनसक्छ? २७आफ्ना पिताको महिमासित
मानिसको पुत्र आफ्ना दूतहरूसँग आउनेछ। त्यसबेला
मानिसका पुत्रले प्रत्येकलाई आफ्नो कामको निम्ति
इनामहरू दिनेछ। २८म तिमीहरूलाई साँचो भन्दछु।
कोही मानिसहरू जो यहाँ उभिरहेका छन्, तिनीहरूले
आफ्नो मृत्युको अघि मानिसका पुत्रले आफ्नो राज्य
लिएर आएको देख्नेछन्।"

### येशू मोशा र एलिया संग थिए

*(मर्कूस ९:२-१३; लूका ९:२८-३६)*

१७ छ: दिनपछि, येशूले पत्रुस, याकूब अनि युहन्ना
(याकूब को दाजु)लाई लिए अनि तिनीहरूलाई
एउटा अग्लो पर्वततिर लानु भयो। तिनीहरू एकान्तमा
थिए। २ठीक तिनीहरूको आँखा अघि, येशू परिवर्त्तित
हुनुभयो। उहाँको मुहार घाम जस्तै चम्किलो भयो। अनि
उहाँको पहिरन प्रकाश वा ज्योति जस्तै सेतो भयो। ३तब
तिनीहरूले दुइजना मानिसहरूलाई येशूसँग बातचीत
गरिरहेका देखे। तिनीहरू मोशा र एलिया थिए।
४पत्रुसले येशूलाई भने, "प्रभु, यो उत्तम हो कि
हामी यहाँ छौ। यदि तपाईंइच्छा गर्नुहुन्छ भने म यहाँ
तीनवटा आश्रयहरू निर्माण गर्नेछु, एउटा तपाईंको
निम्ति, एउटा मोशाको निम्ति अनि एउटा एलियाको
निम्ति।"
५जब पत्रुस कुरा गरिरहेका थिए, एक्कासि एक
उज्यालो बादलले तिनीहरूलाई ढाकिहाल्यो। बादलबाट
एउटा आवाज आयो। आवाज यस्तो थियो, "यी मेरा
पुत्र हुन् अनि म उनलाई प्रेम गर्दछु। म उनीसित अति
आनन्दित छु। उसको आज्ञा मान।"
६चेलाहरूले यो आवाज सुने। तिनीहरू खूबै डराए,
अनि तिनीहरू भूईंतिर अनुहार पारेर लड़े। ७तर येशू
आफ्ना चेलाहरूकहाँ आउनुभयो। अनि तिनीहरूलाई छुनु
भयो। उहाँले भन्नुभयो, "उठ। तिमीहरू डराउनु पर्दैन।"
८चेलाहरूले पुलुक्क हेरे, तर कसैलाई देखेनन्। त्यहाँ
केवल येशू हुनुहुन्थ्यो।
९येशू र उहाँका चेलाहरू पहाड़बाट ओह्रलँदै थिए।
उहाँले चेलाहरूलाई आज्ञा दिनुभयो, "पहाड़मा तिमीहरूले
देखेको ती घटनाहरू बारे मानिसकोपुत्र मृत्युबाट बौरी
नउठे सम्म कसैलाई केही भन्नु हुँदैन। त्यसपछि मात्र
तिमीहरूले देखेका कुराहरू मानिसहरूलाई भन्नू।"
१०चेलाहरूले येशूलाई प्रश्नगरे, "किन कानूनका
शास्त्रीहरूले ख्रीष्ट आउनुभन्दा पहिले एलिया आउनु
पर्छ भनेका हुन्?"
११येशूले भन्नुभयो, "एलिया आँउदैछन् भनेर तिनीहरूले
ठीकै भनेका हुन्। अनि यो साँचो हो कि एलिया
आउनेछन् अनि आएरै सबै कुराको ठीकसित व्यवस्था
गर्नेछन्। १२तर म तिमीहरूलाई भन्दछु, एलिया अघिनै
आइसकेका छन् तर तिनीहरूले उनलाई चिन्दैनन्।
उनलाई तिनीहरूले आफूले जे चाहे त्यही गरे। त्यसरी नै

मानिसका पुत्रले पनि तिनीहरूका हातबाट यातना पाउने
छन्।"
[१३]तब चेलाहरूले येशूले तिनीहरूलाई बप्तिस्मा दिने
यूहन्नाको बारेमा कुरा गरेको अर्थ बुझे।

### येशूद्वारा रोगी बालकलाई निको

*(मर्कूस ९:१४-२९; लूका ९:३७-४३)*

[१४]येशू अनि उहाँका चेलाहरू फेरि मानिसहरू कहाँ
जानुभयो जहाँ तिनीहरू थिए। एउटा मानिस येशूको
अघि निहुरिए। [१५]त्यो मानिसले भन्यो, "परमप्रभु, मेरो
छोरोप्रति दयालु हुनुहवस्। उसलाई छारेरोग लागेको छ
अनि यसैद्वारा पीड़ित छ। मेरो छोरो बारम्बार आगो र
पानीमा लड्दछ। [१६]मैले मेरो छोरोलाई तपाईंको चेलाहरूकहाँ
ल्याएँ, तर तिनीहरूले उसलाई निको पार्न सकेनन्।"
[१७]येशूले उत्तर दिनुभयो, "तिमीहरूमा विश्वास छैन।
तिमीहरूको जीवननै भ्रष्ट छ। तिमीहरूसँग म कहिलेसम्म
बस्न सकुँला? तिमीहरूसँग कहिलेसम्म म सहन गर्नु?
त्यो बालकलाई यता ल्याऊ।" [१८]येशूले बालकभित्र
भएको भूतलाई आज्ञागर्नु भयो। त्यो भूत त्यो बालकबाट
बाहिर निस्क्यो, अनि त्यसबेला देखि बालक जाती भयो।
[१९]तब चेलाहरू येशूकहाँ एकान्तमा आए। तिनीहरूले
भने, "हामीले बालकबाट भूत भगाउन पूरा प्रयास
गरेका थियौं। तर हामीले त्यसलाई भगाउन सकेनौं।
किन हामीहरूले भूत भगाउन सकेनौ?"
[२०]येशूले उत्तर दिनुभयो, "तिमीहरूले भूत भगाउन
सकेनौ, किनभने तिमीहरूमा एकदमै कम्ती विश्वास छ।
म तिमीहरूलाई साँचो भन्दछु। यदि तिमीहरूको विश्वास
तोरीको दाना झैं हुँदो हो, त पर्वतलाई तिमीहरूले
आज्ञादिन सक्ने थियौ, "यहाँदेखि त्यहाँ जा।" अनि त्यो
सर्ने थियो। सबै कुरा तिमीहरूको निम्ति सम्भव बन्नेथियो।"
२१*

### येशू आफ्नो मृत्यु बारे चर्चा गर्नुहुन्छ

*(मर्कूस ९:३०-३२; लूका ९:४३-४५)*

[२२]त्यसपछि, चेलाहरू गालिलीमा भेला भए। येशूले
तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्रलाई मानिसहरूको
नियन्त्रणमा सुम्पिइनेछ। [२३]ती मानिसहरूले मानिसको
पुत्रलाई मारिदिनेछन्। तर तेस्रो दिनमा मानिसको पुत्र
बौरी उठनेछन्।"
येशूलाई मारिनेछ भन्ने सुनेर चेलाहरू खुबै दु:खित
भए।

### येशूद्वारा कर तिर्ने बारे शिक्षा

[२४]येशू अनि उनका चेलाहरू कफर्नहुममा जानुभयो।
कफर्नहुममा केही मानिसहरू पत्रुसकहाँ आए। ती मानिसहरू
दुइ ड्राकमा कर उठाउनेहरू थिए। तिनीहरूले सोधे, "के
तिमीहरूका गुरूले दुइ ड्राकमा कर तिर्दैछन?"
[२५]पत्रुसले जवाबदिए, "हो, येशूले ती करहरू तिर्नुहुन्छ।"
त्यसपछि पत्रुस येशू भएको घरमा गए। पत्रुसले केही
बोल्न अघिनै, भन्नुभयो, "यो संसारमा राजाले मानिसहरूबाट
विभिन्न प्रकारका करहरू प्राप्त गर्दछन्। तर कर तिर्ने
मानिसहरू को हुन्?. के तिनीहरू राजाका बालकहरू
हुन्? अथवा ती अरू मानिसहरू हुन्? तिम्रो यस प्रति
के बिचार छ?"
[२६]पत्रुसले उत्तर दिए, "अरू मानिसहरूले कर
तिर्छन्।"
येशूले भन्नुभयो, "त्यसो भए राजाका बालकहरूले
कर तिर्ने आवश्यकता पर्दैन। [२७]तर हामी यी कर
उठाउनेहरूलाई रीस उठाउन चाँहदैनौ। यसर्थ यसप्रकारले
कर बुझाऊ। पोखरीमा जाऊ अनि माछा समात्न
बल्छीहान। तिमीले समातेको पहिलो माछा लेऊ, त्यसको
मुख खोल अनि तिमीले चार ड्रकमाको एउटा मुद्रा
पाउनेछौ। त्यो मुद्रा कर उठाउनेहरूलाई देऊ। त्यसैबाट
तिम्रो र मेरो कर चुक्ता हुनेछ।"

### येशू सोध्नुहुन्छ सबभन्दा महान को हो?

*(मर्कूस ९:३३-३७; लूका ९:४६-४८)*

**१८** त्यसैबेला चेलाहरू येशूकहाँ आए अनि सोधे,
"स्वर्गको राज्यमा सबभन्दा महान को होलान्?"
[२]येशूले एकजना सानो बालकलाई आफूकहाँ
बोलाउनुभयो। अनि चेलाहरूको अघि त्यो बालकलाई
उभ्याउनुभयो। [३]अनि भन्नुभयो, "म तिमीहरूलाई साँचो
भन्दछु। यदि तिमीहरू सानो बालकहरू जस्तै परिणत
भएनौ भने तब तिमीहरू स्वर्गको राज्यमा कहिल्यै प्रवेश

---

**पद २१** केही ग्रीक लिपिहरूमा पद-२१ छ: "त्यस्तो आत्मा आउनेछ यदि तिमीहरूले प्रार्थना र उपवास गर्न सक्यौ भने।"

गर्न सक्नेछैनौ। [४]जसले आफूलाई यो सानो नानी झै नम्र बनाउन सक्छ स्वर्गको राज्यमा उही महान हुन्छ।

[५]"यदि कुनै व्यक्तिले मेरो नाममा यो बालकलाई ग्रहण गर्छ भने, उसले मलाई ग्रहण गरेको हुनेछ।

## पापको बारेमा चेतावनी

*(मर्कूस ९:४२-४८; लूका १७:१-२)*

[६]यदि यी कुनै एक सानो बालकले ममाथि विश्वास राख्छ भने, अनि कसैले त्यो बालकलाई पापमा पार्छ भने यो त्यो व्यक्तिको निम्ति अति नराम्रो हुनेछ। त्यस्ताको निम्ति त घाँटीमा एउटा ठूलो जाँतो झुण्ड्याएर स्वयंलाई अगाध समुद्रमा डुबाइदिनु बेस हुनेछ। [७]जुन कारणले मानिसहरूलाई पाप गराउँछ यस संसारमा म ती मानिसहरूको निम्ति दु:ख अनुभव गर्दछु। यस्तो घटना हुनैपर्छ। तर यस्तो गर्ने मानिसहरूलाई कहिल्यै राम्रो हुनेछैन। [८]यदि तिम्रो हात वा खुट्टाले तिमीलाई पाप गर्नलाउँछ भने त्यसलाई काट अनि फालिदेऊ। तिम्रो निम्ति शरीरको एक अँग नभई जीवन बिताउनु दुइहात अनि दुइ खुट्टाहरू लिएर नरकको अग्निमा जल्नु भन्दा उत्तम हुनेछ। [९]यदि तिम्रा आँखाले तिमीलाई पापगर्न लाउँछ भने त्यसलाई निकाल अनि फालिदेऊ। दुइवटा आँखा भएर सधै भरिलाई नरकको अग्निमा फालिनुभन्दा एउटा आँखा लिएर जीवनमा प्रवेशगर्नु तिम्रा निम्ति असल हुनेछ।

## येशूद्वारा हराएको भेंड़ाको कथा

*(लूका १५:३-७)*

[१०]"होशियार बन। यी साना बालकलाई तुच्छ नठान। म तिमीहरूलाई भन्दछु कि यी बालकहरूका स्वर्गमा दूतहरू छन्। अनि ती दूतहरू स्वर्गमा मेरा पिताका साथमा छन्। [११]*परमेश्वरको पुत्र हराएकाहरूलाई वचाउन आउनु भएकोछ।

[१२]"तिमीहरू के सोच्छौ? यदि कुनै मानिसको १०० वटा भेड़ाहरू छन्, अनि कुनै एउटा हराएको छ, भने अरू ९९ वटा भेंड़ालाई डाँड़ामा छोडेर उ हराएको एउटा भेंड़ालाई खोज्न जाँदैन? के यो ठीक होइन? [१३]अनि जब उसले हराएको भेंड़ा भेट्टाउँछ तब उ आफूसित भएका ९९ वटा भेंड़ामा भन्दा त्यो एउटा भेंड़ा पाएर गद्‌गद् हुनेछ। म तिमीहरूलाई साँचो भन्दछु। [१४]त्यसरीनै तिम्रा स्वर्गको पिताको इच्छा यो छ कि यी कुनै पनि साना नानीहरू नहराओस्।

## जब कसैले गल्ती गर्छ

*(लूका १७:३)*

[१५]"यदि तिम्रा भाइ वा बहिनीले तिम्रो विरुद्ध केही गल्ती गऱ्यो भने जब उ एकान्तमा छ तिमी उसकोमा जाऊ। अनि भन उसको के गल्ती छ। यदि त्यो व्यक्तिले तिमीलाई सुन्न चाहे, भने उसलाई तिम्रा भाइ भएर रहन मदद देऊ। [१६]यदि उसले सुन्न अस्वीकार गऱ्यो भने अरू एक वा दुइ मानिसहरूलाई ल्याऊ जसमा कि ती दुइ वा तीन साक्षीहरूले त्यहाँ जे जति कुरा भए ती प्रमाणित गर्नेछन्। [१७]यदि उसले तिनीहरूका कुरा पनि सुन्न नचाहे तब यसलाई मण्डली समुदाय समक्ष ल्याऊ। मण्डली समुदायलाई पनि उसले सुन्न नचाहे उसलाई परमेश्वरमा विश्वास नगर्ने भनेर अनि कर उठाउने सरह व्यवहार गर।

[१८]"म तिमीहरूलाई साँचो भन्दछु। जब यो पृथ्वीमा तिमी न्यायको लागि बोल्दछौ, त्यो न्याय परमेश्वरबाट हुनेछ। जब तिमीले यो पृथ्वीमा क्षमाको बचन दिन्छौ, त्यो क्षमा परमेश्वरबाट हुनेछ।

[१९]"म तिमीलाई भन्छु, "यो पृथ्वीमा केही कुराको बारेमा तिमीहरूमध्ये दुइजना एक भई सहमत भयौ भने त्यसको निम्ति प्रार्थना गर्नसक्छौ। अनि तिमीहरूले जुन चीजको निम्ति प्रार्थना गर्छौ त्यो मेरा स्वर्गको पिताबाट प्राप्त गर्नेछौ। [२०]यो साँचो हो, किनभने दुइ वा तिनजनाले ममाथि विश्वास राख्छ, अथवा भेला हुन्छन् भने, म त्यहाँ तिनीहरूका साथमा हुन्छु।"

## क्षमाको कथा

[२१]त्यसपछि पत्रुस येशूकहाँ आएर सोधे, "प्रभु जब मेरा भाईले मप्रति घरिघरि गल्ती गर्दछ, तब मैले कति पटक सम्म उसलाई क्षमा गर्नु? के सातपल्ट सम्म?"

[२२]येशूले उत्तर दिनुभयो, "म तिमीहरू सबैलाई भन्दछु, यदि उसले आफ्नो गल्ती गरिरहयो भने पनि तिमीले सात गुणा सत्तत्तर पटकसम्म क्षमा दिनुपर्छ।"

---

**पद ११** केही ग्रीक लिपिहरूमा पद ११ छ: "मानिसका पुत्र हराएकाहरूलाई रक्षा गर्न आएका हुन्।"

[23]"यसकारण स्वर्गको राज्य राजा जस्तै छ जसले आफ्ना नोकरहरूबाट हिसाब मिलाउने निश्चय गर्छ। [24]राजाले हिसाब मिलाउन शुरू गरे। एक नोकर हजारौं चाँदीको सिक्काको ऋणी थियो। [25]त्यो नोकर आफ्नो ऋण तिर्न असमर्थ थियो। राजाले उसलाई, उसकी स्वास्नी, उसका नानीहरू अनि उसित भएका सबै कुरा उसले राजालाई तिर्नुपर्ने ऋृणको परिमाण सम्म बेच्ने आदेश गरे।

[26]"तर त्यो नोकर मालिकको खुट्टामा पऱ्यो अनि मालिकलाई विन्ती गऱ्यो, 'मेरो निम्ति केही धैर्य राखि दिनुहोस्। अनि मलाई लागेको जे जति ऋण छ म तिर्नेछु।' [27]यो सुनेर मालिकलाई नोकरप्रति दया जाग्यो। मालिकले त्यो नोकरलाई भन्यो कि उसले उसको ऋण तिर्नु पर्ने छैन अनि उसलाई मुक्त जान दिए।

[28]"केही समय पछि, त्यो नोकरले अर्को नोकरलाई भेट्टायो, जसले उसबाट एकसय चाँदीका सिक्का ऋण लगेको थियो। उसले त्यसको घोक्रो अँठ्यायो अनि भन्यो, 'मेरो ऋण तुरन्तै तिरिहाल्।'

[29]"त्यो नोकर उसको घुँडा टेकेर विन्ती गर्न लाग्यो, 'मेरो निम्ति धैर्य धारण गर्नोस् मलाई लागेको ऋृण म चुक्ता गर्नेछु।'

[30]"तर त्यो पहिलो नोकरले धैर्य गर्न सकेन। त्यसले अर्को नोकरको विरुद्ध न्यायकर्तालाई नालिश गऱ्यो अनि उसलाई जेलमा पुऱ्याइदियो। ऋण चुक्ता नगरून्जेल उनी जेलमा बस्न पऱ्यो। [31]अरू सबै नोकरहरूले यो घटना देखे। तिनीहरू दुःखी भए अनि तिनीहरूले आफ्ना मालिकलाई यो घटनाको वृतान्त सुनाइदिए।

[32]"तब मालिकले नोकरलाई बोलाए अनि उसलाई भने, 'तिमी दुष्ट नोकर होऊ। तिमीले मबाट घेरै ऋण लगेका थियौ, अनि मैले त्यो क्षमा गरिदिए किनभने तिमीले मलाई याचना गऱ्यौ। [33]मैले तिमीलाई दया देखाए जस्तै तिमीले पनि तिम्रो सहनोकरलाई दयादेखाउन सकेनौ?' [34]मालिक खूबै रिसाएका थिए, अनि दण्डका निम्ति त्यस नोकरलाई जेलमा पठाए। सम्पूर्ण ऋृण नतिरून्जेल तिनी जेलमा नै बस्नुपऱ्यो।

[35]"राजाले पनि स्वर्गमा भएका मेरा पिताले जे गर्नुहुन्छ त्यही गरे यदि तिमीहरू प्रत्येकले आफ्ना भाइ-बहिनीहरूलाई आफ्ना हृदयले क्षमा गरेनौ भने तब मेरा स्वर्गको पिताले तिमीहरूलाई पनि क्षमा दिनु हुने छैन्।"

### येशूद्वारा सम्वन्ध विच्छेद बारे शिक्षा

*(मर्कूस १०:१-१२)*

**१९** यी सबै कुराहरू सुनाएपछि येशूले गालीली छाड्नुभयो। यर्दन नदीको पारि पट्टि छेवमा भएको यहुदिया जिल्लाभित्र उहाँ पुग्नुभयो। [2]धेरै मानिसहरूले येशूको पिछा गरे। येशूले रोगी मानिसहरूलाई त्यहाँ निको पारिदिनु भयो।

[3]केही फरिसीहरू येशूकहाँ तिनको, परीक्षा गर्न त्यहाँ आए। तिनीहरूले येशूलाई सोधे, "के कुनै पनि निहुँमा कसैले आफ्नी स्वास्नीलाई त्याग्न सक्छ?"

[4]येशूले उत्तर दिनुभयो, "के तिमीहरूले धर्मशास्त्रमा पढ़ेका छैनौ? जब परमेश्वरले संसारको सृष्टि गर्नुभयो, 'उहाँले नै नर र नारी बनाउनु भयो।'* [5]अनि परमेश्वरले भन्नु भयो, 'त्यसकारण मानिसले आफ्नो आमा-बाबुलाई आफ्नो स्वास्नीसँग मिल्नका निम्ति छोड्नु पर्छ। अनि यी दुइ व्यक्तिहरू एक हुनेछन्।'* [6]यसर्थ दुइजना व्यक्तिहरू दुइ रँहदैनन् एकहुन्छन्। परमेश्वरले यी दुईलाई एक पारेका हुन्। यसैकारणले कसैले तिनीहरूलाई अलग पार्नु हुँदैन।" [7]फरिसीहरूले सोधे, "यदि त्यसो भए मोशाले किन एउटा मान्छेलाई प्रमाणपत्र लेखेर आफ्नी पत्नीसित छुटानाम गर्ने आज्ञा दिए?"

[8]येशूले भन्नुभयो, "मोशाले तिमीहरूलाई आफ्नी स्वास्नीहरूसँग छुटानाम गर्ने अनुमति दिएको कारण के हो भने तिनीहरूले परमेश्वरको शिक्षालाई स्वीकार गर्न अस्वीकार गऱ्यौ। तर शुरूमा यो यस्तो थिएन। [9]जो म भन्दछु जसले आफ्नो स्वास्नीलाई त्यागेर अर्को स्त्रीसँग विवाह गर्दछ भने उसले व्यभिचार गर्दछ। एउटा मान्छेले आफ्नो स्वास्नीलाई त्यागेर अर्की स्वास्नीसँग त्यत्तिबेला विवाह गर्न पाउँदछ जब उसको पहिलेको स्वास्नीले अरू कुनै व्यक्तिसँग व्यभिचार गर्दछे।"

[10]चेलाहरूले येशूलाई भने, "यदि त्यही कारणले मात्र एउटा मान्छेले आफ्नो स्वास्नीलाई त्याग्न सक्छ भने विवाह नगर्नु नै असल हुन्छ।"

[11]येशूले जवाफ दिनुभयो, "केही मानिसले यो सत्यतालाई मान्न सक्तैन। तर परमेश्वरले कसै-कसैलाई मात्र यसलाई मान्न सक्ने बनाउनु भएको छ [12]कोही मानिसहरूले किन विवाह गर्नसक्तैन भन्ने बारे विभिन्न

---

**'उहाँले ... भयो'** उत्पत्ति १:१७ वा ५:२।

**'त्यसकारण ... एक हुनेछन्'** उत्पत्ति २:२४।

कारणहरू छन्। तिनीहरूमध्ये कोही जन्माउने क्षमता बिना नै जन्मेका हुन्छन्। अनि केही मानिसहरूलाई, अरू मानिसहरूले केही समय पछि त्यस्तो गराएको हुन्छ। कोही अरू स्वर्गको राज्यको निम्ति विवाह अस्वीकार गर्छन्। तर जसले विवाह गर्न सक्छ उसले विवाह बारे यो शिक्षा मान्नु पर्दछ।"

### येशूद्वारा बालकहरूको स्वागत

*(मर्कूस १०:१३-१६; लूका १८:१५-१७)*

[१३]त्यसपछि मानिसहरू आफ्ना बालकहरूलाई लिएर येशूकहाँ गए ताकि येशूले नानीहरू माथि आफ्ना हात राखरे आर्शिवाद दिऊन अनि प्रार्थना गरी दिऊन। जब उहाँका चेलाहरूले यो देखे, तिनीहरूले मानिसहरूलाई येशूकहाँ आफ्ना बालकहरू ल्याँउदा हप्काए। [१४]तर येशूले भन्नुभयो, "ससाना बालकहरूलाई मकहाँ आउन तिनीहरूलाई नरोक। किनभने स्वर्गको राज्य ती मानिसहरू को हो जो यी साना बालकहरू समान छन्।" [१५]त्यसपछि तिनीहरूमाथि हात राखेर येशू त्यहाँबाट जानुभयो।

### धनी व्यक्तिद्वारा येशूलाई मान्न अस्वीकार

*(मर्कूस १०:१७-३१; लूका १८:१८-३०)*

[१६]एउटा मानिस येशूकहाँ आए अनि सोधे, "गुरूज्यू, के असल काम मैले गर्नु पर्ने जसद्वारा म अनन्त जीवन प्राप्त गर्नसक्छु?"

[१७]येशूले उत्तर दिनुभयो, "असल के हो? तिमीले मलाई किन यसरी सोध्दैछौ? खालि परमेश्वर मात्र असल हुनुहुन्छ। यदि तिमी अनन्त जीवन पाउन चाहन्छौ भने, तिमीले आज्ञाहरू पालन गर्नु पर्दछ।"

[१८]त्यस मानिसले सोधे, "कुन आज्ञाहरू?" येशूले उत्तर दिनुभयो, "'कसैको हत्या नगर, कसैसित व्यभिचार नगर; नचोर, भूँठा गवाही नदेऊ, अरूको निन्दा गर्नु हुँदैन, [१९]आफ्ना आमा-बाबुको आदर गर'* अनि 'आफैलाई प्रेम गरे जस्तो अरूलाई पनि प्रेम गर।'*"

[२०] त्यो जवान मानिसले भने, "मैले यी सब आज्ञाहरू पालन गरेको छु। अब अरू मैले के गर्नु पर्छ?"

[२१]येशूले उत्तर दिनुभयो, "यदि तिमी सिद्ध हुन चाहन्छौ भने, आफूमा भएको जे जति चीजहरू छन् बिक्री गर। ती पैसा-रूपियाँ गरीबहरूलाई बाँढ़। यदि तिमीले त्यसो गर्‍यौ भने तिमीले स्वर्गमा भएको सम्पत्ति प्राप्त गेर्नछौ। तब तिमी आउँछौ अनि मेरो पछि लाग्छौ।"

[२२]तर यो कुरा सुनेर त्यो जवान मानिस खूबै दुःखी बन्यो किनभने त्यो धनी मानिस थियो। यसर्थ तिनी येशूबाट गए।

[२३]त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु। एउटा धनी मानिसलाई स्वर्गको राज्यमा पस्न पाउनु खुबै कठिन हुन्छ। [२४]धनी मानिसलाई परमेश्वरको राज्यमा पस्नु भन्दा बरू ऊँटलाई सियोको नाथ्रीबाट छिर्न सजिलो पर्नेछ।"

[२५]जब चेलाहरूले यस्ता कुरा सुने, तिनीहरू खूबै अचम्भित भए। तिनीहरूले सोधे, "यदि यस्तो भए कसले उद्धार पाउन सक्छ त?"

[२६]येशूले चेलाहरूलाई हेर्नुभयो अनि भन्नुभयो, "मानिसहरूको निम्ति यो असम्भव छ। तर परमेश्वरका निम्ति हरेक कुरा सम्भव छ।"

[२७]पत्रुसले येशूलाई भने, "हामीले हामीसित भएका प्रत्येक कुरा त्यागेर तपाईंको पछि लाग्यौं। हामीले के पाउनेछौं?"

[२८]येशूले चेलाहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु। जब नयाँ संसारको सृष्टि हुनेछ। मानिसको पुत्र त्यो महान सिंहासनमा बस्ने छ। अनि तिमीहरू पनि इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्दै बाह्र वटा सिंहासनहरूमा बस्नेछौ। [२९]अनि ती जस-जसले मेरो निम्ति आफ्नो घर, दाजुभाइ, दिदी-बहिनी, बाबु-आमा, छोरा-छोरीहरू, अनि जग्गा-जमीनहरू छोड़ेको छ तिनीहरूले ती छोड़ेको भन्दा धेरै अधिक पाउनेछन्। अनि तिनीहरूले अनन्त जीवन पाउने छन्। [३०]अहिले धेरै जसो जो उच्च ओहोदामा पुगेकाछन् भविष्यमा होँचो स्थान पाउनेछन्। अनि अहिले धेरै जसो जो निम्न स्थानमा परेका छन् भविष्यमा उच्च ओहोदामा पुग्नेछन्।

### येशूद्वारा खेतालाहरूको कथा

**२०** "स्वर्गको राज्य एउटा जमीनको मालिक जस्तो हो जसको अङ्गुरको खेत थियो। एक बिहान सबेरै आफ्नो अंङ्गुरको खेतमा काम गराउन खेतालाहरू

---

**'कसैको हत्या ... आदर गर'** प्रस्थान २०:१२-१६।

**'आफैलाई ... प्रेम गर'** लेवी १९:१८।

ज्यालामा लिन गए। [२]प्रत्येक दिनको ज्याला
भनेर उसले ती खेतालाहरूलाई चाँदीको एक सिक्का
दिन मान्यो अनि आफ्नो अङ्गूर खेतमा काम गर्न
तिनीहरूलाई पठाए।

[३]"प्राय: नौ बजेतिर बजार गर्न भनी जब उनी बाहिर
गए उसले केही मानिसहरू उभिरहेको देखे। ती मानिसहरू
कामरहित थिए। [४]अनि भूमिपतिले तिनीहरूलाई भन्यो,
'यदि तिमीहरूलाई मेरो अङ्गूर खेतमा काम गर्ने इच्छा
छ भने, म तिमीहरूले जति खट्तछौ त्यसको सही
ज्याला दिन्छु।' [५]त्यसपछि तिनीहरू काम गर्नलाई अङ्गूर
खेतमा गए।

"फेरि त्यो मानिस एकपल्ट प्राय: बाह्र बजे अनि
अर्कोपल्ट तीन बजेतिर बाहिर निस्कियो। दुवैपल्ट तिनले
अङ्गुर खेतमा काम गर्नलाई ज्याला दिएर खेतालाहरूलाई
ल्यायो। [६]फेरि प्राय: पाँच बजे उ बजार गर्न निस्कियो।
फेरि केही मानिसहरूलाई केही नगरी त्यसै उभिरहेको
देख्यो। उसले तिनीहरूलाई सोध्यो, 'केही काम नगरी
तिमीहरू किन यहाँ बसिरहेका छौ?'

[७]मानिसहरूले भने, 'कसैले हामीलाई काममा लाएनन्।'

"उसले भन्यो, 'त्यसो भए तिमीहरू पनि मेरो
अङ्गुरको खेतमा गएर काम गर्न सक्छौ।'

[८]"जब साँझ पर्‍यो त्यो खेतको मालिकले खेतालाहरूको
निरीक्षकलाई भन्यो, 'सबै खेतालाहरूलाई बोलाऊ अनि
तिनीहरूको ज्याला बाँड़ि देऊ। अन्तिम खेताला देखि
प्रथमतिर भुक्तान शुरू गर।'

[९]"पाँच बजेतिर आएका खेतालाहरू जसले पाँच बजे
काम शुरूगरे तिनीहरूले आफ्ना खर्च पाए। प्रत्येकले
एउटा चाँदीको सिक्का पाए। [१०]त्यसपछि पहिले ल्याएका
खेतालाहरूले आफ्ना खर्च पाए। तिनीहरूले पहिले
पाएका खेतालाहरूभन्दा अधिक खर्च पाउने आशा
गरेका थिए। तर तिनीहरूले पनि अरूले जस्तै एक-एकवटा
चाँदीको सिक्का मात्र पाए। [११]जब तिनीहरूले एउटा मात्र
चाँदीको सिक्का पाए तिनीहरूले भूमिपतिसित विरोध गरे।
[१२]खेतालाहरूले विरोध गरे, 'पछिबाट आएकाहरूले
खालि एक घण्टा मात्र काम गरेका छन्। तर तिनीहरूलाई
पनि हामीलाई जस्तै एउटा चाँदीको सिक्का दिइयो। अनि
हामीले भने सारा दिन प्रचण्ड घाममा काम गरेका छौं।'

[१३]"तर त्यो मानिस जो जमीनको मालिक थियो,
खेतालाहरूमध्ये एकजनालाई भने, 'साथी, मैले तिमीलाई
अन्याय गरेको छैन। एउटा चाँदीको सिक्कामा नै काम
गर्न मसित तिमी मानेको थियौ। हो कि होइन? [१४]यसैले
आफ्नो ज्याला थाप अनि जाऊ। मैले ज्यालामा ल्याएको
अन्तिम खेतालालाई पनि तिमीलाई जस्तै दिन चाहन्छु।
[१५]के मेरो पैसाले जे पनि गर्ने मेरो अधिकार छैन?
अथवा म उदार छु भनेर तिमीलाई आहिस लाग्यो?'

[१६]"त्यसरीनै जो अहिले अन्तमा छ भविष्यमा उ
पहिलो हुन्छ। अनि जो अहिले पहिलो स्थानमा छ
भविष्यमा अन्तिम स्थानमा हुनेछ।"

### येशूद्वारा आफ्नै मृत्यु बारे कुरा

*(मर्कूस १०:३२-३४; लूका १८:३१-३४)*

[१७]येशू यरूशलेम जानु हुँदैथियो। उहाँका बाह्रै
चेलाहरू पनि उहाँका साथमा थिए। जब उनीहरू जाँदै
थिए, येशूले तिनीहरूलाई भेला गर्नुभयो अनि निजीरूपमा
बात गर्नुभयो। एकजनासँग कुरा गर्नु भयो। उहाँले
तिनीहरूलाई भन्नुभयो, [१८]"हामीहरू यरूशलेम जाँदैछौ।
मानिसको पुत्रलाई मुख्य पूजाहारीहरू र कानूनका
शास्त्रीहरूको हातमा सुम्पिइनेछ। तिनीहरूले मानिसका
पुत्रलाई मृत्यु दण्डदिनेछन्। [१९]तिनीहरूले मानिसको पुत्रलाई
अ-यहूदीहरूको हातमा सुम्पनेछन्। तिनीहरूले उहाँलाई
गाली गर्नेछन्, कोर्रा लाउनेछन् अनि क्रूसमा भुण्ड्याएर
मार्नेछन्। तर मरेको तेस्रो दिनमा उहाँ बौरी उठ्नु
हुनेछ।"

### आमाद्वारा विशेष विन्ती

*(मर्कूस १०:३५-४५)*

[२०]तब जब्दीकी स्वास्नी येशू कहाँ आइन्। उसको
छोराहरू पनि साथमा थिए। उनले शिर निहुराएर
येशूलाई दण्डवत गरीन अनि येशूसित केही कुरो
मागिन्।

[२१]येशूले सोध्नुभयो, "तिमी के चाहन्छौ?"

उनले भनिन्, "तपाईंको राज्यमा यी मेरा छोराहरूमध्ये
एकजनालाई तपाईंको दाहिने पट्टि र अर्कोलाई तपाईंको
देब्रे हातपट्टि बस्न पाउनलाई बचन दिनुहोस्।"

[२२]अनि येशूले ती छोराहरूलाई भन्नुभयो, "तिमीहरू
के मागिरहेका छौ त्यो तिमीहरूले बुझेका छैनौ। मैले
जुन कष्ट भोग्न लागिरहेको छु के त्यस्तो तिमीहरू
सहन गर्नसक्छौ?"

छोराहरूले उत्तर दिए, "हामी गर्नसक्छौं!"

२३येशूले तिनीहरूलाई भन्नुभयो, “निश्चयनै मैले जुन
यातना भोग्ने छु त्यही तिमीहरूले पनि भोग्नुपर्छ। तर म
कसैलाई मेरो दाहिने र देब्रेपट्टि बसाउन सक्तिनँ। मेरा
पिताले ती मानिसहरू निश्चित गरि सक्नु भएको छ
जसले ती स्थान पाउने छन्। उहाँले नै ती स्थानहरू ती
व्यक्तिहरूकालागि तयार पार्नु भएको छ। ती ठाउँहरू
तिनीहरूकै हुनेछन्।”

२४अरू दसजना चेलाहरूले यी कुराहरू सुने। तिनीहरू
ती दुइ भाइसँग औधी रिसाए। २५येशूले सबै चेलाहरूलाई
एकै ठाउँ भेला हुन बोलाउनु भयो। उहाँले भन्नुभयो,
“तिमीहरू जान्दछौ कि अयहूदी मानिसहरूमा अधिकार
दर्शाउन चाहन्छन्। अनि तिनीहरूका मुख्य मानिसहरू
मानिसहरूमाथि नै आफ्नो अधिकार दर्शाउन चाहन्छन्।
२६तर तिमीहरू यस्तो हुनु हुँदैन। यदि तिमीहरूमध्ये
कोही ठूलो मान्छे हुन चाहन्छौ भने, उसले तिमीहरूको
नोकर जस्तो सेवा गर्नुपर्छ। २७यदि तिमीहरूमध्ये कोही
पहिलो व्यक्ति हुनचाहन्छौ भने, उसले दास जस्तो भएर
तिमीहरूको सेवा गर्नुपर्छ। २८मानिसको पुत्रसँग पनि
यस्तै हुनेछ। मानिसको पुत्र अरू मानिसबाट सेवा पाउन
आएको होइन। तर मानिसको पुत्र अरू मानिसहरूको
सेवागर्न आएको हो। मानिसको पुत्र आफ्नो सम्पूर्ण
जीवनलाई धेरै मानिसहरूको रक्षाको निम्ति समर्पण गर्न
आएका हुन्।”

## येशूद्वारा दुइजना अन्धोको उपचार

*(मर्कूस १०:४६-५२; लूका १८:३५-४३)*

२९जब येशू अनि उहाँका चेलाहरू येरिकोबाट जाँदै
थिए, धेरै मानिसहरूले उहाँलाई पछ्याए। ३०बाटोको
किनारमा दुइजना अन्धा व्यक्तिहरू बसिरहेका थिए। ती
अन्धाहरूले येशू त्यतैतिर बाट पार हुँदै गरेको सुने।
अनि ती अन्धाहरू चिच्याए, “प्रभू, दाऊदका पुत्र,
हामीमाथि दया गर्नुहोस्।”

३१सबै मानिसहरूले ती अन्धाहरूलाई हप्काए।
तिनीहरूले ती अन्धाहरूलाई नबोल्नु भने। तर ती
अन्धाहरू अझ जोड्ले चिच्याए, “प्रभु, दाऊदका पुत्र,
हामीमाथि दया गर्नुहोस्।”

३२येशू रोकिनु भयो, अन्धाहरूलाई बोलाउनु भयो
अनि भन्नुभयो, “तिमीहरू मबाट के गरिएको इच्छा
गर्छौ?”

३३अन्धाहरूले उत्तर दिए, “परमप्रभु हामी देख्न
चाहन्छौं।”

३४येशूलाई अन्धाहरूप्रति दया जाग्यो। येशूले ती
अन्धाहरूको आँखाहरू स्पर्श गर्नुभयो अनि तिनीहरू
देख्ने योग्यका भए। त्यसपछि तिनीहरू येशूलाई पछ्याउन
लागे।

## येशू राजा झैं यरूशलेममा प्रवेश गर्नु भएको

*(मर्कूस ११:१-११; लूका १९:२८-३८; यूहन्ना १२:१२-१९)*

२१ येशू अनि उहाँका चेलाहरू यरूशलेम नजिक
आइपुग्न लागेका थिए। तर तिनीहरू पहिले
‘जैतुन-डाड़ा’ को बेथफागेमा रोकिनु भयो। येशूले आफ्ना
दुइ चेलाहरूलाई त्यहाँका एउटा नगरमा पठाउनु भयो।
२येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “तिमीहरूले
देखेको शहरमा जाऊ। त्यहाँ प्रवेश गर्ने साथ एउटा
गधालाई बाँधिएको भेट्टाउनेछौ। त्यो गधासँग एउटा
बछेड़ा पनि हुनेछ। तिनलाई फुकालेर मकहाँ ल्याऊ।
३यदि कसैले तिमीहरूलाई केही प्रश्न गरे उसलाई
भनिदेऊ, ‘मालिकलाई यी गधाहरूको जरूरत परेको छ।
उहाँले ती चाँड़ै फर्काइदिनुहुनेछ।’”

४अगमवक्ताले भनेको यो कुरा पूरा होस् भनेर यो
यस्तो भएको हो:

५ “सियोनको नगरलाई भन, ‘अब तिमीहरूको
राजा आउनु हुँदैछ। उहाँ विनम्र हुनुहुन्छ अनि
गधामा चढ़ेर आउनु हुँदैछ, उहाँ एउटा भारी
बोक्ने पशुमाथि आउनु हुँदैछ, जो काम गर्नकै
खातिर जन्मेको पशु हो।’”

*जकरिया ९:९*

६चेलाहरू गए अनि येशूले निर्देश गरे अनुसार गरे।
७चेलाहरू गधा र त्यसको बछेड़ालाई लिएर येशूकहाँ
फर्की आए। तिनीहरूले आफ्ना वस्त्रहरू गधालाई
ओड़ाइदिए, अनि येशू त्यसमाथि बस्नु भयो। ८येशू
यरूशलेम तिर जाने बाटोमा गधामा चढ़ेर जानुभयो। धेरै
मानिसहरूले येशूको निम्ति बाटोमा वस्त्रहरू ओछ्याइदिएका
थिए। अरू मानिसहरूले रूखका हाँगाहरू काटे अनि
बाटोमा ओछ्याइ दिए। ९कोही मानिसहरू येशूको अघि-अघि
हिँड्दै थिए। कोही मानिसहरू येशूको पछि-पछि हिँड्दै
थिए। मानिसहरू कराउन लागे,

"दाऊदको पुत्र होसन्ना!* 'प्रभुका नाउँमा
आउने उनी धन्य हुन्!'

*भजनसंग्रह ११८:२६*

स्वर्गको परमेश्वरलाई प्रशंसा गर।"

१०त्यसपछि येशू यरूशलेम भित्र जानुभयो। सम्पूर्ण
नगर भ्रममा परे। तिनीहरूले सोधे, "यो को हो?"
११येशूसँगै आएका मानिसहरूले जवाफ दिए, "उनी
येशू हुन्। गालीली नगरको नासरतका अगमवक्ता उनी
नै हुन्।"

### येशू मन्दिरतर्फ जानुहुन्छ

*(मर्कूस ११:१५-१९; लूका १९:४५-४८; यूहन्ना २:१३-२२)*

१२येशू मन्दिरतर्फ लाग्नुभयो। उहाँले सबै किन-बेच
गर्नेलाई त्यहाँदेखि धपाउनु भयो। उहाँले पैसा लेनदेन
गरिने मेचहरू पल्टाइदिनु भयो। अनि येशूले ढुकुर
बेच्नेहरूको बेञ्चहरू पनि पल्टाइदिनु भयो। १३येशूले
त्यहाँ भएका व्यक्तिहरूलाई भन्नुभयो, "धर्मशास्त्रमा
यस्तो लेखिएको छ, 'मेरो घरलाई प्रार्थनाको घर भनिनेछ।'*
तर तिमीहरू परमेश्वरको घरलाई डकैतहरूको 'घाटीमा
परिणत गरिरहेछौ।'*"
१४केही अन्धा र केही लङ्गड़ा मानिसहरू मन्दिरमा
येशूकहाँ आए। येशूले ती मानिसहरूलाई निको पारिदिनु
भयो। १५मुख्य पूजाहारीहरू र शास्त्रीहरूले यो दृष्य
देखे। तिनीहरूले येशूका चमत्कार कार्यहरू अनि मन्दिरमा
बालकहरूले येशूलाई नै प्रंशसा गरिरहेका देखे। बालकहरू
भन्दै थिए, "दाऊदका पुत्र, होसन्ना!" यसमा पूजाहारीहरू
र शास्त्रीहरू क्रोधित भए।
१६मुख्य पूजाहारीहरू र शास्त्रीहरूले येशूलाई सोधे,
"वालकहरूले के भनिरहेका छन् तपाँईले सुन्नु भो?"
येशूले उत्तर दिनुभयो, "अवश्य। के तिमीहरूले
कहिले धर्मशास्त्रहरूमा पढ़ेका छैनौ? 'तिमीहरूले
नानीहरूलाई स्तुति गर्नु भनी सिकायौ?'*"

**होसन्ना** मदतका निम्ति परमेश्वरप्रति प्रार्थना।

**'मेरो ... भनिनेछ'** यशैया ५६:७।

**'घाटीमा ... गरिरहेछौ'** यर्मिया ७:११।

**'तिमीहरूले ... भनी सिकायौ?'** भजनसंग्रह ८:३।

१७त्यसपछि येशूले त्यो ठाउँ र तिनीहरूलाई छोड़नुभयो
अनि नगरदेखि बाहिर बेथानीमा जानुभयो। त्यो रात
येशूले त्यहीँ बिताउनु भयो।

### येशूद्वारा विश्वासको शक्ति प्रदर्शन

*(मर्कूस ११:१२-१४; २०-२४)*

१८भोलिपल्ट बिहानै, येशू नगरतिर फर्किरहनु भएको
थियो। उहाँ भोकाउनु भएको थियो। १९बाटोको किनारमा
येशूले एउटा नेभाराको रूख देख्नु भयो। येशू नेभाराको
रूखको छेउमा गएर उहाँले केही फल खाने इच्छा
गर्नुभयो। तर त्यो नेभाराको रूखमा त्यस्तो खाने फल
केही थिएन। त्यहाँ पातैपात मात्र थियो। अनि येशूले त्यो
रूखलाई भन्नुभयो, "अब उप्रान्त तँमा फल लाग्ने
छैन।" अचानक त्यो रूख ओइलायो अनि मर्‍यो।
२०चेलाहरूले यी सब देखे। तिनीहरू चकित भए।
तिनीहरूले सोधे, "कसरी नेभारको रूख सुक्यो अनि
झट्टै मरिहाल्यो?"
२१येशूले उत्तर दिनुभयो, "म तिमीहरूलाई साँचो
भन्दछु। यदि तिमीहरूमा विश्वास छ र त्यसमा शंका
छैन भने, मैले जस्तै तिमीहरूले पनि गर्न सक्नेछौ।
तिमीहरूले त्योभन्दा धेरै गर्नसक्नेछौ। तिमीले यस पहाड़लाई
भन्न सक्छौ, 'ए पहाड़ जा अनि समुद्रमा खस।' यदि
तिमीहरूमा विश्वास भए, यी सत्य हुनसक्नेछ। २२यदि
तिमीहरूमा विश्वास भए, प्रार्थना द्वारा तिमीहरूले चाहेका
कुनै पनि वस्तु प्राप्त गर्नसक्ने छौ।"

### यहूदी नेताहरूद्वारा येशूको शक्ति माथि शंका

*(मर्कूस ११:२७-३३; लूका २०:१-८)*

२३येशू मन्दिरतर्फ जानुभयो। जब उहाँले सिकाइरहनु
भएको थियो, मुख्य पूजारीहरू र जन-साधारणका
अग्रजहरू येशूकहाँ आए। तिनीहरूले येशूलाई भने,
"हामीलाई भन्नुहोस्। यी कार्यहरू गर्न तपाईंको के
अधिकार छ? यस्तो अधिकार तपाईंलाई कसले प्रदान
गर्‍यो?"
२४येशूले उत्तर दिनुभयो, "म पनि तिमीहरूलाई एउटा
प्रश्न सोध्न चाहन्छु। यदि तिमीहरूले मलाई उत्तर दियौ
भने, म पनि भन्नेछु कि कुन अधिकारले म यी
कुराहरू गरिरहेछु। २५"मलाई भन: यूहन्नाको बप्तिस्मा
परमेश्वरबाट वा मानिसबाट भयो?"

मुख्य पूजारीहरू र यहूदी अग्रज नेताहरूले येशूको यो प्रश्न बारे बहस गरे। तिनीहरू आफू बीचमा बात चीत गर्न थाले, "यदि हामीले यूहन्नाको बप्तिस्मा परमेश्वरबाटै भएको थियो, भन्यौ भने उहाँले भन्नु हुनेछ, 'त्यसो भए तिमीहरूले यूहन्नालाई किन विश्वास नगरेको?' २६यदि हामीहरूले 'यो बप्तिस्मा मानिसबाटै भएको थियो,' भन्यौ भने सबै मानिसहरू हामीहरूसँग रिसाउने छन्। हामी मानिसहरूबाट सावधान हुनुपर्छ किनभने तिनीहरू सबै यूहन्ना एकजना अगमवक्ता हो भनेर विश्वास गर्छन्।"

२७त्यसपछि तिनीहरूले येशूलाई जवाफ दिए, "हामी जान्दैनौ कि यूहन्नामा कहाँबाट त्यस्तो शक्ति आयो।"

तब येशूले भन्नुभयो, "त्यसो भए म पनि भन्ने छैन कि कुन अधिकारले म यी सब कार्यहरू गरिरहेछु।"

### येशूद्वारा दुइजना पुत्रको कथा

२८"तिमीहरू यसको बारेमा के सोच्छौ? एकजना व्यक्तिका दुइजना छोराहरू थिए। त्यो व्यक्तिले आफ्नो पहिलो छोरालाई भने, 'छोरा, जाऊ अनि गएर आज अङ्गूरको खेतमा काम गर।'

२९छोराले उत्तर दियो, 'म जाँदिन।' केही समयपछि उसले आफ्नो विचार बद्ल्यो, अनि गयो।

३०"त्यसपछि पिता अर्को छोराकहाँ गए अनि भने, 'छोरा, जाऊ अनि आज मेरो अङ्गूरको खेतमा काम गर।' छोरोले जवाफ दियो, 'हुन्छ, महाशय, म जान्छु अनि काम गर्छु।' तर त्यो छोरा गएन।

३१"अब यी दुइ छोराहरूमा कुन चाहिँले तिनीहरूको पिताले चाहेको कुरा गऱ्यो?"

यहूदी नेताहरूले उत्तर दिए, "पहिलो छोरोले।"

येशूले तिनीहरूलाई भन्नुभयो, "म साँचो कुरा तिमीहरूलाई भन्दछु। तिमीहरू सोँच्दछौ कर उठाउनेहरू र वेश्याहरू खराब मानिसहरू हुन्। तर परमेश्वरको राज्यमा तिमीहरूले प्रवेश पाउनको अघि तिनीहरूले प्रवेश पाउनेछन्। ३२यूहन्ना सही जीवन बाँच्ने उपाय देखाउनलाई आएका थिए। तर तिमीहरूले यूहन्नालाई पटक्कै विश्वास गरेनौ। तर कर उठाउनेहरू र वेश्याहरूको यूहन्ना प्रति विश्वास थियो। अनि कर उठाउनेहरू र वेश्याहरूले यूहन्नालाई विश्वास गरेको तिमीहरूले देखेका थियौ। तर अझै पनि तिमीहरूले उनलाई विश्वास गर्न आफ्नो विचार परिवर्त्तन गरेनौ।

### परमेश्वरले आफ्ना पुत्रलाई पठाउँनुहुन्छ

*(मर्कूस १२:१-१२; लूका २०:९-१९)*

३३"यो कथालाई सुनः कुनै मान्छेको जमीन थियो। उसले खेतमा अङ्गूरको बोट रोप्यो। उसले अङ्गूरको खेतको वरिपरि देवल निर्माण गऱ्यो। अनि त्यसभित्र अङ्गूर पेल्ने कोलखनेको थियो। फेरि त्यो मान्छेले एउटा मचान बनायो। उसले आफ्नो खेत कोही खेतालाहरूलाई लगानी दियो अनि उ यात्रामा गयो। ३४केही समय पछि, फसल उठाउने समय भयो। अनि त्यस व्यक्तिले आफ्नो नोकरहरूलाई बालीको आफ्नो अंश बटुल्न पठायो।

३५"तर खेतालाहरूले ती नोकरहरूलाई समाते अनि एकजनालाई पिटे, अर्कोलाई मारिदिए अनि अर्कोलाई ढुङ्गाले हानेर मारिदिए। ३६फेरि त्यो खेत-मालिकले खेतालाहरूकहाँ अरू नोकरहरूलाई पठायो। उसले पहिलेभन्दा धेरै नोकरहरू पठाएको थियो। तर खेतालाहरूले तिनीहरू प्रति त्यसरी नै व्यवहार गरे। ३७त्यसपछि उसले आफ्नै छोरालाई खेतालाहरूकहाँ पठायो। उसले भन्यो, 'खेतालाहरूले मेरो छोरालाई आदर देखाउनेछन्।'

३८"तर खेतीवालहरूले जब छोरालाई देखे, तिनीहरूले एक अर्कालाई भन्न थाले, 'यो भूमि मालिकको छोरा हो। यो खेत उसको हुनेछ। हामी त्यसलाई शेष पारौ जसद्वारा उसको खेत हाम्रो हुनेछ।' ३९अनि खेतालाहरूले छोरालाई समाते, उसलाई खेत बाहिर मारेर फ्याँकिदिए।

४०"अब जब अङ्गूर खेतको मालिक आउँछ खेतालाहरूप्रति उसले कस्तो व्यवहार गर्नेछ?"

४१ती यहूदी पूजाहारीहरू र नेताहरूले भने, "तिनले ती दृष्टहरूलाई भयानक मृत्युद्वारा मार्नेछन्। त्यसपछि तिनले आफ्नो खेत अरू खेतालाहरूलाई खजानामा दिनेछन्। तिनले त्यो अङ्गूरखेत ती किरायदारहरूलाई देलान् जसले फसल उठाएको समयमा तिनको आफ्नो अंश दिनेछन्।"

४२येशूले तिनीहरूलाई भन्नुभयो, "निश्चयनै तिमीहरूले यो धर्मशास्त्रमा पढ़ेका छौ:

> 'जुन ढुङ्गालाई डकर्मीहरूले रद्द गरे, त्यही ढुङ्गा कुनाको शिरमा मुख्य ढुँगा बन्यो, यो परमप्रभुले गर्नु भएको हो अनि यो हाम्रो समक्ष विचित्रको छ।'

*भजनसंग्रह ११८:२२-२३*

४३"त्यसैकारण म तिमीहरूलाई भन्दछु, परमेश्वरको
राज्य तिमीहरूबाट खोसिनेछ। त्यस पछि परमेश्वरले
यस्ता मानिसहरूलाई दिनु हुनेछ जसले परमेश्वरले
आफ्ना राज्यमा चाहनु भएका किसिमका फलहरू
उत्पन्न गर्नेछन्। ४४अनि जो कोहीपनि त्यो ढुङ्गामाथि
खसे उ टुक्रा टुक्रा बन्नेछ। यदि त्यो ढुङ्गा कसैमाथि
खस्यो भने त्यसले त्यसलाई धूलोपिठो पार्नेछ।"

४५येशूले भन्नु भएको यो कथालाई मुख्य पूजाहारीहरू
र फरिसीहरूले सुने। येशूले तिनीहरूकै बारेमा बोल्दै छ
भन्ने कुरा तिनीहरूले बुझे। ४६तिनीहरू येशूलाई पक्रने
उपाय खोजीरहेका थिए। तर तिनीहरू मानिसहरूदेखि
डराउँथे। किनभने मानिसहरूलाई येशू अगमवक्ता हुन्
भन्ने विश्वास थियो।

### बेलुकीको भोजनमा बोलाइएका मानिसहरूको कथा

*(लूका १४:१५-२४)*

**२२** मानिसहरूलाई बुझाउनका निम्ति येशूले थुप्रै
कथाहरू भन्नुभयो। २"स्वर्गको राज्य राजा
जस्तैहो, जसले आफ्ना छोराको विवाहमा भोजनको
व्यवस्था गरिएको हुन्छ। ३राजाले केही मानिसहरूलाई
भोजमा निमंत्रण गरेका थिए। जब भोज तयार भयो,
राजाले आफ्ना नोकरहरूलाई ती मानिसहरूलाई बोलाउन
पठाए। तर मानिसहरूले राजाको यस भोजमा उपस्थित
हुन अस्वीकार गरे।

४"तब राजाले अझ धेरै नोकरहरू पठाए। राजाले
नोकरहरूलाई भने, 'मैले निम्ताएका ती मानिसहरूलाई
खाना तयार भयो भनेर भन्नु। मैले मेरा गोरूहरू अनि
पुष्ट्याएका पशुहरू मारेको छु। सबै कुरा तयारी छ।
विवाहको भोजमा सामेल हुनुहवस्।'

५"नोकरहरूले ती मानिसहरूलाई भोजमा आउने
आग्रह गरे। तर तिनीहरूले नोकरहरूलाई उत्तर दिन
अस्वीकार गरे। ती मानिसहरू अरू नै केही गर्न गए।
एकजना आफ्ना खेतमा गए, अनि अर्को आफ्नो
व्यापारतिर लागे। ६कसैले नोकरहरूलाई समाते पीटे
अनि तिनीहरूलाई मारि दिए। ७यो सुनेर राजा क्रोधित
भए। राजाले आफ्नो सेना पठाए, ती हत्याराहरूलाई मारे
अनि तिनीहरूको शहर जलाएर भष्म पारिदिए।

८"त्यसपछि, राजाले आफ्ना नोकरहरूलाई भने,
'विवाहको भोज तयारी छ। मैले ती मानिसहरूलाई
बोलाएको हुँ, तर तिनीहरू यो भोजमा सामेल हुन
योग्यको भएनन्। ९यसकारण तिमीहरू गल्लीका कुना
कुनामा जाऊ अनि देखेकाहरू जतिलाई भोजमा सामेल
हुन निम्त्याएर ल्याऊ। तिनीहरूलाई मेरो भोजमा आऊ
भनिदेऊ।' १०अनि नोकरहरू गल्लीहरूतिर गए। तिनीहरूले
भेटेसम्म सबैलाई भेला पारे। तिनीहरूले राम्रा नराम्रा
मानिसहरू सबैलाई भोजमा सामेल गराउन लगे। त्यो
ठाउँ मानिसै-मानिसको भीड़ले भरियो।

११"त्यसपछि ती खाँदैगरेका मानिसहरूलाई हेर्न भनी
राजा आए। कुनै एकजनालाई विवाहको पोशाकमा
नभएको राजाले भेट्टाए। १२राजाले भने, 'मित्र, तिमी
यहाँ भित्र कसरी आयौ? विवाहकोलागि लाउने पोशाक
तिमीले लगाएका छैनौ।' तर त्यो मानिसले केही बोलेन।
१३अनि राजाले आफ्ना नोकरहरूलाई भने, 'त्यसका हात
खुट्टा बाँधेर त्यसलाई अँध्यारोमा फालिदेऊ जहाँ मानिसहरू
दु:खले रूवाबासी गर्दै र दाहा किट्दै बस्छन्।'

१४"हो अवश्य, धेरै मानिसहरू बोलाइएका थिए।
तर चुनिएका थोरै मात्र छन्।"

### केही यहूदी नेताहरू येशूलाई छल गर्छन्

*(मर्कूस १२:१३-१७; लूका २०:२०-२६)*

१५त्यसपछि फरिसीहरूले त्यो स्थान छाड़े जहाँ येशूले
सिकाँउदै हुनुहुन्थ्यो। येशूलाई प्रश्नहरूको जालमा पार्न
तिनीहरू सहमत भए। १६फरिसीहरूले येशूलाई फँसाउन
केही मानिसहरू पठाए। तिनीहरूले केही आफ्नै मानिसहरू
र केही हेरोदी दलका मानिसहरूलाई पठाए। ती मानिसहरूले
भने, "गुरूज्यू, तपाईं अति इमानदार हुनुहुन्छ भनेर हामी
जान्दछौं। हामी जान्दछौं कि तपाईंले परमेश्वरको मार्ग
बारे ठीकसित सिकाउनुहुन्छ। तपाईं कसैसित डराउनु
हुन्न। तपाईंको अघि सबै मानिसहरू समान छन्। यसर्थ
हामीलाई तपाईंको धारणा भन्नुहवस्। १७सिजरलाई कर
तिर्नु मुनासिब हो कि होइन?"

१८तर ती मानिसहरूले नराम्रो जालसाजी गर्दैछन्
भनेर येशूले बुझी हाल्नुभयो। अनि उहाँले भन्नुभयो,
"तिमीहरू कपटीहरू हौ। केही भूँठो निहुँमा तिमीहरू
मलाई फँसाउन चाहन्छौ? १९कर तिर्नमा उपयोग गरिने
सिक्का मलाई देखाऊ।" ती मानिसहरूले येशूलाई एक
चाँदीको सिक्का देखाए। २०येशूले फेरि भन्नुभयो, "सिक्कामा
कसको चित्र छ? अनि कसको नाम त्यहाँ अंकित छ।"

२१ती मानिसहरूले उत्तर दिए, "यो सिजरको चित्र हो
अनि सिजरको नाम अंकित छ।"

येशूले फेरि भन्नुभयो, “जो सिजरको हो त्यो
सिजरलाई देऊ अनि परेमश्वरलाई देऊ जो परमेश्वरको
हो।
[२२]ती मानिसहरूले येशूले भन्नुभएको कुरा सुने,
अनि तिनीहरू छक्क परे। येशूलाई त्यहीं छोड़ेर तिनीहरू
गए।

### केही सदुकीहरू येशूलाई फँसाउन चाहन्छन्

*(मर्कूस १२:१८-२७; लूका २०:२७-४०)*

[२३]त्यही दिन केही सदुकीहरू येशूकहाँ आए। सदुकीहरू
यो विश्‍वास गर्थे कि कुनै व्यक्ति मृत्युबाट बौरी उठ्ने
छैन। सदुकीहरूले येशूलाई एउटा प्रश्‍न गरे; [२४]तिनीहरूले
भने, “गुरूज्यू, मोशा अनुसार कुनै विवाहित पुरूष
बालबच्चा नभइकन मरे, तब उसको भाइले आफ्ना
दाजुका निम्ति नानीहरू जन्माउन त्यस विधवा आइमाईलाई
विवाह गर्नु पर्छ। [२५]हामी बिच सात दाजुभाइ थियौं।
जेठाले विवाह गर्‍यो अनि मर्‍यो। उसको कुनै बालबच्चा
थिएन। यसर्थ उसको भाइले ती विधवी आइमाईलाई
विवाह गरे। [२६]त्यसपछि त्यो दोस्रो भाइ पनि मरयो।
त्यस्तै घटना तेस्रो भाइसँग पनि घट्यो अनि त्यस्तै अरू
भाइहरूसँग गर्दै सात भाइसम्म घट्यो। [२७]तिनीहरू सबै
मरेपछि त्यो आईमाई पनि मरी। [२८]तर ती सातैजना
भाइहरूले त्यस आईमाईलाई विवाह गरेका थिए। जब
तिनीलाई बौराई उठाइन्छ, को चाँहि त्यस स्त्रीको पति
हुन्छ?”
[२९]येशूले उत्तर दिनुभयो, “तिमीहरू गल्तीमा छौ,
किनभने धर्मशास्त्रमा के लेखेको छ त्यो जान्दैनौ। अनि
किनभने परमेश्वरको शक्तिको बिषयमा पनि तिमीहरू
केही जान्दैनौ। [३०]त्यसबेला जब मानिसहरू मृत्युबाट
बौरी जीवनमा आँउछ त्यहाँ विवाहको प्रश्‍न नै आँउदैन।
मानिसहरू एका-अर्कामा विवाह गर्ने छैनन्। सबै मानिसहरू
स्वर्गको दूतहरू भैं हुनेछन्। [३१]यसकारण मृत्युबाट बौरी
उठेको बिषयमा परमेश्वरले तिमीहरूलाई के भन्नु
भएको छ त्यो पढ़ेका छैनौ। [३२]परमेश्वरले भन्नुभएको
छ, ‘म अब्राहामको परमेश्वर, इसहाकको परमेश्वर,
अनि याकूबको परमेश्वर हुँ।’* यसको मतलब परमेश्वर
मृत मानिसहरूका परमेश्वर हुनुहुन्न तर जिँउदा मानिसहरूका
परमेश्वर हुनुहुन्छ।”

**‘म अब्राहामको ... परमेश्वर हुँ’** प्रस्थान ३:६।

[३३]यी सबै कुराहरू मानिसहरूले सुने। येशूको शिक्षामा
तिनीहरू छक्क परे।

### सबैभन्दा ठूलो आज्ञा कुन हो?

*(मर्कूस १२:२८-३४; लूका १०:२५-२८)*

[३४]फरिसीहरूले सुने कि येशूले सदुकीहरूलाई यस्तो
प्रकारले उत्तर दिनु भयो कि येशूले तिनीहरूलाई चुप
बनाई दिनु भयो अनि फरिसीहरू जम्मा भए। [३५]एकजना
फरिसी मोशाका प्रखर कानुनी बक्ता थिए। त्यो फरिसीले
येशूलाई परीक्षा गर्ने इच्छा गरे। [३६]फरिसीले येशूलाई
सोधे, “गुरूज्यू, व्यवस्थामा सबैभन्दा ठूलो आज्ञा कुन
हो?”
[३७]येशूले उत्तर दिनुभयो, “‘तिमीले आफ्ना परमप्रभु
परमेश्वरलाई प्रेम गर्नुपर्छ। आफ्नो सम्पूर्ण हृदयदेखि,
सम्पूर्ण आत्मादेखि अनि सम्पूर्ण मनले प्रेम गर्नुपर्छ।’*
[३८]यहीनै पहिलो र सर्वमहान आज्ञा हो। [३९]दोस्रो आज्ञा
पहिलो जस्तै मुख्य छ: ‘आफूलाई जस्तै अरू मानिसलाई
पनि प्रेम गर।’* [४०]अगमवक्ताहरूको सबै व्यवस्था र
रचनाहरू यिनै दुई आज्ञाहरूमा आधारित छन्।”

### येशूद्वारा फरिसीहरूलाई प्रश्‍न

*(मर्कूस १२:३५-३७; लूका २०:४१-४४)*

[४१]जब फरिसीहरू सँगै थिए, येशूले तिनीहरूलाई
एउटा प्रश्‍न गर्नुभयो, [४२]“ख्रीष्टको विषयमा तिमीहरूको
के धारणा छ? उहाँ कसको पुत्र हुनुहुन्छ!”
फरिसीहरूले उत्तर दिए, “ख्रीष्ट दाऊदका पुत्र हुन्।”

[४३]त्यसपछि येशूले फरिसीहरूलाई भन्नुभयो, “यदि
त्यसो भए दाउदले उहाँलाई किन ‘परमप्रभु’ भने? दाऊद
पवित्र आत्माको शक्तिद्वारा बोलिरहेका थिए।

[४४] दाऊदले भने, ‘प्रभुले मेरा प्रभुलाई भन्नुभयो,
मेरो दाहिनेपट्टि बस, अनि म तिम्रा शत्रुहरूलाई
तिम्रा वशमा राख्नेछु।’

*भजनसंग्रह ११०:१*

**‘तिमीले ... प्रेम गर्नुपर्छ’** व्यवस्था ६:५।

**‘आफूलाई ... प्रेम गर’** लेवी १९:१८।

[४५]दाऊदले ख्रीष्टलाई 'परमप्रभु' भन्दछन्। त्यसो भए कसरी उ दाऊदको पुत्र हुनु सक्छ?" [४६]कुनै पनि फरिसीहरूले येशूको यो प्रश्नको उत्तर दिन सकेनन्। अनि त्यसदिनदेखि कसैले पनि येशूलाई अझ अधिक प्रश्नहरू गर्ने साहस गरेनन्।

## येशूद्वारा धार्मिक गुरूहरूको आलोचना

*(मर्कूस १२:३८-४०; लूका ११:३७-५२; २०:४५-४७)*

**२३** तब येशूले मानिसहरू र आफ्ना चेलाहरूसँग कुराकानी गर्नुभयो। येशूले भन्नुभयो, [२]"कानूनका शास्त्रीहरू र फरिसीहरू मोशाको नियमको विषयमा शिक्षादिन अधिकारयुक्त छन्। [३]यसर्थ तिनीहरूले जे भन्नेछन् ती तिमीहरूले सुन्नु अनि पालन गर्नु। तिनीहरूले अह्राएका जे पनि कामहरू गर्नु। तर तिनीहरूको जीवनशैली अनुसरण नगर। तिनीहरू केही गर्नु भनी तिमीहरूलाई अह्राउँछन् तर आफू ती केही गर्दैनन्। [४]मानिसहरूलाई पालनगर्नु अति कठीन पर्ने नियमहरू तिनीहरू बनाउँछन्। ती नियमहरू पालन गर्नु भनेर अरूलाई कर गर्दछन्। तर तिनीहरू आफै चाँहि कुनै नियम पालन गर्ने चेष्टा थरि गर्दैनन्।

[५]"तिनीहरू मानिसहरूलाई देखाउनका निम्ति राम्रा कुरा गर्दछन्। तिनीहरू आफ्ना धर्मशास्त्रहरूका विशेष सन्दूक राख्छन्। तिनीहरू सन्दूकहरू ठूला-ठूला बनाउँछन्। अनि मानिसहरूले दैँख्न सकोस् भन्ने ठानेर तिनीहरू आफ्ना प्रार्थनामा लगाउने वस्त्रहरू लामा-लामा बनाउँछन्। [६]ती कानुनका शास्त्रीहरू र फरिसीहरू उत्सवहरूमा विशेष आसनहरू ओगट्न रूचाउँछन्। त्यसरी नै सभाघरहरूमा पनि मुख्य आसनहरू प्राप्त गर्न चाहन्छन्। [७]बजारहरूमा पनि तिनीहरू मानिसहरूबाट सम्मानको इच्छा गर्छन। अनि तिनीहरूलाई 'गुरू' भनी सम्बोधन गरेको चाहन्छन्।'

[८]"तर तिमीहरूले 'गुरू' भनाउनु हुँदैन। तिमीहरू सबै दाजुभाईहरू अनि दिदी बहिनीहरू हौ। तिमीहरूको एक मात्र 'गुरू' हुनुहुन्छ। [९]अनि यो पृथ्वीमा कसैले पनि कसैलाई 'पिता' भनी सम्बोधन नगर्नू। तिमीहरूको एक मात्र पिता हुनुहुन्छ। उहाँ स्वर्गमा हुनुहुन्छ। [१०]अनि तिमीहरूले 'मालिक' भनाउँनु हुँदैन। तिमीहरूको एकमात्र मालिक हुनुहुन्छ, ख्रीष्ट। [११]तिमीहरूमाझ जो सबै भन्दा महान छ, उ तिमीहरूको सेवक हुनु पर्छ। [१२]जसले आफूलाई ठूलो देखाउँछ उसलाई नम्र तुल्याइने छ। जसले आफूलाई नम्र बनाउँछ उसैलाई महान तुल्याइन्छ।

[१३]"शास्त्रीहरू र फरिसीहरू तिमीहरूका निम्ति यो अति नराम्रो हुनेछ। तिमीहरू कपटीहरू हौ। तिमीहरू स्वर्गको राज्यमा प्रवेश गर्न चाहने मानिसहरूको ढोका थुन्छौ। तिमीहरू आफै पनि प्रवेश गर्दैनौ, अनि प्रवेश गर्न इच्छा गर्ने अरूहरूलाई पनि बाधा दिन्छौ। [१४]*

[१५]"तिमी शास्त्रीहरू र फरिसीहरूका निम्ति यो असुविधाजनक हुनेछ। तिमीहरू कपटीहरू हौ! तिमीहरू एक व्यक्तिलाई आफ्नो मतमा ल्याउनकालागि समुद्र र भूमिका सबै स्थानहरू चाहाँन्छौ। जब त्यस्तो कोही व्यक्ति भेट्टाउँछौ, तिमी त्यसलाई आफूभन्दा दोबर दुष्ट तुल्याउँछौ। अनि तिमीहरू यति नराम्रो हुन्छौ कि तिमीहरू नरकको योग्य हुन्छौ।

[१६]"यी शास्त्रीहरू र फरिसीहरूलाई असुविधाजनक हुन्छ। तिमीहरू अन्धो छौ अनि तिमीहरू अरूलाई अगुवाइ गर्छौ। तिमीहरू भन्दछौ, 'यदि कसैले मन्दिरको नाममा शपथ गऱ्यो भने तब त्यो अर्थहीन हुन्छ। तर यदि कसैले मन्दिरको सुन छोएर शपथ गऱ्यो भने, उसले त्यो शपथ पालन गर्नुपर्छ' [१७]तिमीहरू अन्धो-मूर्खहरू हौ! सुन ठूलो हो कि सुनलाई पवित्र पार्ने मन्दिर ठूलो? [१८]अनि तिमीहरू भन्दछौ, 'यदि कसैले वेदी छोएर शपथ गऱ्यो भने त्यो केही होइन। तर यदि कसैले बेदीमाथिको भेटी छोएर शपथ गऱ्यो भने त्यो आफ्नो कसमको ऋणी हुन्छ।' [१९]तिमीहरू अन्धो हौ। भेटी कि भेटीलाई पवित्र तुल्याउने वेदी ठूलो हो? [२०]जसले प्रतिज्ञा गर्नलाई वेदीको प्रयोग गर्छ उसले दुवै बेदी अनि त्यसमा भएका हरेक चीज छोएर प्रतिज्ञा गरेको हुन्छ। [२१]अनि जसले प्रतिज्ञा गर्नलाई मन्दिरको प्रयोग गर्छ जो कोही पनि मन्दिर अनि मन्दिरमा बस्ने 'एक' छोएर शपथ गरेको हुन्छ। [२२]अनि जसले स्वर्गका नाउँमा शपथ गर्छ उसले परमेश्वरको सिँहासन अनि त्यस सिँहासनमा बस्ने "एक" छोएर शपथ गरेको हुनेछ।

[२३]"शास्त्रीहरू र फरिसीहरूलाई यो नराम्रो हो। तिमीहरू कपटीहरू हौ। आफूमा भएको हरेक चीजको,

---

**पद १४** ग्रीक लिपिहरूमा यस्तो पाइन्छ: "कानूनको शास्त्री अनि फारिसीहरूका निम्ति यो अत्यन्त नराम्रो हो। तिमीहरू कपटीहरू हौ। तिमीहरू विधवाहरूको घर लिन्छौ, अनि देखावटका निम्ति लामो प्रार्थना भन्छौ। यसर्थ तिमीहरूलाई धेरै अझ कड़ारूपले दण्ड दिइनु पर्छ।"

पुदीना, सूप अनि जीरा को दश भागमा एक भाग मात्र परमेश्वरलाई दिन्छौ। तर तिमीहरू विश्वासीपना, दयापूर्ण, विश्वासी हुने जस्ता व्यवस्थाका प्रमुख कुराहरू लत्याउँछौ। तिमीहरूले ती कुराहरू पनि नलत्याइकन यी कामहरू गर्नुपर्ने हो। [२४]तिमीहरू अन्धा छौ तर अरूलाई अगुवाइ गर्ने कोशिश गर्छौ। तिमीहरू भुसुना चाँहि चाल्दछौ तर ऊँटलाई चाँहि निल्दछौ। तिमीहरू त्यस्तै छौ।

[२५]"शास्त्रीहरू र फरिसीहरूका निम्ति यो नराम्रो हो। तिमीहरू कपटीहरू हौ। तिमीहरू आफ्नो प्याला र थालीलाई बाहिरबाट मात्र धुँदछौ। तर तिनीहरू भित्र भने तिमीहरूले अरूलाई ठगेर हत्याएका बस्तुहरू अनि तिमीहरू स्वयंलाई सन्तुष्ट पार्नु उपयोग गरिने चिजहरूले भरिएका हुन्छन्। [२६]ए अन्धा फरिसीहरू पहिला प्यालाको भित्रपट्टि सफा गर अनि यसलाई चोखो बनाऊ। तब प्यालाको बाहिरी भाग पनि चोखो हुनेछ।

[२७]"कानुनका शास्त्रीहरू र फरिसीहरूलाई यो राम्रो हुँदैन। तिमीहरू कपटी हौ। तिमीहरू चूना पोतेका चिहानहरू जस्ता छौ, जो बाहिरबाट सुन्दर देखा पर्छन्। तर भित्रपट्टि मरेका मानिसहरूको हड्डीहरू अनि जति भएका फोहोर चीजहरू छन्। [२८]तिमीहरू पनि त्यस्तै हौ। बाहिरबाट मानिसहरूका निम्ति तिमीहरूलाई राम्रै देखिन्छ। तर भित्र तिमीहरूमा छल र कपटले परिपूर्ण छौ।

[२९]"शास्त्रीहरू र फरिसीहरूलाई यो राम्रो हुँदैन। तिमीहरू कपटीहरू हौ। अघिका अगमवक्ताहरूकोलागि तिमीहरूले चिहान बनाउँथ्यौ। असल मानिसहरूको चिहानहरू सिंगार्छौ। [३०]अनि तिमी भन्दछौ, 'यदि हामी हाम्रा पूर्खाहरूका समकालीन हुँदा हौ, ता ती अगमवक्ताहरूलाई मार्न हामी उनीहरूलाई सहयोग गर्ने थिएनौं।' [३१]यसरी अगमवक्ताहरू मार्नेका सन्तान हामी हौं भन्ने स्वीकार आफै तिमीहरू दिन्छौ। [३२]तब जाऊ अनि आफ्ना पुर्खाहरूले शुरू गरेका पापकर्मलाई समाप्तीमा ल्याऊ।

[३३]"तिमीहरू सर्पहरू हौ। तिमीहरू विषालु सर्पका संन्तानहरू हौ। परमेश्वर देखि तिमीहरू उम्कन सक्तैनौ। तिमीहरू सबै दोषी पाइनेछौ छौ अनि नरकमा जानेछौ। [३४]यसकारण म तिमीहरूलाई भन्दछु: 'म तिमीहरूकोलागि अगमवक्ताहरू बुद्धिमान मानिसहरू र शास्त्रीहरू पठाउँछु। यीमध्ये कतिपयलाई तिमीहरूले मार्नेछौ। तिमीहरू कसैलाई क्रुण्डाउनेछौ। तिमीहरूले कसैलाई तिम्रा सभाघरहरूमा कोर्रा लाउने छौ अनि शहर शहर खेदो गर्नेछौ। [३५]अनि पृथ्वीमा भएका सबै राम्रा मानिसहरू जो मारिएका छन् तिनीहरूको रगतको निम्ति तिमीहरूलाई दोष्याइनेछ। हाबिल जस्ता राम्रा मानिसको रगतका निम्ति अनि बेराचियाको छोरो जकरियाको रगतका निम्ति जसलाई मन्दिर र बेदीको माझमा मारिएको थियो अनि जो पृथ्वीमा हाबिल देखि जकरियाको समयसम्म मारिएका सबै राम्रा मानिसहरूका रगतका निम्ति तिमीहरू दोषी ठहर्नेछौ। [३६]म तिमीहरूलाई साँचो भन्दछु। यी सबै कुरा तिमीहरू अहिले बाँचेका मानिसहरू माथि घटने छ।

### येशूद्वारा यरूशलेमका मानिसहरूलाई चेतावनी

*(लूका १३:३४-३५)*

[३७]"हे यरूशलेम, यरूशलेमा तिमीहरूले अगमवक्ताहरूलाई मार्छौ अनि तिमीहरू कहाँ परमेश्वरद्वारा पठाइएका संदेशवाहकहरूलाई ढुङ्गाहान्छौ। धेरै पल्ट मैले तिम्रा मानिसहरूलाई मद्दत गर्न चाहेको हुँ। जसरी पोथीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ त्यसरीनै मैले तिम्रा मानिसहरूलाई बटुल्न चाहेको हुँ। तर तिमीहरूले मलाई त्यसो गर्नु दिएनौ। [३८]तिमीहरूको घर पनि उजाड़ छोड़िनेछ। [३९]म भन्दछु, अब उप्रान्त तिमीहरूले मलाई फेरि देख्ने छैनौ, जहिलेसम्म तिमीहरू भन्दैनौ: 'उनी धन्य हुन् जो परमप्रभुको नाउँमा आउँछन्।'" *

### मन्दिरको भविष्य ध्वंस

*(मर्कूस १३:१-३१; लूका २१:५-३३)*

**२४** जसै येशू मन्दिर छोड़ेर कतै जानु हुँदै थियो उहाँका चेलाहरू मन्दिरको भवनहरू देखाउन आए। [२]येशूले चेलाहरूलाई भन्नुभयो, "यी भवनहरू हेर? म तिमीहरूलाई साँचो भन्दछु यी भवनहरू ध्वंस गरिनेछन्। कुनै ढुङ्गा अर्को ढुङ्गामाथि छाडिने छैन।"

[३]केही पश्चात् येशू भद्रासे डाँडामा बसिरहनु भएको थियो। चेलाहरू येशूको साथमा एकान्तमा आए। तिनीहरूले भने, "यो घटना कहिले हुनेछ कृपया हामीलाई पनि भन्नुहोस्। तपाईंको आगमनको अनि संसारको अन्तको संकेत के हुनेछ?"

[४]येशूले भन्नुभयो, "होशियार बन। तिमीहरूलाई कसैले मुर्ख बनाउनु नपाओस। [५]धेरै मानिसहरू आउनेछन् अनि

---

**'उनी ... आउँछन्'** भजनसंग्रह ११८:२६।

मेरो नाम लिनेछन्। तिनीहरूले भन्नेछन्, 'म नै ख्रीष्ट
हुँ।' अनि तिनीहरूले धेरैलाई मूर्ख बनाउनेछन्। ६तिमीहरूले
लँड़ाईका बारेमा सुन्नेछौ। अनि तिमीहरूले अब हुने
लँड़ाईको बारेमा पनि समाचार सुन्नेछौ। तर डराउनु
पर्दैन। यी सब घटनाहरू हुनैपर्छ। तर अन्त अझ
भविष्यमा छ। ७किनभने राष्ट्रले राष्ट्रको विरोध गर्नेछ
अनि राज्यले राज्यको विरोध गर्नेछ। अनी धेरै ठाँउमा
अनिकाल लाग्नेछ अनि भूँई चालो जानेछ। ८तर यी
सब कुनै कुराको नयाँ जन्म हुन अघि भएको व्यथा
जस्तै हुनेछ।

९"त्यसपछि तिमीहरूलाई मानिसहरूले नराम्रो व्यवहार
गर्नेछन्। मानिसहरूले तिमीहरूलाई शासकहरूको अघि
सुम्पनेछन् अनि घात गर्नेछन् र मार्नेछन्। तिमीहरूले
ममाथि विश्वास गर्नाले मानिसहरूद्वारा तिमीहरू घृणित
हुनेछौ। १०त्यसबेला धेरै विश्वासीहरूले आफ्नो विश्वास
हराउनेछन्। तिनीहरू एकअर्कामा विरोध गर्नेछन् अनि
एकअर्कालाई घृणा गर्नेछन्। ११अनेकौं झूँटा अगमवक्ताहरू
निस्कनेछन्। तिनीहरूले मानिसहरूलाई झुँटो कुराहरूमा
विश्वास गराउने कोशिश गर्नेछन्। १२संसारैभरि थुप्रै
दुष्टहरू देखा पर्नेछन्। अनि एकदमै विश्वासीहरूले प्रेम
देखाउने छैनन्। १३तर अन्तसम्मै जो दृढ़ रहन्छ उही नै
सुरक्षित हुनेछ। १४संसारैभरि परमेश्वरको राज्यको बारेमा
सुसमाचारहरू प्रचार गरिनेछ। प्रत्येक राष्ट्रलाई नै यी
कुराहरू भनिनेछ। त्यसपछि अन्त आउने छ।

१५"दानियल अगमवक्ताले 'ध्वंस हुने कारणहरूको
डरलाग्दा कुराहरू'* भने। तिमीहरूले यस्तो डरलाग्दा
कुराहरू पवित्र ठाउँ मन्दिरमा उभिएर देख्नेछौ।" व्यक्ति
जसले यो पढ़छ उसले यसको अर्थ बुझ्नुपर्छ। १६"त्यसबेला
यहूदियाका मानिसहरू पहाड़तिर भाग्नुपर्छ। १७मानिसहरू
कतै नरोकिई कुनै समय खेर नफाली, भाग्नेछन्। यदि
कुनै व्यक्ति घरको छानामा छ भने घरबाट केही
लिनुलाई ऊ तल झर्नु हुँदैन। १८यदि कोही खेतमा छ
भने उ पनि कोट लिनलाई फर्की जानु हुँदैन। १९त्यसबेला,
गर्भवती भएका स्त्रीहरूलाई अनि दूध पिउने नानी
भएका आमाहरूका निम्ति खूबै दुःखपूर्ण हुनेछ। २०शबाथ
र ठण्डाको समयमा यसरी भाग्नु नपरोस् भनी प्रार्थना
गर। २१किन? किनभने त्यसबेला अत्यन्त दुःख पर्नेछ
जुन सृष्टिको शुरू भएदेखि अहिलेसम्म संसारमा यस्तो
दुःख भएको थिएन। अनि पछि कहिल्यै पनि भविष्यमा
यस्तो दुःख आइपर्ने छैन। २२परमेश्वरले त्यो महासङ्कटको
समय छोट्याएका छन्। यदि त्यो समय छोट्याइएन भने,
कुनै मानिस पनि बाँच्ने छैन। तर आफूले चुनेका
मानिसहरूलाई मदत गर्नलाई परमेश्वरले त्यो समयलाई
छोटो पार्नु भएको छ। २३त्यसबेला कसै-कसैले तिमीहरूलाई
यसो भन्नसक्छ, 'हेर, ख्रीष्ट यहाँ हुनुहुन्छ।' अथवा
अर्को कसैले भन्नसक्छ, 'उहाँ त्यहाँ हुनुहुन्छ।' तर
तिनीहरूलाई विश्वास नगर। २४झूँठो ख्रीष्ट र झूँठो
अगमवक्ताहरू देखा पर्नेछन् अनि ठूला-ठूला कुराहरू र
चमत्कारहरू गर्नेछन्। सम्भव भए परमेश्वरले चुन्नु
भएका मानिसहरूलाई समेत धोका दिनका निम्ति तिनीहरूले
यसो गर्नेछन्। २५हेर, मैले अघिबाटै यस बारेमा तिमीहरूलाई
सतर्क गराएको छु।

२६"कसैले भन्नेछ, 'ख्रीष्ट मरूभूमिमा हुनुहुन्छ।' तर
ख्रीष्टलाई भेटन मरूभूमितिर नजाऊ। अरू कसैले
भन्नसक्छ, 'ख्रीष्ट त्यो कोठामा हुनुहुन्छ।' तर त्यसलाई
विश्वास नगर। २७जब मानिसको पुत्र आउनुहुन्छ,
उहाँलाई सबै मानिसहरूले देख्न पाउनेछ। यसबेला
आकाशमा बिजुली चम्केर चारैतिर उज्यालो भएजस्तो
हुनेछ। जसलाई चारैतिर देखिनेछ। २८मेरो आगमन त्यस्तै
स्पष्ट हुनेछ, जब तिमीहरू गिद्धहरू भेला भएका
देखछौ तिमीलाई थाहा हुन्छ त्यहाँ मृतदेह छ।

२९"ती दिनका सङ्कटहरूको तुरन्तै पछि।

'घाम अँध्यारो हुनेछ, अनि जूनले पनि आफ्नो
उज्यालो दिने छैन। ताराहरू आकाशबाट झर्नेछन्,
अनि आकाशका सबै चीजहरू हेरफेर हुनेछ।'
*यशैया १३:१०; ३४:५*

३०"त्यसबेला आकाशमा मानिसको पुत्रको चिन्ह
हुनेछ। संसारभरिका सबै मानिसहरू रूनेछन्। सबै
मानिसहरूले मानिसको पुत्रलाई आकाशमा बादलसँग
आँउदै गरेको देख्नेछन्। मानिसको पुत्र शक्ति र महान
गौरव लिएर आउनु हुनेछ। ३१मानिसको पुत्रले परमेश्वरका
चुनिएका मानिसहरूलाई चार वायुहरूबाट, आकाशका
एक छेउ देखि अर्को छेउसम्मबाट बटुल्नका निम्ति
तुरहीको ठूलो आवाज सहित आफ्ना स्वर्गदूतहरूलाई
पठाउनेछन्।

३२"नेभाराको रूखले तिमीहरूलाई शिक्षा दिनेछः जब
नेभाराको रूखको हाँगाहरू हरियो देखिन्छ अनि कोमल

---

**'ध्वंस … कुराहरू'** दानिएल ९:२७; १२:११; ११:३१।

र नयाँ पातहरू लाग्दै छ भने, तिमीहरू जान्दछौ ग्रीष्म ऋतु नजिक छ। [३३]तिमीहरूसित पनि यो यस्तै हो। जब तिमीहरू यस्तो भएको देख्छौ, त्यसबेला तिमीहरूलाई समय नजिक छ अनि आउन तयार छ भनी थाहा हुनेछ। [३४]म तिमीहरूलाई साँचो भन्दछु। यी सबै कुराहरू यस पुस्ताका मानिसहरू जीवित रहेका समयमै हुनेछन्। [३५]आकाश अनि पृथ्वी ध्वंस गरिनेछ, तर मैले बोलेका शब्दहरू कहिल्यै नाश हुनेछैन।

### परमेश्वरले मात्र घटना हुने समय जान्दछन्

*(मर्कूस १३:३२-३७; लूका १७:२६-३०, ३४-३६)*

[३६]"कुनै व्यक्तिले पनि त्यो समय र दिन जान्दैन जब यी कुराहरू घट्छन्। पुत्र र स्वर्गदूतहरूले पनि जान्दैनन्। केवल पिताले जान्नुहुन्छ। [३७]जब मानिसको पुत्र आउनुहुन्छ, त्यसबेला त्यस्तै स्थिति हुनेछ जस्तो स्थिति नूहको समयमा भएको थियो। [३८]त्यसबेला जल-प्रलय हुन अघि मानिसहरू खाइ पिइरहेका थिए। मानिसहरू विवाह गर्दै थिए अनि आफ्ना छोरा अनि छोरीहरूलाई विवाह गर्न दिइरहेका थिए। मानिसहरूले त्यत्तिबेला सम्म यसो गरिरहेका थिए जबसम्म नूह डुङ्गामा चढ़ेका थिएनन्। [३९]मानिसहरूले के भइरहेको थियो भनेर केही जानेका थिएनन्। तर त्यसैबेला जलप्रलय भयो अनि सबै नष्ट भए। मानिसको पुत्रको आगमनको समयमा पनि यस्तै हुनेछ। [४०]दुइजना मानिसहरू खेतमा काम गरिरहेका हुनेछन्। एकजनालाई उठाइने छ अनि अर्कोलाई छोड़िइनेछ। [४१]दुइजना स्त्रीहरू जाँतोमा अन्न पिँधिरहेका हुनेछन्। एउटालाई लगिनेछ अनि अर्कोलाई छोड़िनेछ।

[४२]"यसकारण सधै तयार बस। कतिबेला तिम्रो परमप्रभु आउनु हुनेछ त्यो दिन तिमीलाई थाहा हुने छैन। [४३]तिम्रो मनमा सम्झना राख: यदि घर मालिकले कतिबेला चोर आउँछ भनेर जान्यो भने, तब तिनी तयार बस्ने छन्। तिनी सतर्क रहनेछन् अनि आफ्नो घरभित्र चोर पस्न दिने छैनन्। [४४]यसकारण तिमीहरू पनि तयार बस। मानिसको पुत्र यस्तो समयमा आउनेछन् जसको तिमीहरूले आशा गरेका हुनेछैनौ।

### असल नोकरहरू र खराब नोकरहरू

*(लूका १२:४१-४८)*

[४५]"को चाँहि बुद्धिमान र विश्वासी नोकर छ अनि भूमिपतिले उसलाई आफ्ना सबै नोकरहरूको जिम्मा अनि तिनीहरूलाई आफ्ना खाना ठीक समयमा दिने जिम्मा दियो। [४६]जब मालिक आउँछ अनि नोकरलाई दिइएको काम गरिरहेको भेट्दछ, तब त्यो नोकर खुशी हुन्छ। [४७]म तिमीहरूलाई साँचो भन्दछु। त्यो मालिकले उसलाई आफूसित भएको प्रत्येक वस्तुको जिम्मामा राख्छ। प्रत्येक कुराहरूको ख्याल गर्दछ। [४८]तर नोकर नै दुष्ट छ र आफ्नो मालिक झट्ट आउँदैन भनेर सम्झन्छ भने त्यसबेला के हुन्छ? [४९]त्यसपछि उसले अरू नोकरहरूलाई पिट्न थाल्छ। उ आफुजस्तै अरू मानिसहरूसँग बसेर खान र पिउन लाग्छ। [५०]अनि जब आफूले मालिक आइपुग्नेछ भनि नसोचेको दिनमा मालिक आइपुग्नेछ अनि उसले त्यसबेला केही जानेको हुँदैन। [५१]त्यसपछि मालिकबाट उसले दण्डित हुनुपर्छ। मालिकले उसलाई कपटीहरूसँग सामेल गराइदिनेछ। त्यहाँ मानिसहरू दाह्रा किटी रोइरहेका हुन्छन्।

### दशजना कन्याहरूको कथा

२५ "त्यसबेला स्वर्गको राज्य दशजना कन्याहरू जस्तै हुनेछ, जो आ-आफ्ना दियो लिएर दुलहा पर्खन गए। [२]पाँचजना कन्याहरू मूर्ख थिए। अनि पाँचजना कन्याहरू बुद्धिमती थिए। [३]ती पाँचजना मूर्ख कन्याहरूले आफ्ना दीयो लिए तर ती सित फाल्टो तेल लगेनन्। [४]तर पाँचजना बुद्धिमती कन्याहरूले आफ्ना-आफ्ना दीयोहरू लिए अनि तिनीहरूले जगमा पनि तेल बोकेका थिए। [५]तर दुलहा आउन एकदमै ढीलो भयो। सबै कन्याहरू थकित भए अनि निदाउन थाले।

[६]"मध्यरातमा कोही करायो, 'दुलहा आउँदैछन्। उनलाई भेटन बाहिर आऊ।'

[७]"तब सबै कन्याहरू व्युँझिए। तिनीहरूले आ-आफ्ना दीयोहरू तयार पारे। [८]तब बुद्धिहीन कन्याहरूले बुद्धिमती कन्याहरूलाई भने, 'हामीलाई तिमीहरूको केही तेल देऊ किनभने हाम्रोमा भएको तेल सकियो अनि हाम्रा दीयोहरू निभ्दैछन्।'

[९]"बुद्धिमती कन्याहरूले उत्तर दिए, 'होइन! किनभने हाम्रोमा भएको तेल हामी अनि तिमीलाई पर्याप्त हुँदैन। बरू, यो असल हुन्छकि दोकानमा जाऊ अनि स्वयंका निम्ति केही (तेल) किन।'

[१०]"त्यसपछि ती पाँचजना बुद्धिहीन कन्याहरू तेल किन्नलाई गए। जब तिनीहरू जाँदै थिए, त्यसैबेला दुलहा आइपुगे अनि तयार रहेकी सबै कन्याहरू

दुलहासंग विवाहको भोज गर्न गए। त्यसपछि ढोका थुनियो अनि ताला लगाइयो।

११“केही समयपछि अरू कन्याहरू आए। तिनीहरूले भने, ‘स्वामी, स्वामी हामीलाई ढोका खोलिदिनुहोस् भित्र पस्छौं।’

१२“दुलहाले उत्तर दिए, ‘म तिमीहरूलाई साँचो भन्दछु। म तिमीहरूलाई चिन्दिनँ।’

१३“यसकारण सँधै सतर्क बस। तिमीहरू जान्दैनौ कि मानिसको पुत्र कुन दिन वा कुन समयमा आउने हुन्।”

### तीनजना नोकरहरूको कथा

*(लूका १९:११-२७)*

१४“स्वर्गको राज्य त्यो व्यक्ति जस्तैछ जो आफ्नो घर देखि अर्को स्थान तर्फयात्रा गर्छ। जानको अघि उसले आफ्नो नोकरहरू बोलाउँछन् अनि आफ्ना चिजहरूको जिम्मा तिनीहरूलाई सुम्पन्छ। १५उसले विचार गर्‍यो कि प्रत्येक नोकरले कति वस्तुको हेरचाह गर्न सक्छ। उसले एकजना नोकरलाई पाँच थैला पैसा दियो। अर्कोलाई दुइ थैला पैसा दियो। अनि तेस्रोलाई एक थैलो पैसा दियो। त्यसपछि उसले आफ्नो यात्रा शुरू गर्‍यो। १६नोकर जसलाई पाँच थैला पैसा दिइएको थियो त्यो तुरन्त व्यापार गर्न त्यो स्थान छोड़ेर हिँड्यो।। उसले अरू पाँच थैलो पैसा बढ़ाउने काम गर्‍यो। १७दुइ थैलो पैसा पाउनेले पनि त्यसै गर्‍यो। उसले पनि आफ्नो सबै रूपियाँ व्यापारमा लगायो अनि त्यत्तिकै दुइ थैलो पैसा कमायो। १८तर एक थैलो मात्र पैसा पाउने नोकर गयो अनि भूइँमा दुलो खन्यो। त्यसले त्यो पैसा दुलो भित्र पुर्‍यो।

१९“धेरै समयपछि मालिक घर फिरे। उसले नोकरहरूलाई ती रूपियाँहरू तिमीहरूले के के गर्‍यौ भनेर सोध्यो। २०पाँच थैलो पैसा पाउने नोकर पैसा लिएर मालिककहाँ गयो। त्यसले भन्यो, ‘महाशय, तपाईंले मलाई पाँच थैला पैसा विश्वास गरेर जिम्मा दिनुभएको थियो। यसकारण अरू पाँच थैलो पैसा कमाउनलाई मैले ती रूपियाँ उपयोग गरें।’

२१“मालिकले उत्तर दिए, ‘तिमीले राम्रो गर्‍यौ। तिमी असल नोकर हौ जसलाई विश्वास गर्न सकिन्छ। त्यत्ति थोरै पैसा लिएर तिमीले धेरै उन्नति गर्‍यौ। यसकारण म तिमीलाई अरू धेरै जिम्मावारी दिन सक्छु। आऊ अनि मसित खुशी बाँढ।’

२२“त्यसपछि दुइ थैलो पैसा पाउने नोकर मालिककहाँ गयो। त्यसले भन्यो, ‘महाशय तपाईंले मलाई दुइ थैलो पैसा जिम्मा दिनुभएको थियो। यसकारण मैले त्यो पैसा उपयोग गरें अनि अरू दुइ थैलो कमाएँ।’

२३“मालिकले जवाफ दिए, ‘तिमीले राम्रो गर्‍यौ। तिमी असल नोकर हौ जसलाई विश्वास गर्न सकिन्छ। त्यत्ति थोरै पैसा लिएर तिमीले धेरै उन्नति गर्‍यौ। यसकारण म तिमीलाई अरू धेरै जिम्मावारी दिन्छु। आऊ अनि मसित खुशी बाँढ।’

२४“त्यसपछि एक थैलो पैसा पाउने नोकर मालिककहाँ गयो। त्यसले भन्यो, ‘महाशय, मैले तपाईंलाई धेरै कठोर मानिसको रूपमा जान्न पाएँ। विरूवानै नरोपी तपाईंले फसल उठाउन चाहनु भयो। बिऊ नै नरोपी तपाईंले अन्न बटुल्न चाहनु भयो। २५यसकारण म धेरै भयभित भएँ। मैले तपाईको पैसा जमीनमा लुकाँए तपाईंले दिनुभएको त्यो थैलो यही हो।’

२६“मालिकले जवाफ दिए, ‘तिमी एक नराम्रो र अल्छे नोकर हौ! तिमीले भन्यौ मैले जहाँ बिरूवा रोपिनँ त्यहाँ फसल उठाउन पठाएँ, अनि जहाँ बिऊ रोपिनँ त्यहाँ म अन्न उठाउन गएँ। २७यसकारण तिमीले मेरो पैसा बैंकमा जम्मा गर्नु पर्दथ्यो। अनि म जब फर्केर आएको हुन्थें त्यसबेला ती सबै पैसा पाउनु सकथें। साथै त्यो पैसा माथि सुद पनि पाउनु सक्थें।’

२८“यसकारण मालिकले अरू नोकरहरूलाई भने, ‘त्यो नोकरबाट पैसाको थैलो खोस अनि त्यो जोसित दश थैलो पैसा छ उसैलाई देऊ। २९जो सित जति धेरैछ उसले अरू धेरै पाउनेछ। उसले चाहे भन्दा धेरै पाउनेछ। तर जोसित केही छैन, उसित भएको पनि उबाट खोसिइनेछ।’ ३०त्यसपछि मालिकले भने, ‘यो बेकामे नोकरलाई बाहिर अँध्यारोमा निकालि देऊ। जहाँ मानिसहरू दु:ख र कष्टमा दाह्रा किट्दै रूवाबासी गरिरहेका छन्।’

### मानिसका पुत्रद्वारा सबै मानिसहरूलाई न्याय

३१“मानिसको पुत्र फेरि आउनु हुनेछ। उहाँ अत्यन्त गौरवसँग आउनु हुनेछ। सबै स्वर्गदूतहरू पनि उहाँसँग आइपुग्ने छन्। उहाँलाई राजाको रूपमा सिंहासनमा विराजमान गराउने छ। ३२उहाँको अघि संसारभरका सबै मानिसहरू भेला हुनेछन्। अनि मानिसको पुत्रले ती मानिसहरूलाई दुई अलग अलग दलमा बाँड़नेछन्। यो

भेड़ा र बाख्राहरूलाई अलग दलमा पारे जस्तै हुनेछ।
३३मानिसको पुत्रले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि
राख्नुहुनेछ अनि बाख्राहरूलाई आफ्नो देब्रेपट्टि राख्नु
हुनेछ।

३४"अनि राजाले आफ्नो दाहिने पट्टि बसेकाहरूलाई
भन्नु हुनेछ, 'आऊ, मेरा पिताले तिमीहरूलाई धेरै
आर्शीवाद दिनुभएको छ। आऊ अनि परमेश्वरले तिमीप्रति
प्रतिज्ञा गर्नु भएको राज्य ग्रहण गर। सृष्टिको शुरूदेखि
नै यो तिमीहरूको निम्ति तयारी गरिएको थियो। ३५यो
तिमीहरूको राज्य हो, किनभने म भोकाएको बेला
तिमीहरूले मलाई खाना दिएका थियौ। म तिर्खाएको
बेला तिमीहरूले मलाई पिउन दिएका थियौ। म एकलै
र घरबाट टाड़िएको थिएँ, अनि तिमीहरूले मलाई
तिमीहरूको घरमा स्वागत गरेका थियौ। ३६म नाङ्गो
थिएँ, अनि तिमीहरूले मलाई लुगाफाटा लाउन दिएका
थियौ। म रोगी थिएँ, अनि तिमीहरूले मलाई स्याहार
गर्‍यौ। म कैदी थिएँ, अनि तिमीहरूले मलाई हेर्न
आएका थियौ।'

३७"तब धार्मिक मानिसहरूले जवाफ दिनेछन्, 'परमप्रभु,
हामीले तपाईंलाई कहिले, भोकाउनु भएको देख्यौ अनि
हामीले खाना दियौं? हामीले तपाईं तिर्खाउनु भएको
कहिले देख्यौ अनि हामीले पिँउन दियौ? ३८हामीले
तपाईंलाई कहिले एक्लो अनि घरदेखि टाढ़िएको देख्यौ
अनि हामीले तपाईंलाई हाम्रो घरमा निम्तो गर्‍यौ?
३९तपाईं कहिले नाङ्गो हुनुहुन्थ्यो र हामीले पहिरिनका
निम्ति लुगाफाटा दियौं। हामीले कहिले तपाईंलाई रोगी
देख्यौं वा कैदमा पायौँ र हामी तपाईंलाई सहयोग गर्न
आयौ?'

४०"तब राजाले तिनीहरूलाई उत्तर दिने छन्, 'म
तिमीहरूलाई साँचो भन्दछु। यहाँ तिमीहरूले मेरा यी
मानिसहरूका निम्ति जे जति गर्‍यौ, ती जतिनै नगण्य
भएता पनि तिमीहरूले मेरा निम्ति गरेको हो।'

४१"त्यसपछि आफ्नो देब्रेपट्टि बसेका मानिसहरूलाई
राजाले भन्नेछन्, 'मदेखि टाड़ो जाऊ। परमेश्वरले अघिनै
तिमीहरूलाई दण्ड दिने निश्चय गर्नु भएको छ। जाऊ
आगोमा पस जो सँधै जलिरहन्छ। त्यो आगो दुष्टहरू र
तिनका दूतहरूकालागि बनिएको हो। ४२तिमीहरू जाइहाल,
किनभने म भोकाएको थिएँ, तिमीहरूले केही खान
दिएनौ। म तिर्खाएको थिएँ, तिमीहरूले केही पिउन
दिएनौ। ४३म घरदेखि एक्लै र टाड़ोमा थिएँ, अनि
तिमीहरूले मलाई तिमीहरूको घरमा बोलाएनौ। म नाँगो
थिएँ, अनि तिमीहरूले मलाई पहिरिनलाई वस्त्रहरू
दिएनौ। म रोगी थिएँ, अनि कैदमा थिएँ, अनि
तिमीहरूले मेरो परवाह नै गरेनौं।'

४४"त्यसपछि तिनीहरूले पनि उत्तर दिए, 'परमप्रभु,
हामीले तपाईंलाई कहिले भोकाएको र तिर्खाएको देख्यौं?
हामीले कहिले तपाईंलाई एक्लो घरदेखि टाड़ो भएको
देख्यौं? अनि हामीले तपाईलाई कहिले नाङ्गा वा विरामी
वा कैदमा परेको देख्यौ? अनि यी सब देखेर हामीले
मदत गरेनौ?'

४५"त्यसपछि राजाले तिनीहरूलाई उत्तर दिए, 'म
तिमीहरूलाई साँचो भन्दछु, 'यी कुनैका निम्ति जे पनि
तिमीहरूले गरेनौ, ती जतिनै नगण्य भएता पनि तिमीहरूले
मेरा निम्ति गरेनौ।'

४६"त्यसपछि ती नराम्रा मानिसहरू सदा दण्डित
हुनका निम्ति जाने छन्। तर राम्रा मानिसहरू चाँहि
अनन्त जीवन प्राप्त गर्न जानेछन्।"

### यहूदी नेताहरूद्वारा येशूलाई मार्ने षड़यन्त्र

*(मर्कूस १४:१-२; लूका २२:१-२; यूहन्ना ११:४५-५३)*

**२६** यी सब प्रवचन शेष गरिसके पछि येशूले
आफ्ना चेलाहरूलाई भन्नुभयो, २"तिमीहरूलाई
थाहै छ दुइ दिन पछि निस्तार-चाड़* शुरू हुनेछ। त्यसै
दिन मानिसको पुत्रलाई क्रूसमा टांगिनलाई उनका शत्रुहरू
कहाँ सुम्पिइनेछ।" ३तब मुख्य पूजाहारीहरू र यहूदी
अगुवाहरू प्रमुख पूजाहारीको ठाँउमा भेला भए। प्रमुख
पूजाहारीको नाम कैयाफा थियो। ४त्यस सभामा येशूलाई
कसरी पक्रिने भन्ने उपाय तिनीहरूले निकाले। तिनीहरूले
केही झूटो निहुँ गरेर येशूलाई पक्रिने अनि मार्ने निश्चय
गरे। ५तिनीहरूले भने, "निस्तार-चाड़को दिनमा हामी
येशूलाई पक्रन सक्तैनौ। हामी मानिसहरू रिसाएको र
दङ्गा गरेको चाहँदैनौ।

### एउटी आईमाईद्वारा विशेष केही गराइ

*(मर्कूस १४:३-९; यूहन्ना १२:१-८)*

६येशू बेथानीमा हुनुहुन्थ्यो। उहाँ कुष्टरोगी शिमोनको

---

**निस्तार-चाड़** यहूदीहरूको महत्वपूर्ण छुट्टीको दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मिश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्। लेवी २३:४-८; व्यवस्था १६:१-८।

घरमा हुनुहुन्थ्यो। ७जतिबेला येशू त्यहाँ हुनुहुन्थ्यो, एउटी
आईमाई तिनी कहाँ आइन्। उसँग भरी बहुमूल्य अत्तर
हालेको एउटा सङ्गमर्मरको भुँडुल्को थियो। येशूले खाँदै
गर्नु भएको बेला त्यसले येशूको टाउकोमा त्यो सुगन्धित
अत्तर खन्याइन्।

८चेलाहरूले त्यो देखे अनि तिनीहरू त्यो आईमाई
प्रति रिसाए। चेलाहरूले सोधे, "यो अत्तर किन नष्ट
गरेको? ९यसलाई धेरै दाममा बेचेर गरीबहरूलाई दिन
सकिन्थ्यो।"

१०येशूले यी सब थाहा पाउनुभयो। येशूले भन्नुभयो,
"तिमीहरूले यो आईमाईलाई किन दिक्दारी दिइरहेछौ?
उसले मलाई असल कार्य गरेकी छिन। ११ती गरीब
मानिसहरू सदा तिमीहरू साथछन्।* तर म सँधै
तिमीहरूको साथ रहने छैन। १२त्यस स्त्रीले मेरो शरीरभरि
अत्तर छरिदिइन्। उसले मलाई म मरे पछि मृत-संस्कारको
निम्ति तयार पारेकी हुन्। १३म तिमीहरूलाई साँचो
भन्दछु। यो सुसमाचारहरू सारा संसारमा प्रचार गरिनेछ।
अनि प्रत्येक ठाउँमा यो स्त्रीले गरेकी सु-कार्यहरूलाई
पनि भनिनेछ। अनि मानिसहरूले तिनलाई सँधै सम्झने
छन्।"

## यहूदा येशूको शत्रु

*(मर्कूस १४:१०-११; लूका २२:३-६)*

१४त्यस पछि बाह्रजना चेलाहरूमध्ये एकजना मुख्य
पूजाहारीहरूकहाँ गए। त्यो चेलाको नाउँ यहूदा इस्करयोती
थियो। १५यहूदाले भन्यो, "म तिमीहरूलाई येशू सुम्पनेछु।
यसको लागि तिमीले मलाई कति पैसा दिन्छौ?"
पूजाहारीहरूले तिनलाई चाँदीका ३० सिक्का दिए।
१६त्यसबेलादेखि यहूदाले येशूलाई सुम्पिदिने मौका खोज्न
लाग्यो।

## येशूले निस्तार-चाड भोज खानु भयो

*(मर्कूस १४:२१-२२; लूका २२:७-१४, २१-२३; यूहन्ना १३:२१-३०)*

१७अखमिरी रोटीको पहिलो दिन, चेलाहरू येशूकहाँ
आए। चेलाहरूले भने, "निस्तार-चाड़को भोजन गर्न
हामी तपाईंलाई तयार पारिदिन्छौं। हामीले कहाँ खाना
तयार गरेको तपाई चाहनु हुन्छ?"

१८येशूले भन्नुभयो, "शहरतिर जाऊ। मैले चिनेको
मानिसको घरमा जाऊ। उसलाई गुरूले यसो भन्नु
भएको छ भनेर भन, 'मेरो तोकिएको समय अति
नजिक आएको छ। म निस्तार चाड़को भोजन मेरा
चेलाहरूसित तिम्रो घरमा खानेछु।" १९चेलाहरूले येशूको
सल्लाह पूर्ण गरिदिए। तिनीहरूले निस्तार-चाड़को भोज
तयार पारे।

२०जब साँझ भयो, येशू आफ्ना चेलाहरूसाथ
खानामा बसेका हुनुहुन्थ्यो। २१तिनीहरू सबैले खाना
खाइरहेका थिए। येशूले भन्नुभयो, "म तिमीहरूलाई
साँचो भन्दछु। तिमीहरूमध्ये कुनै एकजनाले मलाई
विश्वासघात गर्नेछौ।"

२२चेलाहरूले यो सुनेर दु:खी भए। प्रत्येकले उहाँलाई
सोधे, "प्रभु, निश्चयनै म त्यो एक जना होइन-ठीक
हो?" २३येशूले जवाफ दिनुभयो, "जसले मेरो कचौरामा
म सित हात डुबायो त्यसैले मलाई विश्वासघात गर्नेछ।
२४मानिसको पुत्र जानेछन् अनि मर्नेछन्, धर्मशास्त्रमा
यस्तै लेखिएको छ। तर मानिसको पुत्रलाई मार्नुको
निम्ति सुम्पने त्यस व्यक्तिले नराम्रो परिणाम भोग्नु पर्नेछ।
यस्तो हुनुभन्दा त त्यो मान्छे नजन्मिएकै बेस थियो।"

२५अनि यहूदाले जसले येशूसित विश्वासघात गरे
येशूलाई भने, "गुरूज्यू, निश्चयनै म त्यो एकजना
होइन-ठीक हो?"

येशूले भन्नुभयो, "हो, यो तिमी नै हौ।"

## परमेश्वरको रात्री-भोजन

*(मर्कूस १४:२२-२६; लूका २२:१५-२०; १ कोरिन्थी ११:२३-२५)*

२६जब तिनीहरू खाँदै थिए, येशूले रोटी लिनुभयो।
येशूले रोटीको निम्ति परमेश्वरलाई धन्यवाद दिनुभयो र
त्यसलाई टुक्रा पार्नुभयो। येशूले आफ्ना चेलाहरूलाई
रोटी दिनुभयो। येशूले भन्नुभयो, "यी रोटीहरू लेऊ अनि
खाऊ। यो रोटी नै मेरो शरीर हो।"

२७त्यसपछि येशूले एक प्याला दाखरस लिनुभयो।
येशूले त्यसकोलागि परमेश्वरलाई धन्यवाद दिनुभयो अनि
त्यो चेलाहरूलाई दिनुभयो। येशूले भन्नुभयो, "तिमीहरू
प्रत्येकले यसबाट पिओ। २८यो दाखरस मेरो रगत हो।
मेरो रगतले परमेश्वरकोबाट उहाँको मानिसहरूकालागि
नयाँ करारको प्रारम्भ गर्नेछ। यो रगत धेरै मानिसहरूलाई
तिनीहरूको पापहरूको क्षमाको लागि दिइन्छ। २९म
तिमीहरूलाई भन्दछु: म यो दाखरस फेरि पिउँदिन

---

**ती … साथछन्** व्यवस्था १५:११।

जबसम्म मेरो पिताको राज्यमा नयाँ जस्तै भएर हामीहरू
एकै साथ पिउँदैनौ।”

[३०]तिनीहरू सबैले एउटा भजन गाए। त्यसपछि
उनीहरू ‘भद्रासे पर्वतमा’ गए।

### येशूले भन्नुभयो उहाँका चेलाहरूले उहाँलाई छोड्नेछन्

*(मर्कूस १४:२७-३१; लूका २२:३१-३४; यूहन्ना १३:३६-३८)*

[३१]येशूले चेलाहरूलाई भन्नुभयो, “आज मध्यरातमा
मेरो कारणले तिमीहरूले आफ्नो विश्वास हराउनेछौ।
किनभने यो धर्मशास्त्रहरूमा लेखिएको छः

‘म गोठालोलाई प्रहार गर्नेछु, अनि बथानका
भेड़ाहरू छरपष्ट हुनेछन्’

*जकरिया १३:७*

[३२]म मरेपछि, म मृत्युदेखि बौरी उठ्नेछु। त्यसपछि म
गालिली जानेछु। तिमीहरू पुग्नु अघिनै म त्यहाँ जानेछु।”

[३३]पत्रुसले भने, “सबै चेलाहरूले तपाईंको कारणले
विश्वास हराउन सक्नेछन्। तर म मेरो विश्वास कहिल्यै
हराउँदिन।”

[३४]येशूले भन्नुभयो, “म तिमीहरूलाई साँचो भन्दछु।
आज कै रातमा भाले बास्नु अघि तिमीले मलाई
तीनपल्ट इनकार गरिसकेका हुनेछौ।”

[३५]तर पत्रुसले उत्तर दिए, “म तपाईंलाई कहिल्यै
इनकार गर्नेछैन म पनि तपाईं साथै मर्नु परेता पनि।”
अनि सबै चेलाहरूले यही कुरा दोहोऱ्याए।

### येशूद्वारा एकान्तमा प्रार्थना

*(मर्कूस १४:३२-४२; लूका २२:३९-४६)*

[३६]त्यसपछि येशू आफ्नो चेलाहरूसाथ गेत्समनी
भन्ने ठाउँमा जानुभयो। येशूले तिनीहरूलाई भन्नुभयो,
“तिमीहरू यहीं बस, म चाँहि त्यहाँ गएर प्रार्थना गर्छु।”
[३७]येशूले पत्रुस र जब्दीको दुइ छोराहरूलाई उहाँको
साथमा लिनुभयो। अनि येशू खूबै दुःखी र विचलित
बन्नुभयो। [३८]येशूले पत्रुस र जब्दीको दुइ छोराहरूलाई
भन्नुभयो, “मेरा आत्मा दुःखै दुःखले भरिएको छ। मेरो
हृदय पीरले छिया-छिया भएको छ। तिमीहरू यहाँ मसँग
जागो बस अनि पर्ख।”

[३९]अनि येशू तिनीहरू भएदेखि केही परतिर जानुभयो।
येशू भूइँमा घोप्टो पर्नुभयो अनि प्रार्थना गर्न लाग्नुभयो,
“मेरा पिता, सम्भव भए मलाई यातनाको यो प्याला
नदिनुहोस्। तर यो मैले चाहेको रूपमा होइन तपाईंले
चाहनु भएको रूपमा होस्।” [४०]त्यसपछि येशू आफ्ना
चेलाहरू भएकहाँ फर्किनुभयो। येशूले तिनीहरूलाई मस्त
निदाइरहेको पाउनुभयो। येशूले पत्रुसलाई भन्नुभयो, “तिमी
मेरो निम्ति एक घण्टा पनि जागा बस्न सक्तैनौ?
[४१]जागा भएर बस अनि प्रार्थना गर, जसद्वारा तिमी
आसक्तीमा पर्ने छैनौ। तिम्रो आत्मा राजी छ तर तिम्रो
शरीर कमजोर छ।”

[४२]त्यसपछि येशू फेरि दोस्त्रोपटक जानुभयो अनि
प्रार्थना गर्न लाग्नु भयो, “मेरा पिता, यदि मैले यसलाई
नपिए सम्म यो यातनाको प्याला मबाट हटाइन सम्भव
न भए तपाईंले चाहनु भए जस्तै हुन दिनु हवस्।”

[४३]येशू फेरि आफ्ना चेलाहरू भएकहाँ जानु भयो
यस पल्ट पनि येशूले तिनीहरूलाई मस्त सुतिरहेका
पाउनुभयो किनभने तिनीहरूको आँखाहरू भारी थिए।
[४४]यसकारण तिनीहरूलाई छाड़ेर येशू केही पर जानु
भयो अनि फेरि प्रार्थना गर्न लाग्नुभयो। तेस्रो पटकको
प्रार्थनामा पनि उहाँले त्यही याचना गर्नुभयो।

[४५]तब येशू चेलाहरूकहाँ जानुभयो अनि भन्नुभयो,
“तिमीहरू अझै सुतिरहेको र विश्राम गरिरहेकै छौ?
मानिसको पुत्रलाई पापीहरूको हातमा सुम्पिने समय
नजिक आइसकेको छ। [४६]उठ! हामी गइहाल्न पर्छ।
यहाँ मलाई विश्वासघात गर्ने आउँदै छ।”

### येशू पक्राउ पर्नु भयो

*(मर्कूस १४:४३-५०; लूका २२:४७-५३; यूहन्ना १८:३-१२)*

[४७]जतिबेला येशू बातचीत गर्दै हुनुहुन्थ्यो, यहूदा
त्यहाँ आइपुगे। बाहजना चेलाहरूमध्ये यहूदा एकजना
थिए। यहूदासँग थुप्रै मानिसहरू थिए। ती मानिसहरू
मुख्य पूजाहारीहरू र जनताका अग्रजहरूले पठाएका
थिए। यहूदाका ती मानिसहरू तरवार र भालाहरूद्वारा
सज्जित थिए। [४८]यहूदाले येशूलाई चिनाउन भनेर
तिनीहरूलाई यो संकेत दिए। यहूदाले भने, “म जसलाई
म्वाइँ गर्छु उही नै येशू हो। उसैलाई पक्रनु।” [४९]अनि
यहूदा सिधै येशूकहाँ गए अनि भने, “हे गुरूज्यू!”
त्यसपछि यहूदाले येशूलाई म्वाइँ खाए।

[५०]येशूले भन्नुभयो, “हे मित्र, तिमी के गर्न आएका
छौ त्यो गर।”

त्यत्तिनै बेला मानिसहरू आए अनि येशूलाई हात
हाले अनि उहाँलाई पक्रिए। [५१]जब यस्तो भयो तब
येशूको साथमा भएका एकजना चेलाले आफ्नो हात

पसारेर तरवार झिक्यो। उसले प्रधान पूजाहारीको नोकरलाई हान्यो अनि कान चट्ट छिनाइदियो।

[५२]येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार त्यसकै ठाउँमा हाल। जसले तरवार चलाउँछ उसलाई तरवारले नै मार्दछ। [५३]तिमी यस्तो सोच्छौ कि मेरा पितालाई, मलाई सहायता गर्नुहोस् भनी म विन्ती गर्न सक्तिनँ अनि उहाँले स्वर्गदूतहरूका बाह्र पल्टन झट्टै पठाउनु हुन्न? [५४]तर त्यस अवस्थामा धर्मशास्त्रहरूमा लेखिएका कुरा कसरी पूर्ण हुनेछ? धर्मशास्त्रले भन्छ यो यस्तै हुनुपर्छ।"

[५५]तब येशूले सबै मानिसहरूलाई भन्नुभयो, "तिमीहरू मकहाँ तरवार र भालाहरू लिएर आयौ, मानौं म एक अपराधी हूँ। म प्रत्येक दिन मन्दिरमा बसेर सिकाइरहेको हुन्थे अनि तिमीहरूले मलाई त्यहाँ पक्रेनौ। [५६]तर यी सबै कुराहरू अगमवक्ताहरूले लेखे अनुसार पूर्ण हुनका निम्ति भयो।" त्यसपछि येशूको सबै चेलाहरू उहाँलाई एक्लो छोड़ेर भागे।

### येशू यहूदी प्रमुखहरूको अघि

*(मर्कूस १४:५३-६५; लूका २२:५४-५५, ६३-७१; यूहन्ना १८:१३-१४, १९-१४)*

[५७]जसले येशूलाई पक्रेको थियो येशूलाई प्रमुख पूजाहारी कैयाफाको घरमा पुऱ्याए। शास्त्रीहरू र बूढ़ा यहुदी अग्रजहरू त्यहाँ भेला भएका थिए। [५८]पत्रुसले येशूलाई पछ्याए, तर उ येशूको नजिक भएर होइन। जब येशूलाई प्रधान पूजाहारी कहाँ लगिँदै थियो पत्रुस प्रधान पूजाहारीको घरको आँगनसम्म आए। उनी त्यहाँ गएर पालेहरूको नजिकमा बसे। यी सबै कुराहरू कसरी अन्त हुनेछ भनी पत्रुस हेर्न चाहन्थे।

[५९]प्रधान पूजाहारीहरू र यहुदी नेताहरूको सम्पूर्ण महासभाले येशूको विरूद्धमा कुनै न कुनै झूँठो खोट देखाउने कोशिश गरे जसद्वारा तिनीहरू येशूलाई मार्न सक्थे। [६०]धेरै मानिसहरू आए अनि येशूको विरुद्ध झूँठा अभियोगहरू लगाए। तर महासभाले येशूलाई मार्नसकिने त्यस्तो कुनै अभियोग पाउन सकेनन्। तब दुइजना मानिस आएर भन्न लागे, [६१]"यो मानिसले भने 'म परमेश्वरको मन्दिर भत्काउन सक्छु अनि तीन दिनभित्र फेरि म यसलाई बनाइदिन सक्छु।'"

[६२]अनि प्रमुख पूजाहारीले उठेर येशूलाई भन्नलागे, "यी मानिसहरूले तपाईंको विरूद्धमा अभियोग ल्याएका छन्। के आफूमाथि लगाइएका आरोपहरूप्रति तपाईंको जवाफ केही छैन? के तिनीहरूले ठीकै भनेका हुन्?" [६३]येशूले केही भन्नु भएन।

तब प्रमुख पूजाहारीले येशूलाई भने, "अहिले तपाईं शपथमा हनु हुन्छ, जीवित परमेश्वरको नाउँमा हामीलाई सत्यकुरा भन्नु हवस भनी म तपाईंलाई आदेश गर्छु। हामीलाई भन्नुहोस् के तपाईं नै ख्रीष्ट, परमेश्वरको पुत्र हुनुहुन्छ?"

[६४]येशूले भन्नुभयो, "हो, म नै हुँ। तर म भन्दछु भविष्यमा तपाईंले मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि बसिरहेको अनि स्वर्गको बादलमा आउँदै गरेको देख्नु हुनेछ।"

[६५]प्रमुख पूजाहारीले जब यो कुरा सुने उनी खूबै क्रोधित भए। आफ्नै वस्त्र च्यात्दै उनले भन्न लागे, "यो मानिसले परमेश्वरको निन्दा गरेको हो! हामीलाई अरू बेसी प्रमाणको के खाँचो छ? तिमीहरू सबैले यिनले परमेश्वरको विरूद्धमा निन्दा गरेका सुन्यौ। [६६]तिमीहरूको के राय छ?"

यहूदीहरूले जवाफ दिए, "उनी दोषी छन् उनी मृत्यु दण्डको योग्यछन्।"

[६७]त्यसपछि मानिसहरूले येशूको मुखमा थुकिदिए। त्यसपछि तिनीहरूले उनलाई मुक्काले हिर्काए। कसै-कसैले येशूलाई झापट दिए। [६८]तिनीहरूले भने, "तिमी अगमवक्ता ख्रीष्ट हो भन्ने प्रमाण देखाउ! जसले तिमीलाई पिट्यो त्यो को हो?"

### येशूलाई चिन्दछु भन्न पत्रुस डराए

*(मर्कूस १४:६६-७२; लूका २२-५६-६२; यूहन्ना १८:१५-१८, २५-२७)*

[६९]त्यसबेला, पत्रुस आँगन बाहिर बसिरहेका थिए। एउटी नोकर्नी केटी पत्रुसकहाँ आइपुगी। त्यो केटीले भनी, "तिमी येशूसँगै थियौ, जो गालीलीबाट आउनुभएको थियो।"

[७०]तर पत्रुसले त्यहाँ उपस्थित भएका सबै मानिसहरूको अघि यो कुरालाई अस्वीकार गरे। उनले भने, "मैले केही बुझिन कि तिमीहरू के कुरा गरिरहेका छौ?"

[७१]त्यसपछि पत्रुसले त्यो ठाउँ छोड़े। ढोकामा अर्को केटीले तिनलाई देखी। त्यहाँ भएका मानिसहरूलाई त्यसले भनी, "यही मानिस नासरतको येशूसँग थियो।"

७२पत्रुसले फेरि अस्वीकार गऱ्यो। उनले भने, "परमेश्वरको नाउँमा शपथ खाएर भन्दछु कि यो मानिसको हो म चिन्दिनँ!"

७३केहीसमयपछि, केही उभिरहेका मानिसहरू पत्रुसकहाँ गए अनि भने, "हामी जान्दछौ कि तिनीहरू मध्ये तिमी एक येशूको चेला हौ। तिम्रो कुरा गराइले त्यो प्रमाण गर्छ।"

७४तब पत्रुसले धिक्कार्न लागे। दृढ़ भएर उनले भन्नलागे, "म परमेश्वरको नाउँमा शपथ खाएर भन्दछु कि यो मानिस को हो म चिन्दिनँ।" पत्रुसले यसो भन्ने वित्तिकै भाले बास्यो। ७५तब पत्रुसलाई येशूले भनेका कुराहरू सम्झना भयो: "भाले बास्न अघिनै मलाई तिमीले तीनपल्ट अस्वीकार गर्नेछौ।" त्यसपछि पत्रुस बाहिर गएर धुरूधुरू रोए।

### येशूलाई बड़ा हाकिम पिलातसकहाँ लगियो

*(मर्कूस १५:१; लूका २३:१-२; यूहन्ना १८:२८-३२)*

**२७** भोलिपल्ट बिहानै, सबै मुख्य पूजाहारीहरू र अग्रज प्रधानहरूले येशूलाई मार्न आपसमा सरसल्लाह गरे। २तिनीहरूले येशूलाई सांग्लोले बाँधे। त्यसपछि तिनलाई बड़ा हाकिम पिलातस कहाँ पुऱ्याए। तिनीहरूले येशूलाई पिलातसलाई सुम्पिदिए।

### यहूदाको आत्महत्या

*(प्रेरित १:१८-१९)*

३यहूदाले येशूलाई मृत्यु दण्ड दिएको बुझे। यहूदा एकजना थिए जसले येशूलाई विश्वासघात गरेका थिए। यहूदालाई यसमा अत्यन्त दु:ख लाग्यो अनि उसले ३० वटा चाँदीका सिक्का मुख्य पूजाहारीहरू अनि बुढ़ा यहूदी नेताहरू कहाँ फर्काइ दियो। ४यहूदाले भने, "मैले पाप गरें, मैले एकजना निर्दोष मानिसलाई मार्न ल्याएँ।"

यहूदी प्रमुखहरूले भने, "हामीलाई यसको वास्ता छैन। यो तिम्रो समस्या हो, हाम्रो होइन।"

५यसकारण यहूदाले चाँदीका जम्मै सिक्काहरू मन्दिरभित्र फालिदियो। त्यसपछि यहूदाले त्यो ठाउँ छाड्यो अनि आफै झुण्डिएर आत्महत्या गऱ्यो।

६मुख्य पूजाहारीले सिक्काहरू बटुले। तिनीहरूले भने, "कानून अनुसार यस्ता पैसाहरू मन्दिरको पैसासँग मिसाउनु हुँदैन, किनभने यो पैसा कसैको मृत्युको लागि दिइएको हो।" ७त्यसपछि तिनीहरूले ती सिक्काहरूबाट कुम्हालेको खेत किन्ने निश्चय गरे। यो जमीनलाई तिनीहरूले यरूशलेममा घुम्न आउँदा मरेकाहरूको लाश गाड्ने ठाउँ बनाउने मतो गरे। ८यसै कारणले आजसम्म त्यो खेतलाई रगतको जमीन भन्ने गरिन्छ। ९यसरी यस्तो हुनेछ भनेर यर्मिया अगमवक्ताले जे भनेका थिए सो पूर्ण भयो।

> "तिनीहरूले ३० वटा चाँदीका सिक्काहरू लिए। यहूदीहरूले त्यतिनै पैसा उहाँकै जीवनको लागि चुक्ता गर्ने निश्चय गरेका थिए। १०परमप्रभुले मलाई आदेश गर्नु भए झै तिनीहरूले ती ३० वटा सिक्काहरू कुम्हालेको जमीन किन्न चलाए।"*

### बड़ाहाकिम पिलातसद्धारा येशूलाई प्रश्नहरू

*(मर्कूस १५:२-५; लूका २३:३-५; यूहन्ना १८:३३-३८)*

११येशू बड़ा हाकिम पिलातसको अगाड़ि उभिनु भयो। पिलातसले उहाँलाई प्रश्न गरे। उनले सोधे, "के तिमी नै यहूदीहरूको राजा हौ?"

येशूले जवाफ दिनुभयो, "हो, म हुँ।"

१२जब मुख्य पूजाहारीहरू र अग्रज यहूदी प्रधानहरूले येशू विरुद्ध अभियोग लगाए, उहाँले कुनै उत्तर दिनु भएन।

१३अनि पिलातसले येशूलाई भने, "तिमीले तिमीमाथि लगाएका अभियोगहरू सुनेनौ। किन तिमीले उत्तर दिदैनौ?"

१४तर येशूले पिलातसलाई केही जवाफ दिनु अस्वीकार गर्नुभयो। यसमा पिलातस खूबै चकित भए।

### येशूलाई मुक्त गर्नु पिलातसको प्रचेष्टा असफल

*(मर्कूस १५:६-१५; लूका २३:१३-२५; यूहन्ना १८:३९-१९:१६)*

१५प्रत्येक वर्ष निस्तार चाडको समयमा बढ़ा हाकिमद्वारा थुनुवामा परेका एकजना जसलाई मानिसहरू मुक्त गर्न भनी चाहन्छन्, मुक्त गरिने गरिन्छ। १६त्यसबेला एकजना एकदमै दुष्ट कैदी थुनुवामा परेका थियो। त्यसको नाम येशू बरब्बा थियो। १७सबै मानिसहरू पिलातसकै घरमा थुप्रिएका थिए। पिलातसले मानिसहरूलाई भने, "तिमीहरूको लागि एकजना मानिसलाई मुक्त गरिनेछ। कुन मानिसलाई मैले मुक्त गरिदिएको चाहन्छौ: येशू बरब्बा, वा येशू

---

**"तिनीहरूले … किन्न चलाए"** जकरिया ११:१२-१३; यर्मिया ३२:६-९।

जसलाई ख्रीष्ट भनिन्छ!" १८पिलातस जान्दथे कि
मानिसहरूले नै इर्ष्याको कारणले येशूलाई तिनीकहाँ
सुम्पिएका हुन्।

१९जब तिनी न्यायकर्त्ताको कुर्सीमा बसेका थिए,
उनकी धर्मपत्नीले तिनलाई एउटा समाचार पठाइन्।
समाचार यस्तो थियो: "त्यो निर्दोष मानिसको विरुद्ध
केही नगर्नुहोस्। तिनको बारेमा आज राती मैले सपना
देखेकी छु। अनि जसले मलाई अत्यन्त विचलित
तुल्याएको छ।"

२०तर मुख्य पूजाहारीहरू र यहूदी अग्रजहरूले
बरब्बालाई मुक्त गरिदिनुपर्छ अनि येशूलाई मार्नुपर्छ भनी
विन्ती गर्नु भनी मानिसहरूलाई सुझाए।

२१पिलातसले भने, "बरब्बा र येशू मध्ये तिमीहरूको
लागि मैले कसलाई छोड़िदिनु पर्ने हो?"

मानिसहरूले उत्तर दिए, "बरब्बालाई मुक्त गरिदिनु
हवस्!"

२२पिलातसले सोधे, "त्यसो भए येशू जसलाई ख्रीष्ट
भनेर भनिन्छ? के गर्नुपर्ने?"

सबै मानिसहरूले भने, "उसलाई क्रूसमा झुण्ड्याएर
मार्नुपर्छ!"

२३पिलातसले सोधे, "किन? उसले के गल्ती गरेको
छ?" तर सबैले उच्च स्वरले कराएर भने, "उसलाई
क्रूसमा झुण्ड्याएर मार्नुपर्छ।"

२४पिलातसले देखे कि अब कसै गरेर पनि मानिसहरूको
निर्णय बद्लाउन सकिँदैन। अनि उनले यो पनि देखे कि
मानिसहरू उत्तेजित भइरहेका थिए अनि झन झन
जोड़ले कराउँदै थिए। पिलातसले सबैको अघि पानी
लिए अनि आफ्ना हातहरू धोई पखाले। त्यसपछि उनले
भने, "मलाई यो मानिसको मृत्युको निम्ति दोषी ठहऱ्याइने
छैन। दोष तिमीहरू माथि पर्नेछ।"

२५सबै मानिसहरूले उत्तर दिए, "हामी साथ साथै
हाम्रा छोरा छोरीहरू यो मानिसको मृत्युको भागी
हुनेछौं।" २६अन्तमा पिलातसले तिनीहरूका निम्ति
बरब्बालाई छोड़िदिए। पिलातसले केही सैनिकहरूलाई
येशूलाई कोर्रा लाउन लगाए। त्यसपछि उसले येशूलाई
क्रूसमा झुण्ड्याएर मार्नलाई तिनीहरूको हातमा सुम्पिदिए।

## पिलातसको सैनिकहरूद्वारा येशूको खिल्ली

*(मर्कूस १५:१६-२०; यूहन्ना १९:२-३)*

२७त्यसपछि पिलातसका सैनिकहरूले येशूलाई
बड़ाहाकिमको महलमा ल्याई पुऱ्याए। सबै सैनिकहरू
येशू वरिपरि भेला भए। २८तिनीहरूले येशूको लुगाफाटा
उतारिदिए अनि रातो वस्त्र लगाइदिए। २९तब तिनीहरूले
काँढ़ाको मुकुट बनाए अनि येशूको टाउकोमा पहिराइदिए।
अनि तिनीहरूले उहाँको दाहिने हातमा एउटा लठ्ठी
थमाइदिए। त्यसपछि ती सैनिकहरू येशूको अघि घुँड़ा
टेके अनि उनको खिल्ली उड़ाउन थाले। तिनीहरूले
भन्न लागे, "हे यहूदीहरूको राजा हामी तिमीलाई
सलाम गर्छौं।" ३०सैनिकहरूले येशूलाई थुकिदिए। अनि
उसको लठ्ठीले उनलाई नै टाउकामा चुट्न थाले। ३१जब
तिनीहरूले येशूको खिल्ली उड़ाइसके तब तिनीहरूले
उनको बस्त्र उतारिदिए अनि फेरि उनकै बस्त्र लगाइदिए
त्यसपछि येशूलाई झुण्ड्याएर मार्नलाई लिएर केही टाढा
गए।

## येशूलाई क्रूसमा झुण्ड्याइयो

*(मर्कूस १५:२१-३२; लूका २३:२६-४३; यूहन्ना १९:१७-२७)*

३२सैनिकहरू येशूलाई लिएर शहरदेखि बाहिर गइरहेका
थिए। सैनिकहरूले कुनै एउटा मानिसलाई जबरजस्ती
गरेर येशूकोलागि क्रूस ल्याउन लगाए। सिरिनमा बस्ने
त्यो मानिसको नाम शिमोन थियो। ३३तिनीहरू गलगथा
भन्ने ठाउँमा आइपुगे। (गलगथाको अर्थ "खप्परे ठाँउ"
हो)। ३४जब तिनीहरू गलगथामा पुगे सैनिकहरूले
येशूलाई दाखरस पिउन दिए। यो दाखरससित पित्त
मिसाइएको थियो। येशूले यसलाई चाख्नु भयो तर पिउन
अस्वीकार गनुभयो। ३५तब सैनिकहरूले येशूलाई क्रूसमा
टँगाए। त्यसपछि सैनिकहरूले येशूको लुगाफाटा पाउनलाई
आफूमाझ बाढ़नलाई चिट्ठा गरे। ३६तिनीहरू त्यहाँ वसे
रखवाली गरे येशूको। ३७तिनीहरूले येशूको विरूद्धमा
लेखिएको एउटा दोष-पत्रलाई उहाँको टाउकोमाथि
राखिदिए। यो पत्रमा लेखिएको थियो: **"यी यहूदीहरूका
राजा येशू हुन्।"** ३८येशूसँगै दुइजना डाकूहरूलाई पनि
क्रुसमा झुण्ड्याइएको थियो। एउटा डाकूलाई येशूको
दहिनेपट्टि र अर्को डाकूलाई उहाँको देब्रेपट्टि झुण्ड्याइए
को थियो। ३९आउने जाने मानिसहरूले येशूलाई निन्दा
गर्थे मानिसहरूले टाउँको हल्लाएर निन्दा गर्दथे अनि
भन्दथे ४०"तिमीले नै भनेका हौ" मन्दिर भत्काउ अनि
म तीनदिन भित्रमा मन्दिर फेरि बनाइदिन्छु। अब
आफूलाई बचाऊ! त्यो क्रूसबाट ओर्ल, यदि तिमी साँच्चै
परमेश्वरको पुत्र हौ भने!"

४१मुख्य पूजाहारीहरू, शास्त्रीहरू, र अग्रज यहूदी प्रधानहरू पनि त्यहीँ थिए। ती मानिसहरूले पनि येशूको खिल्ली उड़ाउन थाले। ४२तिनीहरूले भने, “उनले अरूलाई बचाएका छन्। तर आफैलाई उनले बँचाउन सकेनन्। मानिसहरूका अनुसार उनी नै इस्राएलका राजा हुन्। यदि उनी नै इस्राएलका राजा हुन भने, अब उनलाई क्रूसबाट ओर्लनु देऊ। त्यसपछि हामी उनलाई विश्वास गर्नेछौं। ४३उनले परमेश्वरमाथि विश्वास राखे। यसकारण अब परमेश्वरले नै उनलाई बचाऊन्, यदि परमेश्वरले इच्छा गर्नु हुन्छ भने। उहाँ आफैले भन्नु भएको छ, म नै परमेश्वरको पुत्र हुँ।” ४४अनि त्यस्तै प्रकारले येशूको छेउमा टांगिएका डाकूले पनि उहाँका निन्दा गरे।

## येशूको मृत्यु

*(मर्कूस १५:३३-४१; लूका २३:४४-४६; यूहन्ना १९:२८-३०)*

४५ठीक दिउँसो बाह्र बजे सम्पूर्ण देशमा नै अँध्यारो छायो। यस्तो अन्धकार प्राय: तीन घण्टा सम्म भइरहयो। ४६प्राय: ३ बजे तिर येशू ठूलो स्वरमा कराउनु भयो, “एली, एली, लामा सबकथानी?” यसको अर्थ, “मेरा परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन एक्लै छाड्नु भयो?”*

४७छेउमा उभिरहेका केही मानिसहरूले यी सबै सुने। अनि भने, “उहाँले एलियालाई बोलाउनु हुँदैछ।”

४८एक्कासि तिनीहरूमध्ये एक जनाले झट्टै दगुरेर गई एउटा स्पञ्ज लिएर आयो। त्यसले त्यो स्पञ्ज सिर्कामा भरेर एउटा लट्ठीमा बाँधेर राखेको थियो। अनि उसले येशूलाई पिउन दिनका निम्ति स्पञ्ज उठाउन त्यसको उपयोग गरे। ४९तर अरू मानिसहरूले भने, “हामी पर्खौं अनि हेरौं उहाँलाई बँचाउन एलिया आउने हुन् कि होइनन्।”

५०येशू फेरि एक पल्ट ठूलो स्वरमा चिच्याउनु भयो। अनि प्राण त्याग्नु भयो।

५१जब येशू मर्नु भयो, मन्दिरको पर्दा आफै दुई टुक्रा भएर च्यातियो। त्यो टुप्पादेखि फेदसम्म वार पार च्यातियो। एकाएक भौँचालो गयो अनि चट्टानहरू फाटे। ५२चिहानहरू उघ्रिए, अनि परमेश्वरका मरिसकेका धेरै मानिसहरू चिहानबाट बौरी उठे। ५३जब येशू बौरी उठनुभए पछि, ती मानिसहरू जो चिहानबाट बौरी उठेका थिए पवित्र नगर भित्र गए अनि धेरैले तिनीहरूलाई देखे।

५४सेनाका अधिकारी अनि सैनिकहरू जसले येशूको रक्षा गरिरहेका थिए तिनीहरूले भुँइचालो गएको र अरू विघ्न घटेको अनुभव गरे। तिनीहरू खूबै भयभीत भए अनि भने, “साँच्चै नै उहाँनै प्रमेश्वरको पुत्र हुनुहुन्थ्यो।”

५५क्रूस देखि धेरै टाढा बसेर धेरै आईमाईहरूले हेरिरहेका थिए। ती आईमाईहरूनै गालीलीदेखि येशूको साथ उनको देखरेख गर्न आएका थिए। ५६मरियम मग्दलिनी, याकूब र यूसुफकी आमा मरियम अनि जब्दीका छोराहरूकी आमा ती स्त्रीहरू मध्ये थिए।

## येशूलाई गाडियो

*(मर्कूस १५:४२-४७; लूका २३:५०-५६; यूहन्ना १९:३८-४२)*

५७त्यसै बेलुकी यूसुफ नाम गरेको एकजना धनी मानिस यरूशलेममा आए। अरिमिथिया नगरमा बस्ने उनी येशूकै एकजना चेला भएका थिए। ५८यूसुफ पिलातसको सामु आए अनि येशूको लाशको निम्ति तिनलाई विन्ती गरे। पिलातसले आफ्ना सैनिकहरूलाई यूसुफलाई त्यो लाश दिनु भन्ने आदेश गरे। ५९त्यसपछि यूसुफले त्यो लाश लिए अनि एउटा पातलो लुगाले बेह्रे। ६०यूसुफले येशूको त्यो लाशलाई एउटा नयाँ चिहानमा राखे जसलाई उनी आफैले भर्खरै चट्टानमा खोपी बनाएका थिए। तब उनले चिहानको ढोका एकदमै ठूलो ढुङ्गा लडाउँदै ल्याएर बन्द गरिदिए। यति गरेपछि यूसुफ आफ्नो बाटो लागे। ६१मरियम मग्दलिनी, अनि मरियम नाम गरेकी अर्को आईमाई पनि चिहानको अर्को पट्टि बसिरहेका थिए।

## येशूको चिहानमा पहरा

६२त्यस दिनलाई तयारीको दिन भनिन्थ्यो। भोलिपल्ट, मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ पुगे। ६३तिनीहरूले भने, “स्वामी, हामीलाई थाहा छ कि त्यस ठगाहाले त्यो जिउँदो छँदा ‘तीन दिनपछि म फेरि बौरी उठ्नेछु’ भनेको थियो।’ ६४यसकारण तीन दिनसम्म त्यो चिहानमा पहरा दिने आदेश पालेहरूलाई दिनुहोस्। उसको चेलाहरू आएर त्यहाँबाट उसको लाश चोरेर लैजान सक्छन्। अनि तिनीहरूले मानिसहरूलाई ‘तिनी

---

**“मेरा … छाड्नु भयो?”** भजनसंग्रह २२:१।

मरेकोबाट जागे' भन्नसक्छन्। यसपल्टको धोका पहिलेको भन्दा धेरै भयानक हुनसक्छ।"

[६५]पिलातसले भने, "केही सैनिकहरूलाई लिएर जाऊ अनि आफूले सकेसम्म चिहानलाई सुरक्षित राख।" [६६]यसकारण तिनीहरू त्यहाँ गए अनि ढुङ्गाले बन्द गरेर मोहर लगाए अनि पालेहरू खटाएर चिहानलाई सुरक्षित बनाए।

## येशू बौरी उठेको समाचार

*(मर्कूस १६:१-८; लूका २४:१-१२; यूहन्ना २०:१-१०)*

**२८** शबाथको पछिल्लो दिन सप्ताहको पहिलो दिन थियो। पहिलो दिनको भुक्भुके उज्यालो बेलामा मरियम मग्दलिनी र मरियम नाम गरेकी अर्की आईमाई चिहान हेर्न गए।

[२]त्यसबेला त्यहाँ ठूलो भौँचालो गयो। स्वर्गबाट प्रभुको एउटा दूत तल तिर ओर्ले। त्यो स्वर्गदूत चिहानतर्फ गए अनि चिहानको ढुङ्गालाई पल्टाएर पर सारे। त्यसपछि उनी त्यसमथि बसे। [३]ती स्वर्गदूत बिजुली जस्तै चम्किला थिए। उनको लुगाफाटा हिउँ जस्तो सेतो थियो। [४]ती स्वर्गदूतलाई देखेर सैनिकहरू डरले कामे अनि मृतप्राय: भएर लड़े।

[५]त्यो स्वर्गदूतले आईमाईहरूलाई भने, "तिमीहरू डराउनु पर्दैन। म जान्दछु तिमीहरू येशूलाई खोजिरहेका छौ, जसलाई क्रूसमा झुण्ड्याएर मारिएको थियो। [६]तर येशू यहाँ हुनु हुन्न। उहाँ मृत्युबाट बौरी उठनु भएको छ, उहाँले अघि भने जस्तै। आऊ अनि त्यो स्थान हेर जहाँ उहाँको शरीर राखिएको थियो। [७]अनि झट्टै अब गएर उहाँका चेलाहरूलाई भनिदेऊ। तिनीहरूलाई भन, 'येशू पुनर्जीवित हुनु भएको छ। उहाँ गालीली जानुहुन्छ। त्यहाँ तिमीहरूको अघि नै उहाँ पुग्नु हुनेछ। त्यहाँनै उहाँलाई तिमीहरूले देख्न पाउनेछौ।'" फेरि ती स्वर्गदूतले भने, "मैले तिमीहरूलाई अहिल्यै भनेको छु।"

[८]त्यसपछि ती आईमाईहरू त्यो चिहान छोड़ेर गए। तिनीहरू डराए, तर खुशी पनि भए। तिनीहरू उहाँका चेलाहरूलाई त्यहाँ भएको घटनाहरू सुनाउन दगुरे। [९]तर जब ती आईमाईहरू उहाँका चेलाहरूलाई भन्न दगुर्दै थिए, येशू तिनीहरूकै अघि उभिरहेको हुनुहुन्थ्यो। येशूले भन्नुभयो, "अभिवादन छ!" आईमाईहरू येशुकहाँ गए। तिनीहरूले झट्ट उहाँको पाउ पक्रेर उहाँलाई उपासना गरे। [१०]अनि येशूले तिनीहरूलाई भन्नुभयो, "डराउनु पर्दैन। जाऊ अनि मेरा भाइहरूलाई गालीलीमा जान भनिदेऊ। तिनीहरूले मलाई त्यहाँ देख्न पाउनेछन्।"

## यहूदी प्रमुखहरूलाई सूचना

[११]तिनीहरू त्यहाँ उहाँका चेलाहरूलाई भन्न हिँड़े। केही समय पछि चिहानलाई पहरा दिइरहेका सैनिकहरू शहरमा गए। तिनीहरू प्रमुख पूजाहारीहरू कहाँ गए अनि तिनीहरूलाई सम्पूर्ण घटना बारे सुनाए। [१२]तब मुख्य पूजाहारीहरू अनि अग्रज यहुदी भेटे अनि सर-सल्लाह गरे। तिनीहरूले सैनिकहरूलाई घुस दिने योजना मिलाए। [१३]तिनीहरूले सैनिकहरूलाई भने, "मानिसहरूलाई भन्नू कि राती हामी निदाइरहेको बेला येशूका चेलाहरू आएर उहाँको मृतदेह लिएर गए। [१४]कतै बड़ा हाकिमको कानमा यो खबर पुग्यो भने हामी उहाँलाई मनाएर तिमीहरूलाई कुनै पनि अप्ठेरोबाट मुक्त गर्नेछौं।" [१५]तब तिनीहरूले सो पैसा लिए अनि पूजाहारीहरूले भने बमोजिम काम गरे। तिनीहरूका कथा यहूदीहरू माझ फैलिए अनि तिनीहरू माझ अहिले सम्म प्रचलित छ।

## येशूको आफ्ना चेलाहरूसँग कुराकानी

*(मर्कूस १६:१४-१८; लूका २४:३६-४९; यूहन्ना २०:१९-२३; प्रेरित १:६-८)*

[१६]एघाहरजना चेलाहरू गालिली गए। [१७]तिनीहरू येशूले भन्नुभएको डाँड़ामा पुगे। चेलाहरूले येशूलाई पर्वतमाथि देखे। तिनीहरूले येशूको उपासना गरे। तर केही चेलाहरूमा शंका थियो। [१८]येशूले तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीका सारा अधिकार मलाई दिइएको छ। [१९]यसकारण जाऊ अनि सबै राष्ट्रका मानिसहरूलाई मेरा चेलाहरू बनाओ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माका नाममा बप्तिस्मा देऊ। [२०]जे जे मैले तिमीहरूलाई आज्ञा गरे ती सबै पालन गर्न तिनीहरूलाई सिकाऊ। अनि संसारको अन्तसम्म म सदैव तिमीहरूको साथमा हुनेछु।"

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html